कसरी शुरु भयो, भारतमा नक्सलवादी आन्दोलन ?

# मूल्याङ्कन

मूल्य रु. १५।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ३०, साउन, २०५२

विचार अन्तर्क्रिया कार्यक्रमको रिपोर्ट

**नेपालमा भूमिसुधार किन र कसरी गर्ने ?**

- क.मोहन विक्रम सिंह
- महेशचन्द्र रेग्मी
- जगन्नाथ आचार्य
- दिपेन्द्र क्षेत्री
- डा. बद्री प्रसाद श्रेष्ठ
- रामबहादुर के. सी.
- डा. कैलाश प्याकुरेल
- अग्नि खरेल
- डा. बाबुराम भट्टराई
- पार्थिवेश्वर तिमिल्सिना

का गहकिला विचारहरु



## सि. पी. मन्त्रीबाट बर्खास्त के हुन सक्छ यसको परिणाम ?

सर्वोच्चमा सातवटा रीट

## के प्रधानमन्त्रीको सिफारिश बदर हुन सक्छ ?

विशेष अन्तर्वार्ताका रुपमा

महान्यायाधिवक्ता सर्वज्ञरत्नका विचारहरु

साथमा: ख्यातीप्राप्त कानूनविदहरुका सनसनीखेज विचारहरु

# सर्वश्रेष्ठ DAEWOO COLOR TV




**CLEAR PICTURE**
**CLEAR SOUND**
**CLEAR** *CHOICE*

## DAEWOO
### HIGH TECHNOLOGY COLOR TV

- Only TV in Nepal with **SUPERVISION - S** technology to give you crystal clear picture.
- Multisystem
- 30" - months guarantee
- New Total Control (including auto search) remote control
- Woofer - type double speakers
- Automatic switch - off if no programme / telecast
- plus many more additional features.

Globe Organisation

Classic

**Him Electronics P. Ltd.**




राष्ट्र निर्माण गर्न ब्यापक
जनसहभागिता जुटाऔं !
सुन्दर देश बनाउन
'आफ्नो गाउँ आफैं बनाऔं' !!
*यो कार्यक्रम सफल पारौं !*

जिल्ला विकास समिति
धनकुटा

**प्रगतिशील पुस्तक-पत्रिकाको एकमात्र पसल**



रूस, चीन, भारत, नेपाल लगायत विश्वकै वामपन्थी साहित्य सम्बन्धी पुस्तक एवं पत्रिकाहरूका लागि सम्पर्क राख्नु होस्

*हामी नेपाली तथा विदेशी पुस्तक-पत्रिकाहरू काठमाडौं बाहिर पनि वितरण गर्छौं ।*

**पुस्तक पत्रपत्रिका बिक्री तथा वितरण केन्द्र प्रा. लि.**
डिल्लीबजार उकालो, काठमाडौं, फोन: ४२१०७५

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १३ पूर्णाङ्क ३०
२०५२, साउन

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल

**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का

**कार्यालय व्यवस्थापन तथा लेखा**
वीरप्रसाद भंसारी

**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का


अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

सम्पर्क कार्यालय
"मूल्याङ्कन" मासिक
अन्तर्क्रिया प्रकाशन प्रा.लि.
न्हूसाल, भ्वोछें, ख- २,२३७
काठमाडौं-२३
फोनः २३३ ५६३
पो. ब. नं. ७०५०, काठमाडौं




आवरण कथा

## के प्रधानमन्त्रीको सिफारीश बदर हुनसक्छ ?



**यो मुद्दामा विपक्षीहरू सफल हुने छैनन् !**
महान्यायाधिवक्ता सर्वज्ञरत्न तुलाधरसंग लामो कुराकानी

**बेलायतमा अविश्वासको प्रस्ताव पास भएपछि पनि संसद भंग गर्ने परम्परा छ**
वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्तको विचारोत्तेजक अन्तर्वार्ता
*अधिवक्ता अग्नि खरेलका लिपिबद्ध विचारहरू*



**क. सी.पी. मैनालीलाई मन्त्रीपदबाट बर्खास्तः के हुन्छ यसको परिणाम ?** ८
पार्टीभित्र बहुमतको दमन, भेदभाव र सर्वसत्तावाद बन्द होस्, पार्टी-एकता स्वतः मजबूत हुने छ !
मैले लगातार अपमान सहेको कारणले नै पार्टी एकता टिकिरहेको छ : *क. सी.पी. मैनालीसंग कुराकानी*

**नेपालमा भूमिसुधार के का लागि र कसरी गरिनुपर्छ ?**
*प्रसिद्ध राजनेताहरू, अर्थविद्हरू, भूमिविद्हरू र कानूनविद्हरू के भन्छन् ?* ३२
अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट

**नक्सलवादी आन्दोलन किन र कसरी शुरुभयो ?**



भारतका प्रसिद्ध वामपन्थी लेखक कंचनकुमारद्वारा ऐतिहासिक तथ्यसहितको विश्लेषण
साथमा नक्सलवादका प्रणेता क. चारू मजुमदारको जीवनी १५

**चे ग्वेभारा कसरी क्रान्तिकारी हुनुभयो ?**



*म अर्जेन्टिनामा जन्में, क्यूबामा लडें र ग्वाटेमालामा क्रान्तिकारी बनें*
विश्व क्रान्ति योद्धा चे ग्वेभाराको धारावाहिक जीवनी २१

❑ **हाम्रो मूल्यांकन** ४
हारहालतमा एकता, हरतरहले एकता !
के वामपन्थीहरूले यो बुद्धिमानी देखाउलान् ?

❑ **घटना र प्रवृत्ति** १२
के यो बजेटले गरीबदेखि लिएर धनीलाईसमेत खुशी पार्न खोजेको छ ?

❑ **नीति र संस्कृति** २४
कसरी राजतन्त्र जीवित छ, हाम्रो रगत-रगतमा ? -शुशील कर्माचार्य

❑ **साहित्य/कथा** २७
अलग अलग ठाउँमा बसेका गुन्जनमानहरू -हरिगोविन्द लुईंटेल

❑ **पर्दा/रंगमंच** ३१
चलचित्र 'नाता' : राम्रो फर्मुला-शैलीको फिल्म -राजेन्द्र अधिकारी

❑ **यात्रा अनुभव** २६
अष्ट्रेलियामा पनि पूरै खुला बजार अर्थतन्त्र रहेनछ -स्नेह सायमि

❑ **विज्ञान/प्रविधि** ४०
एबोला भाइरसको महामारी के नेपालमा पनि हुन सक्छ ? - डा. नारायण पोखरेल

❑ **पाठकको प्रश्न:नेताको उत्तर** ४१

❑ **पाठकको कुरो** ४२


आवरण फोटोः प्रधान न्यायाधीश विश्वनाथ उपाध्याय र महान्यायाधिवक्ता सर्वज्ञरत्न तुलाधर/फोटोग्राफर उषा/आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार

# हरहालतमा एकता, हरतरहले एकता

## के यो बुद्धिमानी वामपन्थीहरुले देखाउन सक्लान् ?

सर्वोच्च अदालतले अन्यथा फैसला गरेनभने अव मंसिर ७ गते मध्यावधि चुनाव हुँदैछ । देश मध्यावधिको लागि तयार थिएन, भौतिक र मानसिक दुवै रुपले । तर स्वार्थी र नैतिकताविहीन राजनेताहरुको फोहोरी गोटीचालले गर्दा मध्यावधि नेपाली जनताले व्यहोर्नै पर्ने भएको छ- गरीब जनताले काला व्यपारीहरुवाट महंगी व्यहोर्नु परे जस्तो ।

देशको ढुकुटीमा फेरि "लखनऊ लूट" मच्चाउन र चुसाहाहरुको न्यानो विहानी ल्याउन प्रतिक्रियावादीहरु यो चुनावमा एक हुँदैछन् । पहिले नमिलेकाहरु पनि मिल्दैछन् । फुटिसकेकाहरु पनि एकजूट हुँदैछन् । वाहिर निक्लिसकेकाहरु पनि पछिल्तिरको ढोकावाट भित्र पस्दैछन् । सर्वोच्चको मुद्दासमेत उनीहरु संगैमिलेर लड्दैछन् ।

तर वामपन्थीहरुमा भने अहिले फुटको मेलोमेसो चलेको छ । केही थरीले शुद्ध शुद्ध जतिमात्र मिल्ने, अशुद्धहरुलाई पानी बाराबार गर्ने विचार अघि सारेका छन् । अर्का थरीले आफूवीच कुनै ठूलो सैद्धान्तिक विभेद नहुँदानहुदै पनि यतिखेरै पाँर्टी फोड्ने मेलो शुरु गरेकाछन् - भिन्न विचारलाई कूचोले वढारेर पठाउने वा अराजक हुने प्रक्रिया समातेर । तेस्रो थरीले आफ्ना कार्यकर्ताले र समर्थक जनताले राप्रपा र काग्रेसलाई भोट दिने स्थिति पोहोरको चुनावले देखाउँदादेखाउँदै पनि वहिस्कारको वाटो समातेका छन् । यो वामपन्थी वीचको फूटको स्थिति प्रतिक्रियावादीहरुको निम्ति खसी काटेर भोज खाने अवसर बनेको छ ।

प्रतिक्रियावादीहरु एकढिका हुनलागेको यो बेलामा वामपन्थी शक्तिले त खुँखार प्रतिक्रियावादीहरुवाहेक वाँकी सवै देशभक्त र प्रजातन्त्रवादी शक्तिलाईसमेत एकढिका पार्न पहल गर्नुपर्ने हो । पहल गर्‍योभने त्यस्तो गर्न सकिने स्थिति पनि विद्यमान छ । वामपन्थीहरु र तमाम देशभक्त र प्रजातान्त्रिक शक्तिहरु एकढिका हुने होभने प्रतिक्रियावादी शक्तिलाई जतासुकै परास्त गर्न सकिने स्थिति देशमा विद्यमान छ- चुनावी संघर्षमा पनि र गैरचुनावी संघर्षमा पनि । यस्तो एकता नै अहिलेको प्रमुख खाँचो हो ।

तर यसको लागि जरुरत हुन्छ- समाजमुखी चिन्तन,बस्तुवादी दृष्टिकोण र फराकिलो छातीको । आफ्नो स्वार्थलाई मात्र धुरी बनाउने चिन्तन, ठूलो शक्ति अहंकार वा अबस्तुवादी माग गर्ने प्रवृति र साँघुरो चित्तले यस्तो एकता हासिल गर्न असंभव छ । विगतमा यही कारणले वाम-एकता हुननसक्दा देशले अहिले यत्ति छिटै मध्यावधि भोग्नु पर्‍यो । दुवैपटक स्पष्ट वहुमतसहितको वाम- सरकार बन्नसक्ने संभावना देख्दादेख्दै तुहियो । त्यस अनुभववाट यसपल्ट पाठ सिक्नु जरुरी भएको छ । विगतका गलत प्रवृतिहरुलाई यसपटक बाइबाइ गर्नु जरुरी भएकोछ ।

*हर हालतमा एकता, हर तरहले एकता*- यतिखेरको प्रमुख आवश्यकता भएको छ । वामपन्थीहरुले कुनवेला को कोसित एकता गर्ने भन्ने कुरा जनताको मुख्य शत्रु हेरेर तय गर्नु पर्छ । त्यो नै बुद्धिमानी हो र सही दाउपेच पनि हो । के एकताबद्ध हुन लागेका जनताका मुख्य शत्रुहरुलाई हेरेर नेपालका वामपन्थीहरुले अहिले यो वुद्धिमानी र सही दाउपेच प्रदर्शित गर्न सक्लान् ? देश अहिले त्यसैको प्रतीक्षामा छ ।



# सी.पी. मैनाली मंत्रीबाट बर्खास्त

## के हुनसक्छ यसको परिणाम ?

स्थानीय विकास तथा आपूर्ति मंत्री क. चन्द्रप्रकाश मैनालीलाई एक्कासी प्रम मनमोहन अधिकारीको सिफारीशमा मंत्री पदबाट हटाइएको घोषणा राजाद्वारा भयो । यो खबरले देशब्यापी रुपमा सनसनी मच्चायो । एमाले अब फुट्ने भयो भनेर प्रतिक्रियावादीहरु सारै रमाए भने यो घटनाले आमरुपमा र अझ चुनावको मुखैमा प्रतिगामी तत्वलाई फाइदा पुग्ने भयो भनेर वाम-समर्थकहरु निकै चिन्तित भएको पनि देखियो । वाम खेमामै संशोधनवादी पार्टी फुट्नु फाइदाजनक कुरा हो भनेर रमाउनेहरु पनि एकथरी देखियो ।

**वास्तवमा किन घट्यो यो घटना ? यस घटनाबारे क. सी.पी. मैनालीको आफ्नै भनाइ के छ ? के गर्दै हुनुहुन्छ सी.पी., मंत्रीबाट हटाइएपछि ? के एमाले पार्टी फुट्दैछ ? यस्तो घटना घट्नुको चूरो कारण के हो ?-**

**यी यस्ता जिज्ञासालाई ध्यानमा राखी मूल्याङ्कनले क. सी.पी. मैनालीसित लिएको लामो अन्तर्वार्ताको सारसंक्षेपमा यहाँ प्रस्तुत छ- *-मूल्याङ्कन***

---

**मूल्याङ्कन- तपाईलाई अहिले भर्खरै जुन मंत्री पदबाट हटाउने कार्य भयो, त्यसको असली कारण के हो ?**

सी.पी.- हुन त यहाँ संसदीय मूल्य मान्यता तोडिनाले यस्तो गरियो भन्ने कुरा आएकाछन् । तर असलमा यो राजनीतिक समस्या हो । राजनीतिक कारणले नै मलाई हटाउने काम भएको हो । विशेषतः पाँचौं महाधिवेशनअघि जसजस्ले बहुमतको राजनीतिक सोचसित मतभिन्नता राखे, उनीहरुलाई पार्टी नेतृत्वले पन्छ्याउने, हटाउने, उपेक्षा गर्ने, कमजोर बनाउने, शक्तिहीन पार्ने काम गर्दै आएको हो । त्यही प्रक्रियाको उच्चतम रुप अहिलेको मेरो मंत्री पद खोसिएको घटना हो । संसदीय मूल्य मान्यताको आवरणले यो घटनालाई ढाक्न खोजिंदैछ । तर वास्तविकता त्यो होइन । असली कारण राजनीतिक मतभिन्नता हो ।

**मूल्याङ्कन- तपाई एकजना पार्टीको जिम्मेवार मंत्री भएर पनि क्याबिनेटमा निर्णय नै नगराई अनुगमन समिति बनाउनुभयो र प्रधानमंत्रीको आदेशको समेत पर्वाह गर्नु भएन भन्ने आरोप छ नि ?**

सी.पी.- जहाँसम्म स्थानीय विकास मन्त्रालयको कुरा छ, "आफ्नो गाउँ आफैं बनाऔं" कार्यक्रमको कार्यक्रम-कार्यान्वयन-निर्देशिका क्याबिनेटको निर्णयअनुसार पास भएको छ । त्यही निर्देशिकामा स्थानीय विकास मंत्रीको अध्यक्षतामा केन्द्रिय तहमा र पाँचै विकास क्षेत्रमा अनुगमन समिति बनाउने कुरा ब्यवस्थित गरिएको छ । त्यसैले, अनुगमन समितिको सिद्धान्त बकाइदा क्याबिनेटबाट पास भएको कुरा हो । स्थानीय विकास मंत्री अर्थात् मेरो अध्यक्षताभा केन्द्रिय अनुगमन समिति बनाउने प्रस्ताव तयार भयो । मैले त्यो प्रस्ताव प्रधानमंत्रीज्यूलाई पेश गरें । "त्यो तपाईंको मन्त्रालयभित्रको काम होभने तपाईंले गुणदोषको जिम्मेवारी आफैंले लिएर कार्यान्वयन गर्नुहोस्" भन्नुभयो । मैले प्रधानमंत्रीको स्वीकृति पाएपछि केन्द्रिय अनुगमन

टाइप सेटिंगः माइक्रोचिप्स कम्प्युटर सर्भिस, बागबजार । मुद्रकः इन्द्रेणी अफसेट प्रेस, बागबजार फोनः २२५९५४

# आफ्नो बर्खास्तबारे सी.पी. मैनाली के भन्नुहुन्छ ?

समिति बनाएँ र काम शुरु गरें ।

विवाद तब शुरु भयो, जब मैले अनुगमन समितिको बजेट पास गर्न क्याबिनेटमा प्रस्ताव राखें । अनुगमन समितिको आवश्यकता, उपादेयता, यसको कार्याधिकारहरु सबैबारे मैले क्याबिनेटलाई प्रष्ट पारें । यसमा राखिएका मानिसहरु क्याबिनेटलाई चित्त बुझ्दैन भने तिनलाई फेरौं, अर्को मान्छे राखौं, तर अनुगमन समिति आवश्यक छ, त्यसलाई भंग नगरौं भनेर मैले लाखबार अनुरोध गरें । तर क्याबिनेटले मेरो अनुरोध स्वीकारेन । पार्टीले मसित स्पष्टीकरण माग्यो । मैले त्यो पनि दिएँ । तर फेरि पार्टीले यसबारे दोहोरो बातचित गरेन । बरु उल्टो पार्टीको संगठन विभागले पार्टीको तल्लो तहसम्म सर्कुलर जारी गरेको पाइयो- अनुगमन समितिमा अनैतिक, भ्रष्ट, अनुशासनहीन मानिस भएकाले त्यसबाट पार्टीका मानिसले राजिनामा दिनु भने । तर कसैले पनि त्यो निर्देशन पालना गरेन । त्यसपछि पार्टीको स्थायी समितिमा र केन्द्रिय समितिमा कुरो उठ्यो । मैले त्यहाँ आफ्नो "नोट अफ डिसेण्ट" लेखें, किनकि दुवैको बैठकले मेरो अनुरोध इन्कार गरेको थियो ।


तर जेठ २० गते खड्ग ओलीले क्याबिनेटमा अनुगमन समिति भंग गर्ने प्रस्ताव राख्नुभयो र, त्यो पारित भयो । मैले त्यसलाई आफ्नो मन्त्रालयमा कार्यान्वयन पनि गरें, तथापि अनुगमन कार्य जरुरी थियो । तसर्थ तिनै मान्छेलाई अनुगमन कार्य जारी राख्न भन्दै फेरि मैले अर्को प्रस्ताव क्याबिनेटमा लगें । तर त्यो स्वीकार गरिएन । असार २ गते अनुगमन समिति भंग भएको सूचना मंत्रिपरिषद् सचिवालयबाट जारी गरियो ।

यसबाट अनुगमन समिति राख्ने मेरा सारा प्रयत्नहरु विफल भए । मैले क्याबिनेटको निर्णय पालना गर्नुसिवाय मसित अर्को विकल्प थिएन । मैले त्यो पालना गरें पनि । तसर्थ वास्तविकता यो हो । यहाँ कहाँनेर कसरी देखिन्छ कि मैले क्याबिनेटलाई सोद्धै नसोधी अनुगमन समिति बनाएँ ?

**मूल्याङ्कन- जसको बजेट क्याबिनेटले पास गर्नुपर्छ, त्यो बजेट खाने मान्छे को को भन्ने कुरा पनि त क्याबिनेटले पास गर्नुपर्छ भनिँदैछ नि ? नत्र किन तपाईले अनुगमन समितिको सिद्धान्त पास भएपछि पनि बजेट स्वीकृतिको लागि क्याबिनेटमा लानु भयो त ?**

**मैले अपमान सहन अस्वीकार गर्ने वित्तिकै यो कथित एकता कायम रहन सक्तैन ।**

**पार्टीभित्र बहुमतको दमन, भेदभाव र सर्वसत्तावाद वन्द होस-, पार्टी एकता स्वतः मजबुत हुनेछ**



सी.पी.- पहिलो कुरो त "आगाआब" कार्यक्रमको निर्देशिकाले नै अनुगमन समिति बनाउनु पर्ने व्यवस्था गरेको छ र त्यो निर्देशिका क्याबिनेटबाट पास भएको छ । मैले त त्यही निर्देशिकालाई कार्यान्वयनसम्म गरेको हुँ । मूल सिद्धान्त क्याबिनेटले पास गरिसकेपछि हरेक सानो सानो प्राविधिक कुरा पनि क्याबिनेटलाई सोधी राख्नु जरुरी र संभव हुन्छ ? यो कुरो मैले बुझी राखेको छैन ।

फेरि क्याबिनेटको नेता त प्रधानमंत्री हो, मैले अनुगमन समितिको प्रस्ताव उहाँसमक्ष राखेर स्वीकृति गराएको छु । संसदीय व्यवस्थामा त्यसको सर्वोच्च व्यक्ति प्रधानमंत्रीलाई नै सोधिसकेपछि भैले अरु कसलाई सोध्नुपर्छ ?

त्यसैले क्याबिनेट परंपरालाई मैले पालना गरेको छु । तर यो कस्तो क्याबिनेट हो, जसमा प्रधानमंत्रीले स्वीकृति दिइसकेपछि फेरि अरुको स्वीकृति चाहिन्छ ? संसदीय व्यवस्थामा प्रधानमंत्री सर्वेसर्वा हुन्छ भनेर ढिंढौरा पिट्ने पनि यिनीहरु, फेरि त्यही सर्वेसर्वा प्रधानमंत्रीको स्वीकृतिलाई लत्याएर क्याबिनेट निर्णय गर्ने पनि यिनीहरु नै ! के प्रधानमंत्री उनीहरुको विचार अनुसार रबर स्टैम्प मात्र हो कि क्या हो ? प्रधानमंत्रीको चेम्बरमा बसेरै उहाँले दिएको निर्णय र आदेशको कति वैधानिकता रहन्छ ? प्रधानमंत्री स्वयम्ले एकचोटि स्वीकृति दिएपछि उहाँ आफ्नो अडानमा बस्नुपर्छ कि पर्दैछ ? उहाँको बोलीको ठेगान हुनुपर्छ कि पर्दैन ?

हो, मसँग त्यसको टेप र लिखत छैन । तर म जीवित भएसम्म त्यसको सबैभन्दा ठूलो प्रमाण मै हुँ । त्यसैले, प्रश्न यहाँ क्याबिनेटको स्वीकृति/अस्वीकृतिको हैन, प्रश्न नैतिकता र अनैतिकताको हो ।

**मूल्याङ्कन- क्याबिनेटको गोपनीयता तपाईले एकपछि अर्को गरी खोल्दै जानुभयो, क्याबिनेटका आचारहरु तपाईले तोड्नु भयो भन्ने स्थायी समितिको आरोप उसको वक्तव्यमा प्रकाशित भएको छ नि ?**

सी.पी.- अनुगमन समितिको सिद्धान्त क्याबिनेटबाट पास गराएर, क्याबिनेटका प्रमुख व्यक्तिलाई सोधर अनुगमन समिति बनाउनु क्याबिनेटका आचारहरु तोड्नु कसरी हुन्छ, मैले बुझ्न सकेको छैन ।

अनुगमन समिति भंग गर्ने क्याबिनेटको निर्णयलाई चाहिं कार्यान्वयन गर्दै मेरो आफ्नो त्यसबारेको विचार मैले सार्वजनिक रुपमा राखेको हुँ । सामूहिक निर्णय मैले स्वीकार गरेर लागू गरेपछि मेरो आफ्नो विवेकले ठम्याएको ठीक विचार व्यक्त गर्ने स्वतन्त्रता यो पूँजीवादी प्रजातन्त्रमा म पाउँछु कि पाउँदिन ? त्यो पाउनैपर्छ । के यो अधिकार प्रयोग गर्नुलाई क्याबिनेटको गोपनीयता भंग भन्न मिल्छ ? किनिकि म क्याबिनेटको निर्णयको विरुद्धमा त गएको छैन, न मैले त्यसको अवज्ञा नै गरेको छु ।

यसमा पनि प्रधानमंत्रीले स्पष्टीकरण सोध्नुभयो । मैले लिखित स्पष्टीकरणमा यदि मेरो भनाइले त्यस्तो अर्थ लाग्न गएको भए म त्यसमा दुःखित छु भनेर आफ्नो स्वआलोचना पनि गरिसकेको छु । एकजनाले यति गरिसकेपछि अरु के के गर्नुपर्ने हो ?

**मूल्याङ्कन- तपाई शुरुदेखि नै अनुशासनहीन र अराजक मान्छे हुनुहुन्थ्यो रे त ? बहुमत पक्षको तपाई बारेको एउटा मुख्य आरोप नै यही देखिन्छ । तपाई आफू आफ्नोबारे के मूल्याङ्कन गर्नुहुन्छ ?**

सी.पी.- अनुशासन भन्ने कुरा सही माहौलमा मात्र लागू हुनसक्ने कुरा हो । सही माहौल भएनभने एकोहोरो रुपमा अनुशासन लागू भएको कुनै मुलुकमा पाइँदैन । पार्टीभित्र पनि यही हो, राज्यमा पनि यही हो, सबै ठाउँमा यही हो । एमालेको नेतृत्वमा भने मैले राजनीतिक नैतिकता, इमान्दारी र संस्कृतिको ठूलो अभाव देखेको छु ।

२०३९ सालकै कुरालाई लिउँ न । म महासचिव थिएँ । पार्टीको राजनीतिक कार्यक्रम र कार्यनीति-बारेको मेरो सोच केन्द्रिय समितिकाअन्य धेरै साथीसँग मिलेन । मैले राजनीतिक नैतिकताको कारणले महासचिव पदबाट राजिनामा गर्न चाहें । तर त्यतिखेर मलाई साथीहरुले राजनीतिक कारणले राजिनामा दिन दिएनन् । पछि केही खुद्रा मसिना कारणहरु तेर्स्याएर मलाई अनुशासनहीन, अराजक आदि भनेर कारवाही गरियो । यो वास्तवमा नितान्त वेठीक र राजनैतिक नैतिकताको गरीबी थियो । जुन ढंगले मलाई हटाइयो, त्योसँग म अहिले पनि सहमत छैन र म बाचुञ्जेल यो कुरा उठिरहनेछ । मैले यो कुरा उठाइरहेसम्म उनीहरुको नजरमा अनुशासनहीन ठहरीरहनेछु ।

तर त्यहीबेला क. वामदेवले अन्तरिम जनवादी सरकारजस्तो एउटा उट्पटाङ्ग कार्यक्रम लिएर आउनुभयो । हाम्रा सिद्धान्तकार क. झलनाथले त्यसलाई समर्थन गर्नुभयो र त्यो पास भयो । त्यसवापत उहाँले महासचिव पद पनि पाउनुभयो । तर दुईअढाई वर्षपछि नै त्यो कार्यक्रमलाई अनुपयुक्त, अस्पष्ट, अवसरवादी भनेर हटाइयो । तर नेतृत्वमा त्यो राजनैतिक नैतिकता देखिएन कि उसले कार्यक्रम हटाएपछि आफ्नो कमजोरी स्वीकार गरोस् र त्यसमा आत्मालोचना गरोस् । त्यसैले, त्यो हटाइए पनि कसैले यसमा आत्मालोचना गर्नुपरेन । तथाकथित परिमार्जनको नाममा त्यो हटाइयो ।

अर्को घटना नेपालमा पार्टी स्वतन्त्रताको लागि संघर्ष गर्नुपर्ने परिस्थिति भएकाले पार्टी स्वतन्त्रताको लागि आन्दोलन गर्नुपर्ने कुरा ३७/३८ सालदेखि मैले उठाएँ । उग्र वामपन्थी पृष्ठभूमिबाट आएका हुनाले हाम्रा

धेरैजसो साथीहरुले त्यो कुरा पचाउन सक्नुभएन। पछि २०४६ साल भाद्रमा भएको पार्टीको चौथो महाधिवेशनमा पनि पार्टी स्वतन्त्रताको लागि संघर्ष गर्ने घडी देशमा आएको कुरा राखें। त्यो प्रस्ताव पास गरियो भने मलाई फेरि महासचिव बनाउनुपर्ने हुन्छ भन्ने हल्ला चलाइयो। फलस्वरुप मैले जम्मा ८ भोट पाएँ। तर अनौठोलाग्दो घटना के होभने त्यसको दुईमहिनापछि कार्तिकमा त्यही पार्टी स्वतन्त्रताको सवाललाई लिएर संयुक्त जनआन्दोलन गर्ने, संयुक्त वाममोर्चा बनाउने प्रस्ताव सर्वसम्मतिबाट पास गरियो। जुन सवालको लागि मैले २०३७ सालदेखि आवाज उठाउँदै आएको थिएँ, त्यो स्वीकारियो। तर विगतमा आफूले गल्ती गरेको भनेर कसैले आत्मालोचना गरेनन। पार्टी स्वतन्त्रताको सवाल उठाउँदा मलाई र मेरा साथीहरुलाई जुन दक्षिणपन्थी अवसरवाद र भड्काऊको आरोप लागेको थियो, त्यो आरोपबाट हामीलाई अहिलेसम्म मुक्त गरिएको छैन। पूर्वाग्रह र राजनैतिक बेइमानीको योभन्दा ज्वलन्त नमूना अरु के हुनसक्छ?


मेरो भनाइ के मात्र छभने जुन कालो टोपी म र मेरा विचारका साथीहरुमाथि विगतमा लगाइएको थियो, त्यो कालो टोपी झिकीदिनुस् र राजनैतिक मतको आधारमा कुनै भेदभाव र पक्षपात नगर्नुस्। तर अहिलेसम्म यस्तो हुन सकेको छैन। हामीमाथि लगाइएको आरोपको कालो टोपी अहिलेसम्म झिकिएको छैन, जबकि त्यही सोचमा अहिले पार्टी पूरै हिंडिरहेछ। त्यो टोपी क. झलनाथको पालमा पनि झिकिएन र क. मदन भण्डारीको पालामा पनि झिकिएन।

हालसालैको ताजा घटना, हाम्रो केन्द्रिय समितिको बहुमतले हाम्रो तीव्र विरोधको बाबजुद राप्रपाजस्तो प्रतिगामी- पुनरुत्थानवादी शक्तिसँग मिलेर सरकार बनाउने नीति पारित गर्‍यो। जब देशभरिका कार्यकर्ताले त्यसको डटेर विरोध गरे, नेतृत्वले तुरुन्तै लाइन फेर्‍यो र राप्रपासँग संयुक्त सरकार नबनाउने निर्णय गर्‍यो। अहिले बडा अनौठो पाराले हाम्रो नेतृत्व भन्दैछ- त्यतिखेर राप्रपासँग संयुक्त सरकार बनाउने निर्णय पनि ठीक थियो, अहिले त्यस्तो नबनाउने निर्णय पनि ठीक छ। अब भन्नुहोस् त राजनैतिक नैतिकताको यो ठूलो खडेरी हो कि होइन?

यसरी राजनैतिक बेइमानीद्वारा उनीहरु मलाई र मजस्तै विचार का साथीहरुलाई जहिले पनि पेल्ने गर्छन्भने मैले पनि भएभरको ताकत लगाएर त्यसको प्रतिरोध गर्नैपर्ने हुन्छ। यसैलाई उनीहरु अनुशासनहीनता र अराजकता भन्ने गर्छन् भने म के भनुँ?

**मूल्याङ्कन- तपाईंमाथि निराधार आरोप लगाइयो भन्ने तपाईंको भनाइ रहयो। यस्तो निराधार आरोपको सैद्धान्तिक जरो कारण के हो भन्ठान्नुहुन्छ?**

सी.पी.- यसको जरो सैद्धान्तिक कारण २ वटा छन्। पहिलो कारण त राजनैतिक इमान्दारिताको अभाव नै हो। लेनिनको भनाइअनुसार बुर्जुवा पार्टी र कम्युनिष्ट पार्टीमा मुख्य भिन्नता आफ्नो गल्तीप्रतिको रवैया हो। कम्युनिष्टहरु आफ्ना गल्ती-कमजोरीहरु खुलेआम स्वीकार्न कुनै धक मान्दैनन्। पूँजीवादीहरुमा यही इमान्दारिता पाईदैन। हाम्रो पार्टीमा पनि यही इमान्दारिताको अभाव छ।



# क. सी.पी. मैनालीसंग ताजा कुराकानी

अरुको सानो भूल- त्रुटीलाई पनि पहाड बनाएर पेश गरिन्छ। आफ्नो चाहिं पहाडजस्तो भूल- त्रुटीलाई पनि उहाँहरु सानो कणजस्तो बनाउनु हुन्छ, मैले यसैलाई राजनैतिक इमान्दारिताको अभाव भनेको हुँ।

दोस्रो जरो कारण दार्शनिक सहिष्णुताको अभाव हो, जसलाई म प्रजातान्त्रिक संस्कारको अभाव पनि भन्छु। हाम्रो भनाइ के होभने हामी पाँचौं महाधिवेशनको फैसलालाई मानेर बहुदलीय जनवादलाई स्वीकार गर्दै काममा जुट्न बिलकुलै तम्तयार छौं, काममा जुटेका पनि छौं, यद्यपि हाम्रो वैचारिक मत त्यो होइन। महाधिवेशनको फैसला मानिसकेपछि हाम्रो वैचारिक भिन्नताको आधारमा पार्टी नेतृत्वको हामीमाथिको व्यवहार पक्षपातपूर्ण र अन्यायपूर्ण त हुनुभएन नि। पार्टीभित्र समानताको आधारमा व्यवहार हुनुपर्छ। काम र योग्यताको आधारमा स्वस्थ प्रतिस्पर्धा गर्ने माहौल हुनुपर्छ। जिम्मेवारी दिंदा, पदहरुमा निर्वाचित गर्दा, काममा खटाउँदा विचार भिन्नतालाई होइन, योग्यता र क्षमतालाई आधार बनाउनुपर्छ। जो जुनसुकै मतको होस्, योग्यता र क्षमताको कदर हुनुपर्छ। तर हाम्रो पार्टीको नेतृत्वका साथीहरुमा यो प्रजातान्त्रिक संस्कार नै भेटिन्न। हाम्रो पार्टीमा भिन्नमतका साथीहरु सकभर पार्टी सदस्यता नै भेटाउँदैनन्, भेट्टायो भने पनि नवीकरण हुँदैन। कुनै योग्य-दक्ष साथी योग्यता, क्षमताकै आधारमा कुनै कमिटीमा चुनिए वा लोकप्रिय भएभने उनीहरुलाई स्वीकारै गरिन्न। उनीहरु भएको कमिटी विघटन गरिन्छ र अर्को कमिटी जबरजस्ती प्रत्यारोपित गरिन्छ। उनीहरुलाई कुनै जिम्मेवारी समेत दिइँदैन। यसैलाई मैले प्रजातान्त्रिक संस्कारको अभाव भनेको हुँ। पार्टीभित्र भित्री पार्टी जनवाद हुनुपर्‍यो।

**मूल्याङ्कन- भेदभाव र पक्षपातका केही मूर्त प्रमाणहरु पनि दिनुहुन्थ्यो कि?**

सी.पी.- टाढा किन जाने? अहिले भर्खरै घटेका केही घटनाहरु हेरौं न। मलाई मंत्री पदबाट हटाइयो। त्यसको लगतै पछि मेरै राजनैतिक विचार सँग सहमत दुईजना कमरेडहरुलाई आपूर्ति सुदृढीकरण आयोगबाट हटाइयो। अहिले देशका विभिन्न जिल्लाहरुमा पार्टी महाधिवेशनअघि भिन्न विचार राख्ने साथीहरुलाई धमाधम हटाइँदैछ। म केही समयअघि सप्तरी गएको थिएँ, त्यहाँको पार्टीले मलाई एयरपोर्टमा स्वागत गर्न एकजना मान्छेबाहेक अरु नजानू भनेर भनेको थाहा पाइयो। त्यहाँका साथीहरुले त्यो निर्देशन मानेनन् र २/३ सयको जमातले मलाई स्वागत गर्न आए। यसवापत जिल्ला समितिका १० जना सदस्यहरुलाई ६ महिना निलम्बित गरियो।

**मूल्याङ्कन- तपाईंलाई निकालिएपछि अब तपाई के गर्दैहुनुहुन्छ त?**

सी.पी.- अहिले म, मेरा तमाम साथीहरु र ममाथि भएका यिनै भेदभाव विरुद्ध तल र माथि सबैतिर संघर्ष चलाउने प्रयत्न गर्दैछु। राजनैतिक बेइमानी र प्रजातान्त्रिक संस्कारको अभावले गर्दा विचारको आधारमा पार्टीका हाम्रा अनेकौं साथीहरुले जुन अन्याय र पक्षपात भोग्नु परिरहेछन्, पार्टीभित्र त्यो तुरुन्त अन्त होस् भन्ने तमाम कार्यकर्ताहरुको विचार छ। म त्यो विचारसित एकरुप छु। पार्टीमा सामूहिक निर्णय मान्ने र निर्णय मानेपछि अरु कुनै पनि किसिमको भेदभाव र अन्याय नहोस् भन्ने नै हाम्रो मुख्य आवाज हो। भित्री पार्टी जनवाद नै हाम्रो मुख्य माग हो। अहिले यही कायम गर्न संघर्ष छेडिंदैछ। यसरीमात्रै एमाले पार्टी एकतावद्ध र सुदृढ हुनसक्छ र वामहरुको सरकार बन्ने जुन सम्भावना छ- त्यो पूरा हुन्छ।

**मूल्याङ्कन- तपाईंका यी मागहरु स्वीकारेनन् भने नि? के तपाई त्यो स्थितिमा पार्टी फुटसम्म अघि बढ्नु हुन्छ त?**

सी.पी.- म अहिले यतिमात्र भन्न सक्छु कि विचारको आधारमा भेदभाव गर्ने अपसंस्कृतिविरुद्ध, पार्टी नेतृत्वमा हावी रहेको एक विचार सर्वसत्तावादविरुद्ध तलदेखि केन्द्रसम्म संगठित तवरले लड्न शुरु गर्नुपर्छ। समस्या मेरो कारवाहीको मात्र छैन, हजारौं कार्यकर्ताहरुले फगत भिन्नमतको कारणले मैले जस्तै कारवाही र भेदभाव भोगेका छन्। त्यसैले यो पार्टीभित्रको आम समस्या हो। यसको विरुद्ध सबै तहमा साथीहरु संगठित तवरले उठ्न, आवाज उठाउन र गलत प्रवृत्तिलाई परास्त गरुन्, म यति नै मात्र भन्न चाहन्छु।

**मूल्याङ्कन- यो त तपाईंको पार्टी फुटाउने चाल हो भन्छन् नि?**

सी.पी.- यो भन्नेहरुलाई म यतिमात्र भन्नछु कि यो आरोप उनीहरुको बदमासी टिकाउने चाल हो। मैले लगातार अपमान सहेको कारणले नै पार्टी एकता टिकिरहेको छ। मैले अपमान सहन अस्वीकार गर्ने वित्तिकै यो कथित एकता कायम रहन सक्तैन। यसरी पार्टी कति दिन एकतावद्ध रहन्छ? अर्को पक्षले पार्टी एकताको लागि के योगदान दिएको छ? पार्टी एकता भइरहोस् भन्ने कार्यकर्ताहरुको भावनालाई म कदर गर्छु। यो पार्टी बनाउनुमा र अहिलेको हालतसम्म ल्याउनुमा मैले पनि आफ्नो जीवन र यौवन खर्चेको छु। त्यसैले यो पार्टीप्रति मेरो पनि अगाध माया छ। तर पार्टी एकता मेरो मात्र प्रयासले हुन सक्तैन। अर्को पक्षको पनि यसमा योगदान हुनुपर्छ। भित्री पार्टी जनवादको व्यवस्थाको जगमा पार्टी एकता उभिनु पर्छ। पार्टीमा एक विचार सर्वसत्तावाद अन्त भयोभने यो एकता स्वतः टिक्छ।

महाधिवेशनले पारित गरेको बहुदलीय जनवादको लाइनले भिन्न विचारमाथि दमन र भेदभाव गर्नु भनेर कुनै जनादेश दिएको छैन। यिनीहरु कुन जनादेशले यो काम गर्दैछन्? पार्टीभित्र बहुमतको दमन, भेदभाव र सर्वसत्तावाद वन्द होस, पार्टी एकता स्वतः मजबुत हुनेछ। योबाहेक मेरो अर्को कुनै चाहना छैन। ❑



# के प्रधानमंत्रीको सिफारीश बदर हुन सक्छ ?

सर्वोच्चमा ७ वटा रीट; बहस शुरू, परिणाम के होला ?

"नेपालको संविधानले विशेषाधिकारको प्रयोग गर्ने कुरामा

## अल्पमत वा प्रधानमंत्रीबीच कुनै भेद गरेको छैन ।"

**प्र**धानमंत्री मनमोहन अधिकारीले मंत्रिपरिषद्को निर्णयअनुसार असार २६ गते संसद् भंग गरेर मध्यावधि चुनावको लागि सिफारीश गरेपछि राजाबाट असार ३० गते त्यो सिफारीश स्वीकार भयो।

फलस्वरुप असार ११ गते नियमित संसदीय अधिवेशन डाकिसकेपछि र नेपाली कांग्रेसका सांसद्हरुको समावेदनअनुसार अविश्वासको प्रस्ताव पास गर्न असार २ गते संसद्को विशेष अधिवेशन डाकिसकेपछि ती दुवै अधिवेशन शुरु नभईकन नै संसद् भंग भयो र मध्यावधि चुनावको घोषणा भयो।

अहिले प्रधानमंत्रीको संसद् भंग गर्ने र मध्यावधि चुनाव गर्ने सिफारीशविरुद्ध सर्वोच्च अदालतमा ७ वटा रीट निवेदन दर्ता भएको छ। यही श्रावण १ गतेदेखि ती निवेदनउपर सुनवाइ प्रारम्भ भएको छ।

अब के प्रधानमंत्रीको संसद् भंग गर्ने र मध्यावधि चुनाव गर्ने सिफारीश सर्वोच्च अदालतद्वारा बदर होला ? के फेरि रीट निवेदकहरुले माग गरेजस्तो प्रतिनिधि सभाको पुनर्स्थापना होला ? देशब्यापी रुपमा यस बारेमा जिज्ञासा उत्पन्न भएको छ।

तसर्थ यसबारेमा यसपाली हामीले नेपालका ख्यातिप्राप्त कानूनविद्हरुका विचारहरु पाठकहरुसमक्ष पेश गर्ने प्रयत्न गरेका छौं । यस प्रक्रियामा हामीले महान्यायाधिवक्ता सर्वज्ञरत्न तुलाधर, वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्तको अन्तर्वार्ता र अधिवक्ता अग्नि खरेलको लिपिवद्ध विचारहरु पाठकहरुसमक्ष पेश गरेको छौं।

संसद् भंग एउटा राजनीतिक मुद्दा हो। तथापि यसको हल अहिले संविधानको सर्वोच्च व्याख्याकार सर्वोच्च अदालतबाट खोजिँदैछ । यस सन्दर्भमा यहाँ प्रकाशित विचारहरुले पाठकहरुलाई संसद् भंग र मध्यावधि चुनावको घोषणासंबन्धी वैधता/अवैधताबारे धारणा बनाउन मद्दत गर्नेछ भन्ने हाम्रो विश्वास छ।

*-मूल्याङ्कन*

**अग्नि खरेल, अधिवक्ता**

हाम्रो संविधानले वहुदलीयतामा आधारित संसदीय शासन प्रणालीलाई अंगालेको छ। यस प्रणालीले विकसित गरेका आफ्नै मूल्य र मान्यताहरु छन् । यस प्रणालीलाई अर्को ढंगले भन्दा प्रधानमंत्रीय प्रणाली (Priministerial System) पनि भनिन्छ । त्यसैले यहां प्रधानमंत्री सर्वे सर्वा हुन्छ। उसैको नेतृत्वमा सरकारको गठन हुन्छ । ऊ नरहेपछि सरकार पनि रहन्न । सरकारको गठन र विघटनको सिफारिस ऊ आफैले गर्दछ। चाहेको मंत्रीलाई राख्ने र नचाहेको मन्त्रीलाई हटाउने काम ऊ आफैले गर्दछ । निजको राजिनामा स्वीकृत हुनासाथ या कुनै कारणले पदमुक्त हुनासाथ अन्य मन्त्रीमण्डलका सदस्यहरु स्वत: पदभारबाट मुक्त हुन्छन्। अर्थात प्रधानमंत्री यस ब्यवस्थाको सर्वाधिक महत्वपूर्ण र शक्तिशाली ब्यक्ति मानिएको हुनाले यसलाई 'प्रधानमंत्रीय प्रणाली' भनिएको हो।

प्रधानमंत्री मनमोहन अधिकारीले वर्तमान प्रतिनिधि सभाको विघटन गरी मध्यावधि निर्वाचनको लागि सिफारीश गरेपश्चात् आफू सत्तामा टिकीराख्नको लागि आफ्नो नेतृत्वमा चुनाव गराइ बहुमत हासिल गर्नको लागि बदनियतपूर्वक प्रतिनिधि सभाको विघटन गरिएको छ र सदनको चुनौती स्वीकार गर्न नसकेको उल्लेख गर्दै प्रम भ्यालबाट भागेका आरोपहरु लगाइँदैछन्।

यी सबै प्रश्नहरुको स्वरुप र स्वभाव राजनैतिक प्रकृतिको भएकोमा कुनै विवाद देखिन्न। प्रमले सदनको चुनौतीलाई स्वीकार गर्न नसकेको भनिए पनि जनताकोबीचमा स्थिर र स्थायी सरकारको माग गर्दै वर्तमान अन्यौललाई समाप्त पार्ने अठोटलाई प्रमको कायरता भन्न कसरी सकिएला ? बरु सार्वभौमसत्तासम्पन्न जनताकाबीचमा जाने प्रमको राजनैतिक अठोटलाई न्यायिक कारवाहीको विषय बनाउनु वर्तमान सदनको स्रष्टाको



प्रधानन्यायधीश विश्वनाथ उपाध्याय, जसको फैसलाको प्रतीक्षा हुँदैछ ।

रुपमारहेका जनताकोबीचमा जान हिचकिचाउनु चाहिँ कायरता हो कि ?

तर जे भए पनि यो राजनैतिक विषय हो र यसको निरुपण न्यायिक तवरबाट हुनसक्तैन भनी विगत प्रतिनिधि सभाको विघटनसम्बन्धी मुद्धामा सम्मानित सर्वोच्च अदालतले आफ्नो फैसला निरुपित गरिसकेको छ ।

अल्पमतको सरकारको प्रधानमंत्रीले प्रतिनिधि सभाको विघटन गर्नु संविधानसम्मत हुन्छ कि हुँदैन ? यो प्रश्न हाल निकै चर्चित बहसको विषय बनेको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ लाई सरसर्ती अवलोकन गर्दा धारा ३६ वमोजिमको प्रधानमंत्री र धारा ४२को विशेष अबस्थाको प्रधानमंत्रीका वीचमा धारा ५३ (४) को प्रयोजनको विभेद गर्न खोजेको देखिन्न । यदि बहुमतको अर्थात धारा ३६ (१) बमोजिमको प्रधानमंत्री र धारा ४२ (१) वा (२) बमोजिमको प्रमको अधिकार र कर्तव्यको अलग र भिन्न गर्ने संविधानको मनसाय हुँदोहो त संविधानमा सोही बमोजिमको व्यवस्था गरिएको हुन्थ्यो । यसरी छुट्टै व्यवस्था नहुनुको सोझो अर्थ हो- कुनै प्रम अल्पमतको होस् वा वहुमतको, ऊ प्रधानमंत्री नै हो । धारा ५३ (४) को प्रयोग गर्दा उसले देशको प्रधानमंत्रीको हैसियतले अधिकार प्रयोग गर्ने हो ।


फेरि प्रम अधिकारीले जतिखेर प्रतिनिधि सभाको विघटन गर्ने सिफारीश गर्नुभयो, त्यतिबेला उहाँ संसद्मा प्रष्ट बहुमतमै हुनुहुन्थो । संवैधानिक रुपले वहाँलाई प्रतिनिधि सभाका १९८ जना सांसद्हरुले गरेको समर्थन फिर्ता भइसकेको स्थितिसमेत थिएन । अल्पमतमा परिसकेको प्रमले प्रतिनिधि सभाको विघटनको सिफारीश गर्नसक्दैन भनेर मान्ने होभने पनि प्रतिनिधि सभामा ७४ मत ल्याई निश्चित विषयमा अल्पमतमा पर्नु भएका पूर्व प्रम गिरिजाप्रसाद कोइरालाले गरेको प्रतिनिधि सभाको विघटनचाहिँ कसरी संवैधानिक र कानूनी मान्ने ? तर पनि अदालतले त्यस विघटनसम्बन्धी सिफारीशलाई संवैधानिक ठहर गरीसकेपछि हामीले सोही निष्कर्षको मेसोमा हिंड्नुभन्दा अरु विकल्प भएजस्तो लाग्दैन ।

प्रधानमंत्रीले संसद् विघटनको सिफारीश गर्दा अर्को सरकार बन्ने विकल्प रहेसम्म सो विकल्पको लागि बाटो छोड्नैपर्ने हुन्छ वा हुन्न भन्ने विषय पनि एक प्रमुख विवादको विषय बन्न पुगेको छ। यस संबन्धमा पोहोरको संसद् भंगलाई नियाल्ने होभने आफ्नै राजनैतिक पार्टीको संसदीय दलको

बाँकी ९ पेजमा

# यो मुद्धामा विपक्षीहरु सफल हुनेछैनन्

## 'पोहोरकै नजीर हाम्रो सामुन्ने छ'



**के भन्नु हुन्छ महान्यायार्धिवक्ता श्री सर्वज्ञरत्न तुलाधर ?**

**मुल्याङ्कन-** प्रधानमंत्रीको संसद् भंग गर्ने र मध्यावधि चुनाव गर्ने सिफारीश नै अवैध छ, त्यसैले त्यो बदर हुनुपर्छ भनेर सर्वोच्चमा सातवटा रिट निवेदन परेको छ । तपाई के ठान्नुहुन्छ, के प्रमको सिफारीश कानूनत: बदर हुनसक्छ ?

**महान्यायाधिवक्ता- आफ्नो दावी ठीक छ भनेर वादीहरुले भन्नु स्वाभाविक छ । तर जहाँसम्म प्रधानमंत्रीको सिफारीश वैध थियो कि थिएन भन्ने सवाल छ, प्रधानमंत्रीसित संविधानत: निहीत भएको विशेषाधिकार प्रयोग गरेर नै प्रमले संसद् भंग गर्ने र मध्यावधि चुनाव गर्ने सिफारीश गर्नुभएको हो । किनभने पहिलेको संविधानमा संसद् भंग गर्ने र अन्य विशेषाधिकार राजामा निहीत थियो; ०४७ सालपछि त्यो विशेषाधिकार निर्वाचित सरकार र त्यसको प्रधानमंत्रीमा निहीत हुन आएको छ । विशेषाधिकारसंपन्न निर्वाचित प्रधानमंत्री- यो संसदीय व्यवस्थाको एउटा विशेषता नै हो । विश्वको सबै मुलुकमा यस्तै छ र हाम्रो मुलुकमा पनि । संसदीय व्यवस्थाको जननी बेलायतबाट यो परंपरा शुरु भएको हो । हामीले त्यहींबाट यो कुरा सिक्यौं ।**

### विशेष अन्तर्वार्ता

**हाम्रो देशमा कार्यकारिणीको संपूर्ण अधिकार, चाहे त्यो राजाको नाममा हुने काम होस् वा अन्य, त्यो मंत्रिपरिषद्मा निहीत रहेको छ । संसद्को अधिवेशन डाक्ने र अन्त्य गर्ने, संसद्को चुनाव गराउने र संसद् भंग गर्ने यी सबै अधिकार पनि अवस्था हेरीकन मंत्रिपरिषद्को निर्णय र प्रधानमंत्रीको सिफारीशमा गर्ने हाम्रो संवैधानिक व्यवस्था छ । त्यसैले यही संवैधानिक व्यवस्थाअनुसार प्रधानमंत्रीले गरेको सिफारीश अवैध ठहरिने र ववर हुने प्रश्नै उठ्दैन । प्रधानमंत्रीको सिफारीश नितान्त संवैधानिक छ ।**

**मुल्याङ्कन-** अविश्वासको प्रस्ताव राख्न विशेष अधिवेशन डाकिएको स्थितिमा प्रधानमंत्रीले संसद् भंग गर्ने सिफारीश गर्नु भएको छ । यो सदर भयोभने हरेक प्रधानमंत्रीले संसद्मा अविश्वासको प्रस्ताव आउन लाग्यो कि संसद भंग गर्ने अप्रजातान्त्रिक प्रचलन चल्दैन ? अविश्वासको प्रस्तावको संवैधानिक प्रावधान नै निष्कृय हुँदैन ?

**महान्यायाधिवक्ता- मेरो**



विचारमा यो स्थिति सँधैं आइरहने र यस्तो सँधै भइरहने कुरा होइन । संसद् विघटन र मध्यावधि चुनाव वर्षमा दुई दुईपटक भएकोले यस्तो पटकपटक भइरहला कि भनेर हामीलाई आशंका भएको मात्रै हो । संसद्मा बहुमतको सरकार आएको खण्डमा यस्तो स्थितिमा आउँदैन । अल्पमतकै सरकार भएको खण्डमा पनि राजनीतिक पार्टीहरुले राजनीतिक सुझबुझ राख्ने हो भने र देश एवं जनताको भलाइमा चिन्तित हुने हो भने पनि यस्तो स्थिति आउँदैन ।

अहिले त नयाँ सरकार आएको ६ महीना पनि राम्ररी बितेको छैन, उसले आफ्नो पहिलो नीति, कार्यक्रम र बजेट नै ल्याउन पाएको छैन, हतारिएर उसको विरुद्ध अविश्वासको प्रस्ताव ल्याउँछु भन्दाखेरि संसद् भंग गर्नुपरेको हो । फेरि ९ दिनपछि नै संसद्को नियमित अधिवेशन डाकिसकिएको थियो । नीति,कार्यक्रम नै अस्वीकृत गर्नु थियो भने, बजेट नै अस्वीकृत गर्नु थियो भने र अविश्वासको प्रस्ताव नै पारित गर्नु थियो भने त्यो ९ दिनपछिको नियमित अधिवेशनमा गर्न सकिहालिन्थ्यो । राम्रो नीति र कार्यक्रम अथवा बजेट ल्यायो भने समर्थन गर्ने, देश र जनताकै विरुद्ध नीति, कार्यक्रम अथवा बजेट ल्यायो भने अस्वीकृत गर्ने र अविश्वासको प्रस्ताव पास गर्ने काम नियमित अधिवेशनमै हुन सकिहाल्थ्यो । तर ९ दिन पनि नपर्खनु र पहिलो बजेट, नीति तथा कार्यक्रमसमेत सरकारलाई ल्याउने अवसर नदिनु त मेरो विचारमा विशेष अधिवेशनको दुरुपयोग मात्रै हो ।

यसरी नाजायज र अनुपयुक्त ढंगबाट विशेष अधिवेशन बोलाउने र विशेष अधिवेशनकको हमेशा दुरुपयोग गर्ने कार्य सँधैं भइरहन्छ भन्ने छैन ।



अहिलेको संसद् भंग गर्ने सिफारीश अन्तर्राष्ट्रिय प्रचलन र संसदीय परंपराअनुसार पनि वैधानिक र कानूनसम्मत देखिन्छ ।

त्यसैले, अविश्वासको प्रस्ताव सामुन्ने आयो कि विशेष अधिवेशन हुन नदिन संसद् भंग गर्ने कुरा सँधैं भइरहन्छ भन्ने हुँदैन । यो त विशेष परिस्थितिको उपज मात्रै हो ।

**मूल्याङ्कन-** अविश्वासको प्रस्तावबाट बच्नकै लागि संसद् भंग गर्ने अप्रजातान्त्रिक र गैरसंसदीय काम भयो भन्ने व्यापक आरोप छ नि त, एमाले सरकारमाथि ?

**महान्यायाधिवक्ता-** अविश्वासको प्रस्ताव त संसद् अधिवेशन चलेको बखत कुनै पनि बेला राख्न सकिने कुरा हो । नौ दिनपछि त संसद्को नियमित अधिवेशन डाकिसकिएको छँदैथियो । त्यही अधिवेशनमा सरकारद्वारा प्रस्तुत कार्यक्रम पास नगरेरै सरकारलाई फेल ख्वाउन सकिन्थ्यो । त्यस्तै बजेटै पास नगरेर सरकारलाई फेल ख्वाउन सकिन्थ्यो । अथवा अविश्वास प्रस्ताव पास गरेरै सरकारलाई फेल ख्वाउन सकिन्थ्यो । नियमित अधिवेशनमा यी सबै कुरा सामना गर्न सरकार तयारै थियो । प्रतिपक्षसित यी सबै प्रजातान्त्रिक र संवैधानिक विकल्पहरु मौजूद थिए । यो स्थितिमा विशेष अधिवेशनको औचित्य र आवश्यकता नै के थियो ? त्यसैले, अविश्वासको प्रस्तावबाट बच्न संसद् भंग गरियो भन्ने तर्कमा म कुनै तुक देखिन्न ।

फेरि चुनाव आफैं पनि त जनव्यापी रुपमा हुने सबैभन्दा जोखिमपूर्ण अविश्वासको वा विश्वासको प्रस्ताव सामना गर्ने थलो होइन र ? त्यही सामना गर्छु भनेर सरकार तम्तयार हुन्छ भने, अविश्वासको प्रस्तावबाट सरकार डरायो कसरी भन्ने ? संसद्को नियमित अधिवेशन बोलाउन नै आलटाल गर्ने वा आम चुनावमा जानै अन्काउने भयो भने पो सरकार अविश्वास प्रस्तावबाट डरायो भन्न सकिन्थ्यो । जब सरकार सबैभन्दा ठूलो अग्निपरीक्षा दिन नै तयार हुन्छ भने सानो सानो परीक्षाबाट ऊ डरायो भन्ने सवालै उठ्दैन ।

**मूल्याङ्कन-** अल्पमतको सरकार ले संसद् विघटन गर्न सक्दैन भन्ने विपक्षीहरुको आरोप छ नि त ?

**महान्यायाधिवक्ता-** यो पनि बिल्कुलै गलत कुरा हो । यो संवैधानिक प्रक्रियाबाट संसद्को १९८ सिटको समर्थन र विश्वास प्राप्त सरकार हो । फेरि हाम्रो संविधानमा अल्पमतको सरकार र बहुमतको सरकारमा विशेषाधिकारको प्रयोगमा कुनै फरक गरिएको छैन । सरकारको हैसियतले कुनै पनि कार्य गर्न बहुमतको सरकारलाई जत्ति अधिकार छ, त्यत्ति नै अधिकार संविधानले अल्पमतको सरकारलाई पनि प्रदान गरेको छ । खालि संसद् भंग गर्नेमात्र होइन, देशमा शासन गर्न, नीति निर्णय गर्न र अरु सारा अधिकार अभ्यास गर्न पनि अल्पमतको सरकार त्यत्तिकै सक्षम र अधिकारसंपन्न छ, जति बहुमतको सरकार थियो । संविधानले त्यसमा आधा प्रतिशत पनि तलमाथि गरेको छैन । यो अल्पमतले प्रधानमंत्रीले गर्न नसक्ने, त्यो बहुमतको प्रधानमंत्रीले मात्र गर्न सक्ने, यस्तो कुनै


८ पेजको बाँकी

नेतामात्रै परिवर्तन गरी आफ्नै पार्टीको सरकार बन्ने संभावना रहँदारहँदै पनि सरकार बन्ने बाँकी विकल्पलाई प्रयोग गर्न नसक्नेहरुले वर्तमान अबस्थामा वैकल्पिक सरकारको संभावना छ भनी गरेको तर्क बुझ्न नसकिने विषय भएको छ । आफू सत्ताबाट हट्ने स्थिति आउनासाथ स्थिर सरकार बन्न नसक्ने अबस्थाको कल्पना गर्नेहरुले धारा ४२ (२) बमोजिम बनेको सरकारका प्रमले गरेको विघटनको सिफारीशपश्चात् कसरी वैकल्पिक-स्थिर सरकार बनाउने सपना देख्न पुगे, त्यो पनि बुझ्न नसकिने भएको छ ।


यथार्थमा प्रमले प्रतिनिधि सभा विघटनको सिफारीश राजनैतिक आधार र कारणको मूल्याङ्कन गरेर गर्ने हुनाले यसको प्रयोग गर्दा प्रमले आफ्नो संविधानसम्मत विशेषाधिकारको प्रयोग गर्दछन् । त्यो अधिकार बढी आत्मनिष्ठ प्रकृतिको हुन्छ । हाम्रो संविधानले पनि यसलाई सोही रुपमा राख्न खोजेको देखिन्छ । किनकि संविधानको धारा ५३ (४) मा प्रतिनिधि सभाको विघटन गर्दा कुनै शर्त तोकिएको छैन । यस कुरालाई सर्वोच्च अदालतको पोहोरको फैसलालेसमेत स्वीकार गरेको छ ।

प्रधानमंत्रीलाई यस्तो विशेषाधिकार दिनुको मूल तात्पर्य उसले आफ्नो सोचअनुकुल शासन ब्यवस्था संचालन गर्न सकोस् भन्ने नै हो । यदि कुनै संसदले सरकारद्वारा चलाइएको कार्यक्रम, नीति र विधेयकहरुलाई असफल बनाउने कोसिस गर्दछ र प्रमलाई आफ्नो सोचअनुकुल हिड्ने कुरामा सदैव अवरोध उत्पन्न गर्दछ भने प्रमले पनि आफ्नो विशेषाधिकारको छडी देखाएर त्यस्तो संसद्लाई आफू हिंडेकै बाटोमा ल्याउने जमर्को गर्दछ । संसद्ले आफूलाई समाप्त पार्न खोजेको देख्योभने आफूसहित संसद्लाई नै समाप्त पार्ने अधिकार प्रमले राख्दछ भनी विकसित भएको संसदीय मान्यताकै जगमा हाम्रो संविधान निर्मित र विकसित भइराखेको देखिन्छ ।

त्यसैले प्रमको सिफारीशमा हुने यस अधिकारको प्रयोग निजको स्थितिलाई निर्धारण गर्ने अल्पमत र वहुमतको आधारमा होइन, तात्कालिक बस्तुस्थिति र प्रमको सोचको आधारमा हुन्छ । प्रतिनिधि सभाको विघटनसंबन्धी सिफारीश ठीक ढंगले गरियो वा गरिएन, यसको सम्पूर्ण जवाफ प्रमले जनतालाई दिनुपर्छ । यदि जनतालाई यसको आवश्यकता र उपादेयताबारे बोध गराउन नसकेमा त्यस्तो प्रम र निजले नेतृत्व गरेको दललाई राजनैतिक ढंगले परास्त गर्ने काम पनि जनताले नै गर्दछन् ।



अधिवक्ता अग्नि खरेल



— नेका र राप्रपाको संघर्षः अदालतलाई प्रभावित पार्ने कसरत

भेदभाव संविधानले गरेको छैन । जब संविधानले कुनै भेदभाव गरेको छैन भने हामीले आफ्नो स्वार्थ सुहाउँदो तर्क प्रस्तुत गरेर भेदभाव गर्नु कसरी उचित ठहरिन सक्छ ?

**मूल्याङ्कन-** अघिल्लो संसद् भंग र अहिलेको संसद् भंगमा तुलना गर्दा तपाई कानूनतः कसरी तुलना गर्नुहुन्छ ?

**महान्यायाधिवक्ता-** मेरो विचारमा पहिलेको र अहिलेको भंगमा खासै फरक छैन । भन्नलाई अहिलेका प्रधानमंत्री अल्पमतको, त्यतिखेरको बहुमतको भनिएला । तर उहाँको धन्यवादको प्रस्ताव अथवा सरकारी नीति र कार्यक्रमलाई संसद्को बहुमतले पास नगरिसकेपछि प्रधानमंत्री गिरिजा पनि त वास्तविक रुपमा संसद्मा अल्पमतमा परिसक्नु भएकै थियो । त्यो कुरालाई उहाँ आफैंले पनि मानिसक्नु भएको थियो । नैतिकताको कारणवश उहाँले राजिनामा दिनु र म यसरी सरकार चलाउन सक्दिन, स्थिर सरकारको लागि जनतामा जान्छु भन्नु त्यसैको स्वीकार हो । राजिनामा दिइसकेपछि त उहाँ अझ पदमुक्त प्रधानमंत्रीसमेत भइसक्नु भएको थियो ।

अहिले त संसद्मा न वर्तमान प्रधानमंत्री विरुद्ध अविश्वासको प्रस्ताव नै पास भएको छ, न उहाँको कुनै कार्यक्रम संसद्मा फेल भएको छ, न उहाँले राजिनामा नै दिनु भएको छ । भन्नाले मनमोहन अधिकारी अहिलेसम्म पनि संविधानतः पदासीन प्रधानमंत्री नै हुनुहुन्छ । यस मानेमा प्रधानमंत्री मनमोहनको संसद् भंग गर्ने सिफारीश अझ बढी संवैधानिक र कानूनी छ भन्ने मलाई लाग्छ ।

**मूल्याङ्कन-** त्यतिखेर प्रधानमंत्रीसित विकल्प थिएन, अहिले छ भनिंदैछ नि त ?

**महान्यायाधिवक्ता-** पोहोर पनि विकल्प खोजिएको भए नपाउने कुनै स्थिति थिएन । जुन पार्टीका प्रधानमंत्रीले त्यतिखेर संसद् भंग गरेका थिए, त्यसै पार्टीका सांसदहरुलेसमेत त्यतिखेर संसद्भित्रैबाट अर्को विकल्प खोज्नु संभव छ भनेका थिए । नेपाली कांग्रेसकै सभापतिस्वयम्ले राजासमक्ष दावी गर्नु भएको थियो कि फेरि पनि बहुमतको सरकार गठन गर्ने अवसर मेरै पार्टीले पाउनु पर्छ । तर प्रधानमंत्री गिरिजाले त्यो कुरा मान्नु भएन ।

त्यसैले खोजी गरिएको भए सरकार गठन गर्ने विकल्प त्यतिखेर पनि मौजूद थियो । तर प्रमले संसद् भंगको सिफारीश गर्नुभयो, अल्पमतमा परें भन्नुभयो, ताजा जनादेश लिन्छु भन्नुभयो, त्यसैले ल भईगयो ठिकै छ भनेर त्यतिखेर मध्यावधि चुनाव भएको हो ।

वैकल्पिक सरकारको दावी अहिले पनि भइराखेको छ । तर संविधानतः यस्तो गर्न मिल्ने म देख्दिन । किनभने, एक त संसद् भंग गर्ने कुरा प्रमको विशेषाधिकार हो । अर्को, संसद्मा कसैको स्पष्ट बहुमत नआएकाले संविधानतः मिलीजुली सरकार बनाउने धारा ४२ (१) को विकल्प अभ्यास गर्ने पूरापूर मौका दिंदा पनि संभव नभएपछि मात्र संविधानको धारा ४२ (२) अनुसार यो सरकार गठन भएको हो । र यसले ४२ (३) अनुसार विश्वासको मत पनि पाइसकेको छ । संविधानको धारा ४२ मा जुन क्रमिक प्रक्रियाको व्यवस्था गरिएको छ, त्यसअनुसार मिलिजुली सरकारको विकल्पको प्रक्रिया त पार नै भइसकेको छ । अब फेरि पार भएको प्रक्रियामा फर्कन संविधानतः मिल्दै मिल्दैन ।

यो सरकारले धारा ४२ (३) मा व्यवस्था भएअनुसार संसद्मा विश्वासको मत प्राप्त गर्न नसकेको घडीमा पनि संविधानको धारा ४२ (४) राजाले संसद् विघटन गर्ने प्रक्रियातिर घटनाक्रम अघि बढ्थ्यो, प्रक्रिया पूरा भइसकेको धारा ४२ (१) को मिलीजुली सरकारको प्रक्रियामा घटनाक्रम जान सक्दैनथ्यो । किनभने संविधानले त्यो भन्दा अर्को प्रक्रियाको व्यवस्था नै गरेको छैन । त्यसैले घटनाक्रम अघि बढ्दा संविधानले त्योभन्दा अर्को प्रक्रियाको व्यवस्था नै गरेको छैन । त्यसैले घटनाक्रम अघि बढ्दा संविधानतः अहिले राजाले संसद् विघटन गर्नु सिवाय अर्को कुनै विकल्प नै थिएन ।

प्रधानमंत्रीलाई संसद् भंग गर्ने विशेषाधिकार छ । त्यसमा कसैले कहीं बसेर आफूलाई १०३ जनाको समर्थन छ भनेको आधारमा अर्को सरकार गठन गर्न मिल्दैन । बहुमत त संसद्मा प्रमाणित हुनुपर्ने र राजाले स्वीकार गर्नुपर्ने कुरा हो । राजाले यो त्यतिखेर मात्र स्वीकार गर्न सकिबक्सन्छ, जब प्रमको मृत्यु भएको छ वा प्रमले राजिनामा गरेको छ वा प्रमविरुद्ध अविश्वासको प्रस्ताव पास भएर प्रमको पद खालि भएको छ । यो स्थितिमा संसद्मा कसैमाथि बहुमतको विश्वास छ कि भनेर राजाले एकचोटि सोध्न सकिबक्सन्छ । बहुमत त त्यतिखेर देखाउने कुरा हो, नत्र संसद्मा कसैमाथि बहुमत छ कि छैन भनेर राजाले हेर्ने प्रयोजन नै छैन । फेरि संसद्मा मतदान नै नभइकन कसरी थाहा पाउने कि उसलाई संसद्को बहुमतको विश्वास छ कि छैन भनेर ? आफ्नै पार्टीको बहुमत हुँदा पनि त प्रम गिरिजालाई संसद्मा धन्यवाद प्रस्तावमा मतदान हुँदा आफ्नै पार्टीका मान्छेले भोट दिएनन् । उहाँ संसद्मा हार्नुभयो ।

त्यसैले संवैधानिक रुपले पनि र व्यवहारिक रुपले पनि वैकल्पिक सरकारको बाटोमा जाने विकल्प यसपाली थिएन । यो तर्कसंगत कुरा भएन ।

**मूल्याङ्कन-** अल्पमतको सरकार ले संसद् भंग गर्न सिफारीश गरेको उदाहरण विश्वमा अन्यत्र पनि छ कि ?

**महान्यायाधिवक्ता-** अल्पमतको सरकारले संसद् भंग गरेको उदाहरण

---

धारा ४२ (२) बमोजिमको सरकार गठन भइसकेपछि उपधारा १ वमोजिमको सरकार पुनः बन्नसक्छ वा सक्दैन भन्ने प्रश्न पनि अहिले उठिरहेको छ । यहाँ संभ्फनु पर्ने कुरा के पनि होभने धारा ४२ (१)को सम्पूर्ण रुपले प्रयोग भइसकेपछिमात्र ४२ (२) बमोजिमको सरकार बनाउन श्री ५बाट संसद्मा सबैभन्दा बढी सदस्यहरु भएको ने.क.पा.(एमाले) को संसदीय दलका नेता मनमोहन अधिकारीलाई प्रम पदमा नियुक्त गरिबक्सेको हो । अर्थात् जबसम्म धारा ४२ (१)को सरकार बन्न सक्दथ्यो, तबसम्म ४२(२) लागू नै हुँदैनथ्यो । जब ४२ (१) बमोजिमको मौका प्रदान गर्दासमेत सरकार बन्न सकेन, तबमात्रै ४२ (२) लागू हुने हो र लागूसमेत भएको हो ।

संविधानको विशेष व्यवस्थाअन्तर्गतका यी वैकल्पिक संभावनाहरु एकएक गर्दै समाप्त हुँदै एउटा विन्दुमा पुगेपछि पुनः अघिल्लै विन्दुमा फर्कन सक्छ भनेर यो संविधानले भन्न खोजेको होभने उक्त मार्गलाई संविधान आफैंले खोलिदिने थियो । संविधानले त्यस्तो व्यवस्था नगर्नुको अर्थ यसले निश्चित दिशा लिन खोजेकै हो ।

संविधानको धारा ५३ (२) आकर्षित भइसकेपछि धारा ५३ (४) लागू हुन्छ कि हुँदैन भन्ने अर्को प्रश्न पनि उठिराखेको देखिन्छ । संविधानको धारा ५३ को समग्र व्यवस्था "अधिवेशनको आह्वान र अन्त तथा प्रतिनिधि सभाको विघटन"सँग संबन्धित छ । धारा ५३ को शीर्षावलीले नै तीन अलगअलग प्रयोजनको लागि एउटै धाराअन्तर्गत विभिन्न उपधाराहरुको प्रयोग गरेको सहजै अनुमान गर्न सकिन्छ । संविधान वा कानूनको मस्यौदा गर्दा अघिल्लो धारा वा उपधाराको उल्लेख गरेपछि नै पछिल्लो धारा वा उपधाराको व्यवस्था गरिएको हुन्छ । र अघिल्लो प्रयोग गर्दाकै अवस्थामा पछिल्लो ब्यवस्था क्रियाशील नहुने होभने सोही बमोजिमको व्यवस्थासमेत संविधानमा वा कानूनमा गरिएको हुन्छ । अघिल्लो धारा वा उपधारा क्रियाशील भइराखेको अवस्थामा पछिल्लो क्रियाशील नहुने होभने स्पष्ट शब्दमा नै त्यसलाई रोक लगाइएको हुनुपर्दछ । त्यो प्रावधान धारा ५३ मा कतै र कहिं देखिंदैन ।

यहाँ संविधानको अघिल्लो उपधारा क्रियाशील भइराखेको अवस्थामा पछिल्लो उपधारालाई सक्रिय गराउनु भनेको अघिल्लो उपधारालाई निष्कृय गराउन खोज्नु हो । जबकि संविधानको एउटा धारा वा उपधाराले अर्को धारा वा उपधारालाई निष्कृय गराउनेगरी त्यसको व्याख्या गर्नु हुँदैन भनी प्रश्न उठाउने गरेको पाइन्छ । जब एउटा धारा वा उपधाराको व्याख्या गर्दा अर्को धारा वा उपधारालाई निष्कृय गराउनेगरी त्यसको ब्याख्या गरिनु हुँदैन भने धारा ५३ (३)को प्रयोग भइसकेपछि ५३ (४) को प्रयोग हुन सक्तैन भन्नु चाहिं धारा ५३ (४)को विशेषाधिकारलाई निष्कृय, निष्प्रभावी बनाउनु होइन र ?

यी अनेकौं अनुत्तरित प्रश्नहरु अहिले अदालतको विचाराधीन अवस्थामा छन् । ❑

बेलायतमा पनि पाइन्छ, भारतमा पनि । बेलायतमा अझ सरकारविरुद्ध अविश्वासको प्रस्ताव पारित भइसकेपछि पनि संसद् भंग गरेर चुनावमा गएका कैयन उदाहरणहरु छन् । अविश्वासको प्रस्ताव मात्र हैन, अरु किसिमले पनि सरकारले संसद्मा बहुमतको समर्थन प्राप्त गर्न सकेन वा सरकारी बील नै पास भएन भने पनि संसद् भंग गरेर चुनावमा जाने परंपरा बेलायतमा छ । त्यसमा त्यहाँ विपक्षीहरु विरोध गर्दैनन् । १९७९ मा भारतमा प्रम चरणसिंहलाई राष्ट्रपतिले संसद्मा बहुमत प्रमाणित गर भनेर भने । चरणसिंहले संसद् अधिवेशन नै सामना नगरिकन संसद् भंग गरे र मध्यावधि चुनावमा गए । अरु त के कुरा चरणसिंह त प्रमको हैसियतले संसद्मा एकदिन पनि उभेका थिएनन् । यहाँ त प्रमले ६ महीना शासन चलाइसकेकाछन् ।

त्यस्तै १९९० मा चन्द्रशेखर पनि अल्पमतकै सरकारका प्रम थिए । उनले पनि त संसद् भंग गरेर चुनावमा जानु नै सर्वश्रेष्ठ ठाने र संसद् भंग गर्ने सिफारीश गरे ।

क्यानाडामा १९२६ मा यस्तै भयो । त्यहाँ पनि अल्पमतकै सरकार थियो । केही नलागेर त्यहाँका प्रमले संसद् विघटन गर्ने सिफारीश गरे, चुनावमा जानका लागि । तर त्यहाँका गभर्नर जनरलले मानेनन् । उनले अर्कै प्रधानमंत्री नियुक्त गरे । तर त्यो प्रमले पनि एक हप्ताभित्र संसद्मा बहुमत देखाउन सकेन । त्यसपछि तिनै संसद्को बहुमतको विश्वास गुमाएका प्रमले संसद् विघटनको लागि सिफारीश गरे । संसद् भंग पनि भयो । यसो गर्दा त्यहाँको गभर्नर जनरलमाथि धेरै आलोचना भयो- पहिलेको अल्पमतको सरकारलाई मौका नदिने, अहिलेकोलाई चाहिं किन दिने भनेर । दोहोरो मापदण्ड भयो भनेर ।त्यसैले अहिलेको संसद् भंग गर्ने सिफारीश अन्तर्राष्ट्रिय प्रचलन र संसदीय परंपराअनुसार पनि वैधानिक र कानूनसम्मत देखिन्छ ।

मूल्याङ्कन- त्यसोभए तपाई यो सातवटा रिटको भविष्य कस्तो देख्नु भएको छ ?

महान्यायाधिवक्ता- मुख्य सवाल के हो भने प्रधानमंत्रीको सिफारीश संविधानको दायराभित्रै छ र त्यो संविधानसम्मत ढंगबाट संविधानको धारा ५३ (४) प्रयोग गरेर भएको छ ।

यो कुरा विपक्षीहरुले पनि अप्रत्यक्ष रुपमा स्वीकार गरिसकेको देखिएको छ । चुनावमा भाग लिनका लागि उहाँहरुले निर्वाचन आयोगमा नाम दर्ता गर्नु त्यसैको अभिव्यक्ति हो । भनाइको मतलब, निर्वाचन गराएको ठिक छ, त्यो हामी स्वीकाछौं भनेर उहाँहरुले अप्रत्यक्ष रुपमा स्वीकारी सक्नुभएको छ ।

एकातिर लिखित रुपमै चुनाव ठिक छ, त्यसमा भाग लिन्छौं भनेर तम्तयार भएर नाम दर्ता गर्ने, अर्कोतिर संसद् भंग गर्नु ठिक भएन भनेर मुद्दा पनि दिने, यो उहाँहरुको व्यवहार विरोधाभाषपूर्ण देखियो । उहाँहरुको दावी ठिक छैन भन्ने कुरा त उहाँहरुकै यही विरोधाभाषपूर्ण क्रियाकलापले प्रष्ट देखाएको छ । उहाँहरुकै आचरण र व्यवहारले यो मुद्दामा उहाँहरु सफल हुनुहुने छैन भनेर देखिइसकेको छ । त्यसमाथि पोहोरकै नजीर पनि हाम्रो सामुन्ने छ । यो मुद्दा सम्मानित अदालतमा चलिरहेछ । त्यसैले के फैसला दिने, अदालतको कुरा हो । यो त मेरो नितान्त व्यक्तिगत विचार मात्र हो । ❑

# "बेलायतमा अविश्वासको प्रस्ताव पास भएपछि पनि संसद् भंग गर्ने परंपरा छ"

## वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्त के भन्नुहुन्छ ?



**_मूल्याङ्कन_- संविधानको धारा ४२ (१), ४२ (२) र (३) पार गरेपछि फेरि ४२ (१) मा फर्केर मिलिजुली सरकार बनाउनसक्ने स्थिति भएमा त्यसरी फर्कन संविधानतः मिल्छ कि मिल्दैन ?**

***कृष्णप्रसाद पन्त*** : संसद् विघटनै भए पछि यसरी फर्कने भन्ने कुरै आएन । यदि प्रधानमन्त्रीले राजिनामा मात्रै दिएका हुन् भने उनी त पदमुक्त भइहाले । प्रम पदमुक्त भएपछि अर्को मन्त्रिमण्डल बन्नुपर्‍यो । त्यो बेलामा ४२ (१) मा फर्कनै मिल्दैन भन्ने कुरा त भएन ।

**_मूल्याङ्कन_- संविधानको धारा ४२ (२) अन्तर्गत सरकार बनिसकेपछि फेरि ४२(१)मा फर्कनै सकिंदैन भन्ने कुरा छ नि त ?**

***कृष्णप्रसाद पन्त*** : त्यो त स्थिति हेरी हुन्छ । प्रधानमन्त्रीले राजिनामा दिएका छन् भने फेरि सरकार बनाउनका लागि ४२ (१) मा फर्किनै पर्ने भयो । हैन भने त ४२ (२) अन्तर्गतको सरकार हुँदाहुँदै फेरि ४२ (१) मा फर्कन मिल्ने कुरै भएन ।

**_मूल्याङ्कन_- त्यसो भए ४२ (२) अन्तर्गतको सरकाले ४२ (३) अन्तर्गत ३० दिनभित्र विश्वासको मत लिइसकेपछि फेरि ४२ (४) मा मात्र जान मिल्छ, ४२ (१)मा फर्कन सकिंदैन भन्ने हो त ?**

***कृष्णप्रसाद पन्त*** : यसमा अलि अन्यौलहरु बाँकी छन् । यो अन्यौल केले पारेको हो भने, ४२ (४)ले ४२ (३) लाई च्भाभच (इङ्गित) गरेको छैन । ४२ (३) मा चाहिं ३० दिनभित्र संसद्भित्रको सबैभन्दा बढी सांसदको विश्वासप्राप्त प्रधानमंत्रीले विश्वासको मत प्राप्त गर्नुपर्छ भनिएको छ । ४२ (४) मा चाहिं ४२ (२) अन्तर्गतको प्रधानमंत्रीले प्रतिनिधि सभाको बहुमतको समर्थन प्राप्त नगरेमा भन्ने शब्द राखिदियो । उपधारा ४२ (३) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा भनिदिएको भए कुरा स्पष्ट हुन्थ्यो । ३० दिनभित्र विश्वासको मत प्राप्त गर्ने कुरा हुन्थ्यो । तर ४२ (३) र ४२ (४) मा प्रयोग भएको शब्दहरुको भिन्नताले गर्दा समस्या पैदा भएको हो ।

**_मूल्याङ्कन_- अल्पमतको सरकारले संसद् भंग गरेको उदाहरण विश्वमा अन्यत्र छ ?**

***कृष्णप्रसाद पन्त*** : हाम्रो संविधानको धारा ४२ को व्यवस्थाजस्तो व्यवस्था त अन्त पनि पाइन्छ । अन्य मुलुकमा राष्ट्राध्यक्षलाई नै प्रधानमंत्री छान्ने व्यापक अधिकार हुन्छ । त्यस्तो छानेको प्रधानमंत्रीले निश्चित समयभित्र संसद्को विश्वास प्राप्त गर्नुपर्ने हुन्छ ।

संविधानमा अल्पमतको सरकार भन्ने शब्द नै उल्लेख छैन । हामीले आफ्नो सुविधाअनुसार शब्दको आविष्कार गरेका हौं । धारा ४२ (३) अन्तर्गत संसद्को बहुमतको विश्वासप्राप्त गरेपछि अल्पमतको सरकार भन्ने नै बाँकी रहँदैन । संसद्को बहुमतकै विश्वासप्राप्त गरिसकेपछि अल्पमत कसलाई भन्ने बहुमत कसलाई भन्ने ? कुनै दलको स्पष्ट बहुमत भयो भने ३६ (१) बमोजिम उसको सरकार गठन भइहाल्छ, दलको नेताको प्रधानमंत्रीत्वमा । त्यो भएनभने ४२ (१) बमोजिम मिलिजुली सरकार हुन्छ । त्यो पनि भएन भने ४२ (२) अनुसार हुन्छ । र उसले संसद्को बहुमतको विश्वास लिनुपर्छ । त्यो विश्वास लिइसकेपछि ऊ पनि अधिकारसम्पन्न प्रधानमंत्री हुन्छ ।

**_मूल्याङ्कन_- पोहोरको संसद् भंग र अलिहेको संसद् भंगमा के अन्तर छ ?**


***कृष्णप्रसाद पन्त*** : पोहोरको संसद् भंग राजिनामासँग मिसिएर आएको थियो । यसपाली त्यसरी मिसिएर आएको छैन । पदमा बहाल प्रधानमंत्रीले नै संसद भंगको सिफारीश गर्नुभएको छ । संविधानको धारा ५३ (३) अन्तर्गत विशेष अधिवेशन डाकिसकेकोमा त्यो बस्न नपाउँदै संसद् विघटन गरियो भन्ने यसपालीको केश छ, पोहोर यस्तो थिएन । मुख्य भिन्नता यही नै हो । पोहोर संसद्मा सरकारको नीति र कार्यक्रम नै विफल भएर, सरकारले ७४ जनाको मात्र समर्थन पाएर संसद्मा बहुमतको समर्थन गुमाएपछि राजिनामा दिने र संसद् भंग गर्ने काम भएको थियो । यसपाली त्यस्तो छैन । अदालतले मूलरुपमा सरकारको वैधता हेर्ने हो । त्यो हेरेर फैसला गरिहाल्छ ।

**_मूल्याङ्कन_- संसद्मा अविश्वासको प्रस्ताव आउने भएपछि संसद्लाई प्रधानमंत्रीले भंग गरेको उदाहरण अन्यत्र छ ?**

***कृष्णप्रसाद पन्त*** : त्यही भारतमा छ नि, चरणसिंहको पालामा त्यही त भयो । बेलायतमा त अविश्वासको प्रस्ताव पास भइसकेपछि पनि संसद् भंग गरेका धेरै उदाहरणहरु छन् । अविश्वासको प्रस्ताव पास भइसकेपछि या त राजिनामा गर्छ या संसद् भंग गर्छ । अक्सर प्रचलन नै यस्तो छ । हाम्रोजस्तो अविश्वासको प्रस्ताव पास भयो भने पदमुक्त हुने भन्ने कुरा न त भारतमा छ, न बेलायतमा नै । ❑



# यसपालीको बजेट कस्तो छ ?



**मजदूर वर्गको लागि शून्य, देशी-विदेशी पूँजीपति र ब्यापारीहरुका लागि ठूलो राहतको प्याकेज !**

**अर्थमंत्री भरतमोहन अधिकारी बजेट प्रस्तुत गर्दै**

## के यो बजेटले गरीबदेखि लिएर धनी वर्गलाईसमेत खुशी पार्न खोजेको छ ?

गत असार २७ गते अध्यादेशद्वारा पेश भएको एमाले सरकारको पहिलो पूर्ण बजेटलाई नेपालको अहिलेसम्मको बजेटमध्ये सबैभन्दा गाउँमुखी बजेट मान्न सकिन्छ।

यो बजेटको सबैभन्दा प्रशंसनीय विशेषता नै यसले गाउँले क्षेत्रमा विकासका मुख्य पूर्वाधारहरुमा गर्न खोजेको निकै ठूलो प्रत्यक्ष लगानी हो। सडक, सिंचाइ, साना जल विद्युत योजना, साक्षरता र सीप तालिम- हाम्रो गाउँले क्षेत्रको विकासको निम्ति मुख्य पूर्वाधारहरु हुन्। स्वच्छ खानेपानी र सुलभ स्वास्थ्य सेवा विकासका मुख्य सहायक अंग हुन्। करीब ५३ अरबको यो बजेटले यसैमा मन फुकाएर थैली खन्याउन लागेको छ।

एउटा निर्वाचन क्षेत्रले झण्डै झण्डै एक करोड रुपैयाँ र एउटा कार्यक्रमले करीब १५-२० लाख रुपैयाँ यसै निम्ति भनेर सिधै पाउन लागेको छ। बीचैमा चाट्चुट् हुने प्रक्रियालाई सख्तरुपमा रोकेर जहाँ भनिएको हो, त्यहीं यो रकम पुग्न पाउने हो भने र यो कार्यक्रमले निरन्तरता पाउने हो भने, यसबाट नेपालको विशाल गाउँले क्षेत्रमा सानोतिनो उलटफेर आउन संभव छ। १० वर्षमा गाउँको मुहार नै फेरिन संभव छ।

बजेटमा '९ स'को अभियान'को नामबाट ल्याइएका यी कार्यक्रमहरुको पछाडि एउटा सुस्पष्ट दीर्घकालीन कृषिक्रान्ति र ग्रामीण औद्योगीकरणको रणनीतिको आवश्यकता छ। आवश्यकता छ- एउटा प्रभावकारी जननिर्वाचित सर्वपक्षीय नियन्त्रण-संयन्त्रको। यसको अभावमा यो कार्यक्रम दिशाविहीन हुनसक्छ, लगानीको रकममा 'लखनऊ लूट' हुनसक्छ।

खालि विकासको पूर्वाधार खडा भएर पुग्दैन, न्यायपूर्ण उत्पादन संबन्ध पनि विकासको लागि अनिवार्य हुन्छ। गाउँमा न्यायपूर्ण उत्पादन संबन्ध क्रान्तिकारी भूमिसुधारले मात्र ल्याउन संभव छ। त्यसैले यी कार्यक्रमहरुले तुरुन्तै क्रान्तिकारी भूमिसुधार कार्यक्रमको माग गरेका छन्। के एमाले सरकारले क्रान्तिकारी भूमिसुधार गर्नसक्छ ? यसैमा यी कार्यक्रमहरुको अत्यधिक प्रभावकारिता निर्भर गर्नेछ। नत्र विकासको पूर्वाधारको अत्यधिक फाइदा गाउँका धनी वर्गले मात्र उठाउनेछन्।

यो बजेटले "आफ्नो गाउँ आफै बनाउँ कार्यक्रम" को गत आर्थिक वर्षको तीनलाखको थैलीलाई पाँचलाख बनाएको छ। यसले पनि ग्रामीण क्षेत्रमा जनसहभागितामा आधारित विकास निर्माणको अभियानलाई अरु तीव्र बनाउनेछ। गाउँको रुपरंग यसले पनि फेर्नेछ।

सांसद्हरुलाई अढाईलाख रुपैयाँ दिने कार्यक्रम चाहिं निकै वाहियात भएको छ। हरेक निर्वाचन क्षेत्रमा त्यति धेरै रकम छुट्याएपछि फेरि यो धनराशी सांसद्हरुलाई दिनु किन जरुरी भयो ? यसको उपादेयता के ? सांसद्हरु आफ्नै निर्वाचन क्षेत्रको विकास निर्माणमा किन सरिक हुन सक्दैनन् ?

सांसद्लाई दिन जरुरी हुने ६६२.५ लाखको यो थैलीले १-१ करोड बराबरको ६ वटा अरु निकै महत्वपूर्ण जनमुखी कार्यक्रम गर्न भ्याइन्थ्यो, जसको उल्लेख बजेटमा छैन। उदाहरणको लागि श्रमिकहरुको मानवीय जीवन सुनिश्चित गर्ने, जीवन बीमा कार्यक्रम, आम नागरिकहरुको सामाजिक बीमा वा स्वास्थ्य बीमा कार्यक्रम, महिलाहरुको स्व-रोजगारीको लागि हरेक जिल्लामा स्वाबलम्बन कोष, हरेक अंचलमा एकएकवटा वृद्ध आश्रम आदि। के यस्तो गर्न विल्कुलै संभव थिएन ? सांसद्लाई दिने थैलीले जनता होइन, सांसद्हरुको खल्तीमात्र बेसी मोटाउने संभावना छ।

बजेटमा अरु पनि राम्रा कार्यक्रम छन्। तीमध्ये सबैभन्दा उल्लेखनीय हुन्- कमैया प्रथाको उन्मूलन, काठमाडौंमा रोजगार बैंकको स्थापना, पाँचै विकास क्षेत्रमा ग्रामीण बैंकको स्थापना, पिछडिएको जात तथा जनजाति उत्थान कार्यक्रम, अशक्त वृत्ति कार्यक्रम, सुपथ मूल्य पसल, शिक्षकहरुलाई औषधि उपचार खर्च, पचहत्तरै जिल्लामा ७५ वर्षभन्दा माथिका नागरिकलाई वृद्ध भत्ता, ५० हजारभन्दा बढी श्रमिकहरुलाई प्राविधिक-व्यवसायिक उद्यमी तालिम।

यस्तो तालिममा महिला, भू.पू. सैनिक र प्रहरीलाई प्राथमिकता दिने कुरा बजेटमा गरिएको छ। महिलालाई प्राथमिकता दिने कुरा त ठिकै छ, तर भू.पू. सैनिक र प्रहरीलाई प्राथमिकता किन ? बुझ्न सकिन्न। यसमा भोट तान्ने फर्मूलाले त काम गरेन ? शंका गर्ने ठाउँ निस्केको छ।

यो वर्षको बजेटमा बजेट घाटा १.४८% पोहोरको भन्दा घटी पारिएको छ। त्यस्तै विदेशी ऋण १.३६%ले गत वर्षभन्दा घटाइएको छ र अनुदान ०.९%ले बढाइएको छ। जिल्ला जिल्लामा भइपरिआउने बजेट शीर्षक हटाएर मनपरी भ्रष्टाचार गर्ने निकास बन्द गरिएको छ। आर्थिक वर्षको शुरुमै बजेट निकासा गर्ने व्यवस्था गरिएको छ। अनुत्पादक खर्च घटाइएको छ। यी साना तर राम्रा कार्यदिशाहरु हुन्।

स्वदेशी उद्योगहरुलाई र हस्तकलाहरुलाई थोरै भए पनि संरक्षण दिने नीति यो बजेटले अँगाल्न खोजेको छ। त्यो यसको अर्को सराहनीय पक्ष हो। पैठारी महसूल, अन्तशुल्क र बिक्रीकर तीनवटै उपायद्वारा यस्ता उद्योगहरुलाई संरक्षण दिन खोजिएको छ।

तर सबै वर्ग र तप्काहरुलाई यति धेरै सुविधा, सहुलियत र राहत दिनखोजेको यो बजेटले मजदूर वर्गको लागि कुनै कार्यक्रम ल्याएको छैन।

### यो बजेटमा पैसा कहाँकहाँबाट जुटाइँदैछ ?

*कूल बजेट : ५२ अरब ८९ करोड ४५ लाख ६४ हजार रुपैयाँको*

| खर्च ब्यहोर्ने स्रोतहरु | रकम रु. | कूल बजेटको % |
|---|---|---|
| ☆ राजस्व असुलीबाट | ३१ अरब ७८ करोड | ६०.०९% |
| ☆ विदेशी सहायताबाट | १८ अरब ८१ करोड | ३५.५६% |
| *त्यसमध्ये* | | |
| विदेशी अनुदानबाट | ५ अरब ४१ करोड | १०.२३% |
| विदेशी ऋणबाट | १३ अरब ४० करोड | २५.३३% |
| ☆ आन्तरिक ऋणबाट | २ अरब ३० करोड | ४.३४% |

स्रोत- अर्थ मंत्रालय, बजेट वक्तव्य, २०५२/५३

अझ आफूलाई मजदूर वर्गको सरकार भनेर दावी गर्ने एमाले सरकारले नै संगठित क्षेत्रका मजदूर वर्गको लागि कुनै कार्यक्रम नल्याउनु निकै आश्चर्यजनक र विरोधाभाषपूर्ण कुरा हो ।

मजदूर वर्गको निम्ति केही नगर्ने यो बजेटले देशका र बाह्य पूँजीपति वर्गको लागि भने देशको ढुकुटीको ठूलो नोक्सानीको मूल्यमा निकै ठूलो राहतको प्याकेज पेश गरेको छ । अझ विशेषगरी ठूला पूँजीपति र व्यापारी वर्गको लागि !

कांग्रेसले पनि नहटाएको संपत्तिकर अहिले हटाइएको छ । र संपत्तिकरको नाममा अब खालि घर-जग्गाकर मात्र बाँकी राखिएको छ । यसले ठूला पूँजीपतिहरुको कालो धनलाई निकै राम्ररी सुरक्षा दिएको छ । सारा ठूला र मझौला पूँजीपति र व्यापारीहरुले यो कदमलाई रातो तूल विछ्याएर स्वागत गरेकाछन् । हो, विगत पाँच वर्षमा पूँजीपति वर्गको तीव्र विरोधले गर्दा संपत्तिकर राम्ररी उठाइएको थिएन । तर यो प्रभावकारी तरीकाले उठाउनु पर्ने पक्ष हो । धेरै संपत्ति भएकाहरुसँग लिएर थोरै भएकालाई राहत दिने नीति नै त एउटा सोशल डेमोक्रेसकी नाममा प्रकट हुने पूँजीवादी कल्याणकारी राज्यले लिनु पर्ने नीति हो । तर अमेरिका, बेलायतमा नगरिएको संपत्तिकर खारेजीको कार्य नेपालमा वामपन्थी सरकार सत्तारुढ भएको बेला गरिएको छ ।

त्यस्तै ठूला पूँजीपति र ठूला आयातकर्ताहरुलाई लाग्ने आयकर पनि सरकारले स्वाट्टै घटाइदिएको छ । जस्तो ३५% आयकर लाग्नेहरुलाई अब ३०% मात्र तिर्नपर्ने गराइएको छ । यसले गर्दा राज्य ठूलो नोक्सानीमा पर्नेछ, तर ठूला पूँजीपतिहरु र आयवालाहरु भने निकै लाभान्वित हुनेछन् । त्यस्तै कर्पोरेट आयकर दर पनि २%ले घटाइएको छ ।

सर्वसधारणले प्रयोग नगर्ने, खालि धनीमानीले मात्र प्रयोग गर्ने ११०% भन्सार महसूल लाग्ने विलाशिताका बस्तुहरुको महसूल पनि ६०%मा झारिएको छ । मोटर, मोटरसाइकल, रेफ्रिजेरेटर, रंगीन टि.भी, क्यामेरा, क्यासेट, एयर कण्डिशनर, मेकअप सामान आदिमा भन्सार महसूल यति धेरै घटाएर फाइदा कसलाई हुन्छ- राज्यलाई कि पूँजीपतिलाई ? यो कदमले पनि यसरी देशका धनीहरुलाई र विदेशी पूँजीपति वर्गलाई खुशी पार्ने काम गरेको छ । त्यस्तै भन्सार महसूल दर ६ वटाबाट ५ वटामा झार्नु पनि देशका र विदेशका पूँजीपतिलाई नै पोस्ने काम हो ।

पहिले १.५% निकासी शुल्क लागिआएकोमा अब त्यो ०.५%मा झारिएको छ । यसबाट पनि ठूला पूँजीपतिहरु नै लाभान्वित हुनेछन्, किनकि अन्तर्राष्ट्रिय निकासी त ठूला पूँजीपतिहरु नै गर्छन् । तर निकासी शुल्क घट्नाले पूँजीपति वर्गलाई जुन फाइदा हुन्छ, त्यसमध्येको केही प्रतिशत मजदूर वर्गलाई पनि अनिवार्य रुपमा बाँड्नु पर्ने नीति सरकारले किन लगाउन सक्दैन ?

यो बजेटले दुईकरोडसम्म लगानी हुने साना उद्योगमा पनि विदेशी लगानी खुल्ला गरेको छ । यसबाट देशका साना उद्योगपतिहरु प्रतिस्पर्धाको बजारमा स्वाहा हुने संभावना देखिन्छ ।

यी सबै कदमहरुले एकसाथ देखाएका छन्- यो बजेटले देशभित्रका ठूला र मझौला पूँजीपीतहरुको र विदेशी बहुराष्ट्रिय कंपनीहरुको वर्ग स्वार्थमा निकै राम्रो ध्यान पुऱ्याएको छ । राज्यको ढुकुटीको निकै ठूलो नोक्सानीमा उनीहरुलाई फाइदा पुग्ने काम गरिएको छ ।

राज्यको आम्दानीको स्रोत यसरी ठूला धनीहरुको हितमा निकै धेरै निचोरिएको छ । तर यो बजेटको थैली गएको वर्षको बजेटकोभन्दा २७.५% ले मोटो पारिएको छ । साधारण खर्च १५.२% ले बढाइएको छ, विकास खर्च ३८.२% ले । प्रश्न उठ्छ, राजस्व खर्च गर्ने ठाउँमा भने निकै र जताततै बढाइएकाछन्, तर यति धेरै निचोरिएपछि खर्च गर्न पैसो आउँछ नै कहाँबाट ?

त्यसैले, आगामी वर्ष लक्ष्य राखिएको ३१ अरबको राजस्व लक्ष्य गरिएजति उठ्न धेरै गाह्रो छ । बढी संभावना छ- आगामी वर्ष पैसाको खाँचो टार्न या त बेसी नोट छाप्नु पर्नेहुन्छ, या बेसी ऋण लिनु पर्नेहुन्छ । दुवै स्थितिमा मुद्रा स्फीति बढ्नेछ । महँगी बढ्नेछ । यसले बजेट घाटा पनि बढाउन सक्नेछ र वैदेशिक निर्भरता पनि बढाउन सक्नेछ । नेपाली मुद्रा अवमूल्यन गर्नु पर्ने स्थिति पनि आउन संभव छ ।

यो बजेटका मुख्य दोषहरु यिनै हुन् ।

यो बजेटले बाकेको दर्शन-सुधारवाद र वर्ग समन्वयवाद हो, किनकि यो बजेटले सबै वर्गलाई खुश पार्ने लक्ष्य बोकेको छ । यसले धनीलाई खुशी पार्न खोजेको छ, गरीबलाई पनि; गाउँलाई पनि प्रशन्न पार्न खोजेको छ, शहरलाई पनि । प्रायः सबै वर्ग र तप्कालाई यो बजेटले छुन खोजेको छ, मजदूर वर्गबाहेक । यस अर्थमा यो लोकप्रियतामुखी सुधारवादी बजेट हो ।

**– श्याम श्रेष्ठ**

## यो बजेटमा खर्च कहाँ कति हुँदैछ ?

| *साधारण तर्फ* | रु. | प्रतिशत |
|---|---|---|
| ऋणको साँवा ब्याज भुक्तानीमा | ६८४ करोड | ३०.७ |
| सामाजिक सेवामा | ५८४ करोड | २६.१ |
| रक्षामा | २१६ करोड | ९.७ |
| साधारण प्रशासनमा | २४४ करोड | १०.९ |
| प्रहरीमा (साधारण प्रशासनमध्ये) | १८५ करोड | ८.३ |
| राजा र राजपरिवारमा | ६४ करोड | ०.३ |

| *विकास तर्फ* | रु. | प्रतिशत |
|---|---|---|
| विद्युतमा | ५७६ करोड | १८.९ |
| यातायातमा | ४२१ करोड | १३.८ |
| स्थानीय विकासमा | ३८७ करोड | १२.७ |
| सिंचाइमा | ३१५ करोड | १०.३ |
| कृषिमा | २६९ करोड | ८.७ |
| शिक्षामा | २४२ करोड | ७.९ |
| उद्योग र खानीमा | ६२ करोड | २.० |

स्रोत- अर्थ मन्त्रालय, बजेट वक्तव्य-२०५२/५३

# यो बजेटले बोकेको दर्शन– सुधारवाद र वर्ग समन्वयवाद हो कि.........?

# यो बजेटको कुन कुन कदमले ठूला पूँजीपतिहरू खुशी छन् ?

महेशलाल प्रधान (उद्योगपति/व्यापारी)–

**एमाले, कांग्रेस र राप्रपा जुन पार्टीको सरकारले ल्याए पनि चुनावअघिको बजेट यस्तै हुन्थ्यो । एक व्यापारीको हैसियतले म सरकारले संपत्तिकरको प्रावधान हटाएकोमा समर्थन गर्छु । सम्पतिकर हटाउनु पर्छ भनेर मैले पनि आवाज उठाएको हुँ । सम्पत्तिकर नतिर्नका लागि सबैमा आव्हान पनि गरिएको थियो । मलाई त अचम्म लाग्यो । एउटा कम्युनिष्टको सरकारले सम्पत्तिकर जस्तो सवालमा पनि लचिलो रवैया देखायो । जनताले चाहेमा र आवश्यक परेको खण्डमा एमालेले आफूलाई गैरकम्युनिष्ट पार्टी नबनाउला भन्न सकिन्न ।**

विनोदकुमार चौधरी (निवर्तमान अध्यक्ष, नेउ.बा. संघ)

**वर्षौंदेखि संघर्ष गर्दै आएको सम्पत्तिकरको समाप्तिलाई हाम्रो संघर्षको विजयको रुपमा लिएका छौं । त्यो पनि कम्युनिष्ट सरकारको पहलमा हुनु अत्यन्त सराहनीय कुरा हो । यसै गरी निकासीकर, दुईतहको बिक्रीकर जस्ता विभिन्न विषयउपर पनि हामीले उठाउँदै आएको दृष्टिकोणलाई स्थान दिइएको देखिएको छ । जताततै दिने बाचा गरिएको यो बजेटले स्रोत जुटाउन सक्ने हो कि होइन भन्ने कुरा चाहिं अत्यन्त गम्भीर एवं विचारणीय विषय हो । निजीकरणलाई पुनः निरन्तरता दिइने घोषणाले यो सरकार कतै आर्थिक उदारीकरणको दिशा विपरीत जाने त होइन भन्ने भ्रम निवारण गर्न मद्दत पुऱ्याएको छ ।**

मोहनगोपाल खेतान (उद्योगपति/व्यापारी)–

**बजेट राम्रो छ । जनतालाई यत्रो राहत दिने बजेट ल्याउने आँट गर्लाजस्तो लागेको थिएन । अर्थमन्त्रीज्यूले चुनावी बजेट मात्र ल्याउनु हुनेछ भन्ठानेको थिएँ । तर वास्तवमा उद्योग, वाणिज्य, चेम्बर अफ कमर्श आदिका प्रतिनिधिहरुसँग छलफल गरेर व्यापारीहरुको मर्का बुझेर बजेट ल्याइएको छ । बजेटमा राजश्वको मात्र लोभ नगरिकन सबैलाई समेटेर ल्याइएको छ । हेरौं, कार्यान्वियन कस्तो हुन्छ ?**


साभार- नेपाली पत्र, २०५२ असार ३०

दिवाकर गोल्छा (उद्योगपति/व्यापारी)–

**अब बजेटले औद्योगिक क्षेत्रमा सकारात्मक दृष्टिकोण राखेको छ । निर्यातलाई राहत दिएको छ । स्वदेशी उद्योगहरुलाई संरक्षण दिएको छ । बजेट स्थानीय औद्योगीकरणका लागि सकारात्मक छ । तर कार्यान्वियन पक्ष सक्षम हुनु आवश्यक छ । अहिले कूल बजेट गतवर्षको तुलनामा २५% बढेकोले यसले मुद्राप्रदाय पनि हुनसक्छ । किनकि त्यही अनुपातमा राजश्व बढ्न नसक्ने देखिन्छ । आर्थिक र अन्य औद्योगिक नीतिहरु पनि सुधार गर्दै लगेमा अहिलेको बजेटले निर्देश गरेको नीति उद्योग व्यवसायका लागि सकारात्मक नै हुनेछ ।**

साभार- समकालीन २०५२ साल असार २९

# एपोलोको कर्कट पाता
# गाउँ शहरको भरपर्दो नाता




## एपोलो स्टील्स (इण्डस्ट्रिज) प्रा.लि.

प्रधान कार्यालय : सिआई कम्प्लेक्स, सुरेन्द्र भवन, सानेपा, पो.ब.नं. : १०७३ काठमाडौं, नेपाल
फोन : ५२५०३९, ५२१९९४, केवल : सिग्रुप, टेलेक्स : २३५९ सिग्रुप एन पी
कारखानाः सतुङ्गल, नैकाप, काठमाडौं, नेपाल फोनः २७०८४९

भारतको नक्सलवादी आन्दोलन, त्यो आन्दोलन हो, जसले सन् ६० र ७० को दशकमा पूरै भारतलाई हल्लाई दिएको थियो । लाखौं कृषि मजदूर र गरीब किसानहरु यस आन्दोलनमा सरीक भएका थिए, हज्जारौं क्रान्तिकारी बौद्धिकहरुले आफ्नो जीवनको अमूल्य ऊर्जा यसमा खर्चेका थिए ।

यो आन्दोलन पश्चिम बंगालको एउटा सानो गाउँ नक्सालबाडीबाट शुरु भएको थियो; त्यसैले यस आन्दोलनको नाउँ नै नक्सलवादी आन्दोलन रहयो । तर यो झिल्को त्यही पश्चिम बंगाल राज्यमा मात्र सीमित रहेन । यसले आन्ध्र प्रदेश, विहार लगायत थुप्रै राज्यमा सशस्त्र किसान विद्रोहको रुपमा डढेलोको रुप लियो । भारतको भा.क.पा. (माले) लिवरेशन समूह, पीपुल्स वार ग्रुप लगायत थुप्रै नक्सलवादी पार्टीहरु यही आन्दोलनका उपज थिए । नेपालको झापा विद्रोह र तात्कालीन कोअर्डिनेशन केन्द्र र पछि गठित तात्कालीन ने.क.पा. (माले) को प्रेरणास्रोत यही नक्सलवादी आन्दोलन थियो ।

यो क्रान्तिकारी आन्दोलन किन र कसरी उठ्यो ? किन र कसरी यो ज्वारभाटा झैं फैलियो ? फेरि किन यो व्यापक प्रतिक्रियावादी दमनको फलस्वरुप कमजोर भयो । यो गंभीर चिन्तन मननको विषय हो, भारत, नेपाल र विश्व भरिका कम्युनिष्टहरुका लागि ।

यो आन्दोलनमा क्रान्तिकारी त्याग र समर्पणको कुनै अभाव थिएन । यसमा कार्यकर्ता मात्र होइन, कृषि मजदूर र गरीब किसानहरु आफैं लाखौं संख्यामा सामेल भएका थिए, त्यसैले यो जनताको क्रान्तिकारी आन्दोलन थियो । आन्दोलन जनताको जीवन्त समस्यालाई लिएर नै भएको थियो, त्यसैले यो जनमुखी आन्दोलन थियो ।

यो आन्दोलनको मूल नियत भारतमा माओले देखाउनु भएको बाटोबाट कृषि-क्रान्ति संपन्न गर्नु थियो, तथापि यो किन कमजोर भयो ? किन यो आन्दोलनमाथि व्यापक दमनद्वारा प्रतिक्रियावादीहरु हाबी हुन सके ? किन यो दिगो र विजयमुखी आन्दोलन हुन सकेन ? किन नक्सलवादी आन्दोलनले निर्माण गरेका मुक्त क्षेत्रहरु र लाल इलाकाहरु तुरुन्त धराशायी भए, चीनमा जस्तो दिगो भएनन् ? यो नेपालको लागि पनि निकै सान्दर्भिक तर गंभीर प्रश्न हो ।



नेपालको नाकैमुनि पश्चिम बंगालमा भएको यो क्रान्तिकारी आन्दोलनको सफलता /असफलता, कमी-कमजोरीहरु सबै नेपालको लागि एउटा ठूलो पाठ हो । त्यसैले, यो आन्दोलनबारे नेपालमा बहस छलफल चलोस् भन्ने उद्देश्यले नक्सलवादी आन्दोलनबाटै हुर्कनु भएका प्रसिद्ध भारतीय वामपन्थी लेखक कंचनकुमारको यो लेख हामीले अनुवाद गरेर प्रकाशित गर्न लागेका हौं । यो हामीले "नक्सलबाडी और साहित्य" बाट साभार गरेका हौं । -मूल्यांकन

# नक्सलवादी आन्दोलन किन र कसरी शुरु भयो ?

**कंचनकुमार**


१९६७ मई महिनामा मार्क्सवादी कम्युनिष्ट पार्टी (माकपा) का क्रान्तिकारीहरुले पश्चिम बंगालको तराई इलाकामा एउटा लडाकू आन्दोलन शुरु गरे ।

नक्सालबाडी, खडिबाडी र फाँसीदेवा थाना इलाका २७४ मील क्षेत्रमा फैलिएको छ । यस इलाकाको जनसंख्या एकलाख पचासहजार छ, जसमा बहुसंख्यक राजवंशीहरु पर्दछन् । तिनीहरुका साथै सन्थाल, उराँव, मुण्डा आदि आदिवासीहरु पनि बसोबास गर्दछन् ।

किसानहरुमा ७०% गरीब र भूमिहीन छन्, २०% मध्यम र १०% धनी किसान छन् । मोहीयानी प्रथाको चलन व्यापक रुपमा छ । लगभग ५५% मोहीहरु छन्, जो जोतदार (धनी किसान) र किसानहरुको निर्मम शोषणको शिकार भइरहेका थिए ।

खेतीहर मजदूरहरुको संख्या कम हुँदाहुँदै पनि जनसंख्याको ठूलो भाग चिया बगानका मजदूरहरुको छ । त्यसैले अक्सरगरेर यस इलाकाका किसान र मजदूरहरुको आन्दोलनबीच गहिरो सम्बन्ध रहँदै आएको छ ।

यस इलाकामा किसान आन्दोलनको लामो परम्परा छ । १९६४ मा वर्गदार (मोहीहरु) ले पहिलो पटक आन्दोलन शुरु गरेका थिए । १९५१देखि नै किसान-संघर्ष लगातार चल्दै आइरहेको छ । कम्युनिष्टहरुको




**नक्सलवादी आन्दोलनको शुरुवात भएका क्षेत्रहरु (१९६७)**

पहलकदमीमा त्यसबेला किसान सभाहरु संगठित भएका थिए ।

१९५५-५६मा चिया बगानका मजदूरहरुको मजदुरी बढाउने मागसहित भएको आन्दोलनको कदममा कदम मिलाएर किसान आन्दोलन अगाडि बढ्यो । १९६६मा त्यस आन्दोलनले लडाकू रुप धारण गऱ्यो । १९६७ को मार्च महिनामा पश्चिम बंगालमा मार्क्सवादी कम्युनिष्ट पार्टीसहित १४वटा पार्टीको संयुक्त सरकार गठन भएको मौकाको फाइदा उठाएर किसान आन्दोलन तीव्र र व्यापक हुन थाल्यो ।

यस सन्दर्भमा, विशेषरुपले याद गर्नुपर्ने कुरो के हो भने १९६४मा कम्युनिष्ट पार्टी विभाजित हुनुकै परिणामस्वरुप मार्क्सवादी कम्युनिष्ट पार्टीमा पनि दुई दिशाहरुको संघर्ष चलेको थियो । त्यस संघर्षमा दार्जिलिङ्ग जिल्ला कमिटीले कमरेड चारु मजुमदारको नेतृत्वमा संशोधनवादविरोधी सैद्धान्तिक संघर्षको अगुवाई गरेको थियो । उनको नेतृत्वमा संचालित सिलिगुडी तहसील किसान सभाले स्वाभाविकरुपले क्रान्तिको दिशालाई माथि उठायो ।

त्यसैले १८ मार्च, १९६७को तहसील किसान सम्मेलनले गाउँका सबै मामिलामा किसान समितिको प्राधिकार स्थापना गर्नका लागि, जमीन्दार र गाउँले प्रतिक्रियावादीहरुको प्रतिरोधलाई चकनाचूर गरेर संगठित र हतियारबन्द हुनका लागि जमीनको एकाधिकार मालिक्याइँ तोडेर किसान समितिमार्फत् नयाँ ढंगले त्यसलाई वितरण गर्नका लागि आह्वान गऱ्यो ।

मार्चदेखि अप्रील महिनाको अन्तसम्ममा किसानहरु एकजूट भएर जमीन्दारहरुको जमीनमा खेती गर्दै तथा बालीमाथि कब्जा जमाउन थाले । आन्दोलनको यस प्रक्रियामा गाउँ-गाउँमा किसान समितिहरु निर्माण हुँदै अगाडि बढ्न थाले, किसान सभाका सदस्यहरुको संख्या पाँचहजारबाट बढेर चालीसहजार पुग्यो । गाउँ-गाउँमा किसान समिति बनाउनका लागि बीसहजार किसानहरु पूर्णकालिक कार्यकर्ता बने । युवाहरु नेतृत्वमा आउन थाले ।

डेढ महीनामा क्रान्तिकारी किसानहरुले आँधीबेरीको बेगमा सयौं सामूहिक भेलाहरु गरी किसान समितिहरु बनाए । यी समितिहरुलाई आत्मरक्षा दलमा फेरे । यसरी गाउँका लगभग ९०% जनसंख्यालाई संगठित गरियो ।

किसान समितिको नेतृत्वमा किसानहरुले नयाँ ढंगले किसानहरुलाई जमीन बाँड्न थाले, जमीनसँग सम्बन्धित पुराना कागजपत्रहरु जलाइदिए । सबै साहूका ऋणहरु खारेज गरिए । जमीन्दारहरुकहाँ जम्मा भइरहेका धान तथा अन्य चीज जनताबीच बाँडिए । खुँखार जमीन्दारहरुलाई सजाय दिइयो, गुण्डा-बदमाशहरुलाई पनि विभिन्न किसिमका सजाय दिइयो । जमीनदारहरुको हतियार खोसेर किसानहरुलाई सशस्त्र बनाइयो ।

गाउँले इलाकामा राष्ट्रिय प्रशासन, कानून तथा अदालतलाई खारेज गरेर क्रान्तिकारी कमिटीको प्राधिकार कायम गरियो । मार्क्सवादी कम्युनिष्ट पार्टीको तर्फबाट यस आन्दोलनलाई चिस्याएर त्यसलाई कानूनी सीमासम्मको संघर्षमा सीमित राख्नका लागि भएको प्रयास विफल भयो ।

२३ मई, १९६०मा कैयौं नेताहरुलाई गिरफ्तार गर्नका लागि प्रहरीहरु गाउँतिर हिंडे । तर प्रहरीहरुको फौज गाउँमा पस्नासाथ तीर-धनुष लिएर किसानहरुले रोके । मुठभेडमा तीनजना पुलिस घाइते भए, जसमध्ये एकजना प्रहरी इन्सपेक्टर सोनाम वांग्दी मारियो । उसलाई मरेपछि सरकारले स्वर्णपदक प्रदान गऱ्यो ।

२५ मईमा पश्चिम बंगालको संयुक्त सरकारका पुलिसहरु नक्सालबाडीका विद्रोहीहरुलाई पाठ सिकाउनका लागि गाउँतिर पसे । गाउँमा उनीहरु लगभग एकहजार किसानहरुको घेराउमा परे । उनीहरुले गोली चलाए, सातजना महिला र शिशुसहित दशजनालाई मारे । पुलिसको यस दमनले किसान आन्दोनलाई अझै उग्ररुप दियो । जुन महीनामा बुडागंज इलाकालाई 'मुक्ताञ्चल' (मुक्त क्षेत्र) घोषित गरियो । दश जुनका दिन एक जमीन्दार मारियो । नक्सालबाडीका वीर किसानहरुको संघर्षले भारतको नयाँ जनवादी क्रान्तिमा किसानहरुको भूमिकालाई रेखांकित गऱ्यो ।

बंगालको संयुक्त मोर्चा सरकारमा माकपा र भाकपा जस्ता दुवै कम्युनिष्ट पार्टीहरु सामेल थिए । उनीहरुले क्रान्तिकारीहरुले बलपूर्वक क्षेत्रीय आधारमा राज्यसत्तामाथि कब्जा गर्ने माओवादी प्रयोगलाई नकारे तथा आन्दोलनकारीहरुलाई आन्दोलन फिर्ता लिनका लागि आह्वान गरे । आफ्नो नेतृत्वको कुरा मानेर आन्दोलन फिर्ता लिन क्रान्तिकारीहरुले इन्कार गरे । सरकारले ठूलो संख्यामा पुलिस बल पठाएर केही समयका लागि आन्दोलनलाई दमन गर्न सफल भयो । यस आन्दोलनले स्पष्ट गरेको छ-कांग्रेसझैं मोर्चामा सामेल माकपा, भाकपासहित चौधवटा पार्टीहरु पनि भारतको नयाँ जनवादी क्रान्तिका दुश्मन हुन् र उनीहरुको विरुद्ध अथक संघर्ष चलाएर मात्रै 'खेतीहर क्रान्ति' अगाडि बढाउन सकिन्छ ।

चौधवटा बन्दूकको जफत एवं कमरेड शोभान अली, बरका माझी, त्रिवेणी कानु र बाबुलाल विश्वकर्माको शहादतले भारतमा एउटा नयाँ कम्युनिष्ट आन्दोलन शुरु भयो । भारतको कम्युनिष्ट आन्दोलनमा संशोधनवादी तथा सुधारवादी रुझानको विरुद्ध क्रान्तिकारी संघर्षको मशाललाई माथि उठाउँदै सशस्त्र संघर्षको थालनी गर्ने काम यस नयाँ आन्दोलनले शुरु गरेको हो । यही नयाँ आन्दोलनको नाम हो- नक्सलवादी आन्दोलन, जुन संघर्ष शुरु भएको गाउँ नक्सालबाडीको नामले रहन गएको हो ।

पश्चिम बंगालको संयुक्त मोर्चा सरकार त खत्तम भयो, तर नक्सलवादी आन्दोलन खत्तम भएन । नक्सालबाडीबाट थालनी भएको आन्दोलन त्यसपछि भने पहिलेजस्तै चाहिं-भइरहेन । आन्दोलन जहाँ जहाँ फैलियो, त्यहाँ त्यहाँ उथल-पुथल

**१९६७ को मार्च महिनामा पश्चिम बंगालमा मार्क्सवादी कम्युनिष्ट पार्टीसहित १४ वटा पार्टीको संयुक्त सरकार गठन भएको मौकाको फाइदा उठाएर किसान आन्दोलन तीव्र र व्यापक हुन थाल्यो**





**नक्सलवादी आन्दोलनका एक नेता क. कानु सान्याल**

मच्चियो । कम्युनिष्ट आन्दोलनले यत्तिका दिनभित्रमा जे जति कुरा हासिल गर्न सकेको थिएन, नक्सालबाडीले त्यो हासिल गरेर देखायो ।

बंगालको मार्क्सवादी कर्म्युनिष्ट पार्टी (माकपा) बाट चारु मजुमदार, सरोज दत्त तथा सुशीतल राय चौधुरीसहित चारसय पार्टी सदस्यहरु निकालिए । उनीहरुले कलकत्तामा 'नक्सालबाडी संग्राम सहयोग समिति' बनाए । मार्क्सवादी कम्युनिष्ट पार्टी (माकपा) का क्रान्तिकारीहरु पार्टी छाडेर नक्सालबाडीको पक्षमा देखा परे । १३ नोभेम्बर १९६७मा उनीहरुले मिलेर 'क्रान्तिकारीहरुको अखिल भारतीय समन्वय समिति' बनाए । यही समन्वय समिति पछि गएर "कम्युनिष्ट क्रान्तीकारीहरुको अखिल भारतीय समन्वय समिति" बन्यो ।





आन्दोलनकारी नेता जांगल सन्थाल आफ्ना कार्यकताहरुका साथ

आफ्नो तेस्रो बैठकमा यस समितिले जनतासँग आउँदो चुनाव बहिस्कार गर्नका लागि आह्वान गर्‍यो । त्यसकै नेतृत्वमा ठाउँ ठाउँमा किसान आन्दोलन शुरु भयो । नक्सालबाडीको किसान संघर्षले देशभरिका उत्पीडित जनतालाई जति बढी प्रेरित गर्‍यो, त्यत्ति नै शोषकहरुलाई भयभीत पार्‍यो । मजदूर र पददलित किसानहरुमा बिस्तारै बिस्तारै कस्तो भावना बढ्दै गयो भने नक्सालबाडीको बाटो नै मुक्तिको एकमात्र बाटो हो । शहरी मध्यमवर्ग र विद्यार्थीहरुले भारतको क्रान्तिको सम्पूर्ण चरणमा पहिलो पटक यस संघर्षबाट अभूतपूर्व प्रेरणा हासिल गरे ।

नक्सालबाडीको झिल्को थोरै समयमै देशको कुना कुनामा डढेलोको रुप लिएर फैलियो । बिहारको मुसहरी तथा उत्तर प्रदेशको लखीमपुर खिरी यस आन्दोलनको लपेटामा आए । पश्चिम बंगालको मेदिनीपुर जिल्लाको डेबरा तथा गोपीबल्लभपुर तथा बीरभूमका सशक्त किसानहरुको संघर्षले जमीन्दारहरुको मुटु हल्लाइदियो । त्यस संघर्षको मुकाबिला गर्न हरेक ठाउँमा सी.आर.पी.का सैनिक दस्ताहरू पठाइए । कुम्बिन, अपरेशन, मुठभेड जस्ता शब्दावलीहरु तथा नक्सलवादीहरुको लाशको खबरले अखबार भरिन थाल्यो ।

आन्ध्र प्रदेशको उत्तर-पूर्वी सीमास्थित श्रीकाकुलमको पार्वतीपुरम् एजेन्सी इलाका घना जंगल पहाडहरुले घेरिएको ठाउँ हो । यस क्षेत्रमा सातलाख शबर र जाटपुहरु बस्छन् । कम्युनिष्ट क्रान्तिकारीहरुले उनीहरुलाई 'गिरिजन संघम्' को झण्डामुनि संगठित गरेका थिए ।


१९६०को ३१ अक्टोबरमा पार्वतीपुरम् क्षेत्रको 'गिरिजन संघम्'को सम्मेलन गर्ने निर्णय गरिएको थियो । संघमका नेता बी. रामलिंगाचारी तथा सचिव आदिभट्टाला कैलाशम् जब नेविदि गाउँबाट सम्मेलन स्थलतिर गइरहेका थिए, उनीहरुलाई मार्नका लागि दुईजना जमीन्दारहरूले आफ्ना गुण्डाहरुमार्फत् उनीहरुमाथि आक्रमण गरे । ती दुईजना नेताहरु बचाइए, तर अन्य दुईजना गिरिजन नेताहरु मारिए एवं अन्य धेरै व्यक्तिहरु घाइते भए । नेविदि गाउँको यस हत्याकाण्डको विषयमा अदालतमा मुद्दा दायर गरियो । तर हत्यारा जमीन्दारहरुलाई इज्जतका साथ छोडियो । त्यो फैसला सुनेर गिरिजनहरुले शपथ लिए- हत्यारा जमीन्दारको हत्या गरेर हत्याको बदला लिइछाड्छौं ।

मार्च १९६८ मा गिरिजन संघमका नेता क. वेंपुतापु सत्यमको नेतृत्वमा सशस्त्र उभारमा भाग लिएर उनीहरुले जमीन्दारहरुको सम्पत्ति खोस्न थाले । त्यसकै परिणमस्वरुप श्रीकाकुलम् जिल्लाका सबै स्तरका जनतामा गहीरो हलचल मच्चियो । छापामार दस्ताहरुको पालो पहारामा जमीन्दारहरुको घरमा र खेतमा हमला गर्न थालियो । गाउँले इलाकाबाट जमीन्दार, साहूकार तथा अन्य स्थानीय उत्पीडकहरु शहरतिर भाग्न थाले । प्रतिक्रियावादी सरकारको बन विभाग, राजस्व विभाग वा पंचायत समितिका कुनै कर्मचारीलाई त्यस इलाकामा पस्न दिइँदैनथ्यो ।

छापामार दस्ता र ग्रामरक्ष दलमाथि गाउँहरुको सुरक्षा गर्ने जिम्मेवारी थियो । किसानहरुको क्रान्तिकारी संगठन 'रायताँगा संग्राम समिति' नै राजसत्ताको नयाँ रुप थियो । एजेन्सी इलाकामा त्यसको सदस्य संख्या आठहजार थियो । शासन व्यवस्था चलाउने र उत्पादन व्यवस्था संचालन गर्ने काम त्यही समितिले गर्‍थ्यो ।

जन-अदालतमा हाजीर गराउनका लागि छापामारहरुले पन्ध्रजनालाई अपहरण गरे । जन-अदालतमा उनीहरूलाई फैसला सुनाइयो र अपराध मुताबिक मृत्युदण्डको सजाय दिइयो । जमीन्दाहरुमाथि हमला गरेर प्रशस्त बन्दूक, गोली, बम र अन्य विस्फोटक पदार्थ कब्जा गरियो ।

क्रान्तिकारीहरु आफ्नो पार्टी बनाउने दिशामा क्रियाशील भए । २२ अप्रिल १९६९मा क. लेनिनको जन्म दिवसको उपलक्ष्यमा उनीहरुले भारतको



साभार: नक्सलवाडी और साहित्य

**डेढ महिनामा क्रान्तिकारी किसानहरुले आँधीबेरीको वेगमा सयौं सामूहिक भेलाहरु गरी किसान समितिहरु बनाउने, त्यसलाई आत्मरक्षा दलमा फेर्ने र किसानहरुलाई जमीन बाँड्न थाले**

कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) बनाए । १ मई १९६९ मा कलकत्ताको मैदानमा पार्टी निर्माणको घोषणालाई हजारौं हजार जनताले अभिनन्दन गरे ।

नक्सलवादी आन्दोलन शुरु हुनासाथ सरकारले पुलिस-बल पठाएर आन्दोलनलाई कुल्चने प्रयास गर्‍यो । छापामार दस्ताले जंगलमा लुकेर उनीहरुमाथि हमला गर्न थाले र पुलिसहरु भागाभाग भए ।१९६८-६९मा कम्युनिष्ट क्रान्तिकारीहरुले जमीन्दार, साहू, व्यापारी तथा वन विभागका कर्मचारी एव पुलिस गरी अड्चालीस जनाको हत्या गरे । पुलिसका विभिन्न बल र अड्डाहरुमा उनान्सय पटक हमला गरियो ।

जुलाई १९६९ सम्ममा पार्वतीपुरम् एजेन्सी इलाकाका पाँचसय अठार गाउँहरुमध्ये तीनसय गाउँ क्रान्तिकारीहरुको कब्जामा थियो । त्यहाँ तीनसय देखि चारसयको बीचमा छापामार दस्ताहरु क्रियाशील थिए । तिनीहरुमाथि दमन गर्नका लागि बाह्रहजार सशस्त्र पुलिस पठाइयो । दुईहजार आदिवासीहरुलाई जेलमा बन्द गरियो । सरकारले वेंपुतापु सत्यम् तथा आदिभट्टाला कैलाशम्सहित त्रिया-नब्बेजना नेतालाई पुलिस बलमार्फत मारे । साँच्चै नै गृहयुद्ध शुरु भयो ।

गृहयुद्धमा नक्सलवादीहरुको रगतले धरतीको रंग नै फेरिदियो । यस आन्दोलनका नेताहरु सुकिलो पोशाक लगाउने बुद्धिजीवीहरु थिएनन्, श्रीकाकुलमकै गिरिजन डेबराका आदिवासीहरु थिए, जस्ले आफ्नो ज्यान अर्पण गरे, तर रातो झण्डालाई खस्न दिएनन् ।

१९७०को १५-१६ मईमा कलकत्तामा भूमिगत रुपमा पार्टीको पहिलो सम्मेलन भयो । सम्पूर्ण भारतबाट एक्काईसजना प्रतिनिधि सहभागी भए । सर्वसम्मतिले कमरेड चारु मजुमदारलाई पार्टीको महासचिव पदमा निर्वाचित गरियो ।

म्याक्सिम गोर्कीले भनेका थिए- **जसरी पुरानो सत्ता माथिबाट सड्न थाल्छ, त्यसरी नै नयाँ सत्ता पनि दिमागबाट जन्मन थाल्छ ।** नक्सलवादीहरुले यसैलाई प्रमाणित गरिदिए । प्रेसीडेन्सी कलेज, विज्ञान कलेज, इन्जिनियरिंग कलेज, आई.आई.टी., मेडिकल कलेज तथा अनुसन्धान संस्थाहरु, जहाँ मुलुकका राम्रा राम्रा दिमागहरु अध्ययनरत थिए, ती सबै नक्सलवादीहरुको केन्द्र बन्न थाले ।

केरलामा कुमारी अजिताको नेतृत्वमा विद्यार्थीहरु, युवाहरु तथा किसानहरुको एउटा सशस्त्र दलले उत्तर मालावारको तेल्लीचेरी-पुलपल्ली थानामा आक्रमण गर्‍यो । त्यसबेला मद्रासको सबैभन्दा ठूलो अखबारले अजितामाथि कविता छापेको थियो । यदुगोडामा पक्राउ परेका नक्सलवादीहरुमध्ये एक अंग्रेज युवती मेरी टाइलर थिइन् । उनले पछि गएर जेलसम्बन्धी आफ्नो सस्मरण लेखेकी थिइन् ।

हतियारबन्द संघर्षमार्फत गाउँमा किसान-मजदूरको सत्ता कायम गर्दै भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी)ले शहर घेर्ने आफ्नो लक्ष्य बनायो । खेतीहर क्रान्ति उनीहरुको लक्ष्य थियो । त्यो लक्ष्य हासिल गर्नका लागि त्यसले वर्ग दुश्मन खत्तम गर्ने रणकौशल अपनायो । यसले चारैतिर आगो सल्काइदियो ।

**नक्सालवाडीको किसान संघर्षले देशभरिका पीडित जनतालाई जति बढी प्रेरित गर्‍यो, त्यत्ति नै शोषकहरुलाई भयभीत पार्‍यो ।**

पुरानो पार्टीबाट आएका नेताहरुमध्ये धेरैका लागि कठिन भूमिगत जीवन तथा हरेक पल पुलिसबाट भाग्दै हिंड्नु भनेको साह्रै असहनीय हुन थाल्यो । पार्टीले खुला संगठन र चुनावको पूरै रुपमा बहिष्कार गरिराखेको थियो । जेलमा रहेका क्रान्तिकारीहरुले जेल तोड्न थाले । जेलका अधिकारीहरुले पनि जेलमै क्रान्तिकारीहरुको हत्या गर्न थाले । सरकारविरुद्ध युद्ध-घोषणा गरियो ।

युद्धको क्रममा गाउँमा जमीन्दारहरु त मारिंदै थिए नै, अब शहरमा पुलिसहरु पनि मारिन थाले । विद्यार्थीहरुले स्वतःस्फूर्त रुपमा चीनको सांस्कृतिक क्रान्तिको शैलीमा बेलायती सरकारद्वारा आफ्नो साम्राज्यको सेवाको लागि एक शिक्षित समुदाय पैदा गर्नका लागि लागू गरिएको "मेकाले शिक्षा व्यवस्था" माथि प्रहार गरे । बंगलाका तथाकथित पुनर्जागरणका नेता विद्यासागर, आशुतोष मुखोपाध्यायका मूर्तिहरु तोड्न थालियो । गान्धीको मूर्तिको रक्षार्थ दिनरात पुलिस तैनाथ गरियो । स्कूल, कलेज तथा कलकारखानमा राता झण्डाहरु फहराइन थालियो ।

ठाउँ ठाउँमा मुक्त क्षेत्रहरु बने । केही इलाका लाल इलाका बने । ती इलाकाका चारैतिर स्वेत इलाका । सरकारी श्वेतआतंकको जवाफमा नक्सलवादीहरुले लाल आतंक खडा गरे । शहरका पर्खालहरु माओका उक्तिहरुले भरिन थाले । नारा सबैभन्दा पहिलोपटक शक्तिको रुपमा विकसित भइरहेको थियो । पूर्वी हावा पश्चिमी हावामाथि हावी हुन थालेको थियो ।

हुन त नक्सलवादीहरुलाई संसदसँग कुनै लिनु दिनु थिएन । तर संसद र विधान सभा भने उनीहरुलाई लिएर चिन्तित थियो । पटक पटक नक्सलवादबारे त्यहाँ विचार विमर्श हुन्थ्यो । अखबारहरु नक्सलवादीहरुसम्बन्धी खबरले भरिएका हुन्थे ।

मार्क्सले भनेका थिए- **"व्यक्तिले जब सिद्धान्तलाई समात्छ, तब त्यो भौतिक शक्ति बन्छ"**, नक्सलवादीहरुले त्यसलाई प्रमाणित गरेर देखाए ।

लेनिनले भनेका थिए- **"क्रान्ति जनताको उत्सव हो"** नक्सलवादीहरुले देखाए- साँच्चै त्यस्तै रहेछ ।

हजारौं हजार युवायुवतीहरु शहरबाट गाउँतिर पसे । 'सन् ७०को दशक मुक्तिको दशक'को नारा लगाउँदै १९७५ सम्ममा क्रान्ति पूरा गर्ने रुपरेखा बनाइयो । भूमिहीन र गरीब किसानहरुलाई संगठित गर्नु थियो । किसान-मजदूरहरुको लाल सेना बनाउनु थियो । हुन त यी सबै सपनाजस्तै थियो, तर नक्सलवादीहरुले अठोट गरे- यी सपनाहरु साकार पार्नका लागि ज्यान समेत दिनेछौं । धेरै मानिस मारिए । केवल कार्यकर्ताहरु मात्रै होइनन्, नेताहरु पनि धेरै मारिए । डा. भास्कर राव, पंचाडि कृष्णमूर्ति, निर्मला, वेंपुतापु सत्यम, सुब्बाराव पाणिग्रही, दया सिंह, भूजा सिंह, बर्गीज मारिए ।

१९७१को ४-५ अगस्टमा कमरेड सरोज दत्तलाई पुलिसले गिरफ्तार गर्‍यो । त्यही रात कलकत्ताको मैदानमा उनको हत्या गरियो ।

१६ जुलाई, १९७२मा पुलिसले क. चारु मजुमदारलाई पक्रयो । बाह्र दिनसम्म लगातार यातना दिएर २८ जुलाईका दिन लालबजारको पुलिस हिरासतमा उनको पनि हत्या गरियो ।

पैंतालीस हजार नक्सलवादीहरुलाई जेलमा बन्दी बनाइयो । युवकहरुले हाँसी हाँसी मृत्युलाई अंगालो मारे । यत्ति नयाँ पार्टीका यत्तिविधि नेता तथा कार्यकर्ता यत्ति कम समयमा

**नक्सलवादी आन्दोलनबाट प्रभावित क्षेत्रहरु (१९७०-७१)**




साभार: The Naxalite Movement in India

# नक्सलवादका प्रणेता क. चारु मजुमदार

जुलाई १६, १९७२ को एका बिहानै !

भारतका खुफिया पुलिसहरुले पूर्वी कलकत्ताको एउटा घरमा छापा मारे । पुलिसहरुको घेराउमा त्यस्तो मानिस पऱ्यो, जो ५० वर्षको वरिपरिको थियो, मझौला कदको, गहुँगोरो र कपालको रंग खुइलिँदै गएको थियो र खतरनाक अपराधीको रुपमा पुलिसको खातामा दर्ता गरिएको थियो ।

सुतिरहेकै बखत गिरफ्तार गरिएको उक्त खतरनाक व्यक्तिलाई पुलिसहरुले निन्द्राबाट ब्यूझाउँदै सोधे :

'के तपाई नै चारु मजुमदार हुनुहुन्छ ?

उनले बिना हिचकिचाहट स्वीकारें :

'हो, म नै भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को महासचिव चारु मजुमदार हुँ ।'

घरको खानतलाशी लिंदा पुलिसहरुले केही पाएनन्, नक्सलवादी आन्दोलनको क्रममा भएको सशस्त्र छापामार संघर्षका नेता क. चारु बसिरहेको घरमा समेत हातहतियार नपाएकोमा पुलिसहरु आश्चर्यचकित भए । त्यहाँबाट त पैथेडिन इन्जेक्शनहरुका साथ केही औषधी, एउटा सानो अक्सिजनको सिलिण्डर र १४ हजार ६ सय नगद रुपियाँ मात्रै बरामत गर्न उनीहरु सफल भए ।

साँच्चै को थिए त क. चारु मजुमदार ? उनी भारतीय पुलिसको



बही खाताअनुसार 'खतरनाक अपराधी' थिए, जसको टाउकोको मोल १० हजार भा.रु. घोषणा गरिएको थियो । उनीमाथि राज्यको विरुद्ध विद्रोह र षडयन्त्र गरेको, हत्या-डकैती र गैरकानूनी हतियार राखेको आरोप लगाइएको थियो ।

तर भारतीय जनताका मन-मस्तिष्कमा भने उनी क्रान्तिकारी थिए । उनी नक्सलवादी आन्दोलनका प्रणेता थिए । दार्जिलिङ्को सिलिगुडीमा सन् १९१८ मा वीरेश्वर मजुमदार नामक जमीन्दार-परिवारमा जन्मेका नक्सलवादी आन्दोलनका प्रणेता क. चारुको राजनीतिक जीवन भारतीय राष्ट्रिय कांग्रेसबाट शुरु भएको थियो । सिलिगुडी कांग्रेस कमिटिका सभापतिका छोरा भएकाले कांग्रेसमार्फत युवा उमेरमै भारतको स्वतन्त्रता आन्दोलनमा हाम्फाल्नका लागि क. चारुलाई आफ्नो परिवारको राजनीतिक संस्कारले निकै सहयोग पुऱ्याएको थियो ।

कांग्रेसबाट मोहभंग भएपछि उनी प्रतिबन्धित भारतीय कम्युनिष्ट पार्टी (एकीकृत भाकपा) मा प्रवेश गरेका थिए । सिलिगुडी ब्वाइज स्कूलबाट १९३६ मा मेट्रिक पास गरेर पब्ना स्थित (हाल बंगलादेश) एडवार्ड कलेजमा अध्ययन गरिरहँदा उनले भाकपामा प्रवेश गरेका थिए । भाकपाद्वारा आफूलाई दिइएको जलपाईगुडी जिल्लाको किसान संगठनको जिम्मा पूरा गर्ने क्रममा उनी किसानहरुबीच 'चारु बाबु'को रुपमा प्रख्यात हुन थाले ।

त्यसपछि उनले चिया बगानका मजदूरहरुबीच संगठन र संघर्षको कार्य गर्न थाले । किसान-मजदूरहरुबीच कार्य गर्ने क्रममा उनले भाकपाको नेतृत्वमा सन् १९४६-४७ मा जलपाईगुडीस्थित बोडा, पाचागह र देवीगंजमा तेभागा आन्दोलन चलाए । यो आन्दोलन सशस्त्र किसान संघर्षको रुपमा राम्ररी विकसित हुन नै नपाई असफल भयो ।

यस असफलताबाट पाठ सिकी उनले आफ्नो सम्पूर्ण समय र बुद्धि डोमोहानीस्थित बंगाल-डुवर्स रेल्वेका मजदूरहरुबीचको संगठन निर्माण र संघर्ष संचालनमा खर्च गर्न थाले । यसबीचको



कहीं पनि मारिएका थिएनन् ।

नक्सलवादी आन्दोलन १९६७मा शुरु भयो, पार्टी बन्नका लागि एकवर्ष र केही महीनाको समय लाग्यो । आन्दोलन १९७० र १९७१ मा दुई वर्ष मात्रै शिखरमा पुगेको थियो । पुलिस तथा गुण्डाहरुले मिलेर काशीपुर-बडानगरमा सयौं नक्सलवादी युवकहरुको नरसंहार गरे । सरकारी हिसाबले त्यस इलाकामा अठहत्तरजना तथा गैरसरकारी हिसाबअनुसार, पाँचसय युवाहरु मारिएका थिए । पछि यही तरीका हावडा, कोन्नगार, बारासत, बडानगर तथा अन्य ठाउँहरुमा पनि अपनाइएको थियो ।

उता चीनमा लिन प्याओद्वारा अध्यक्ष माओको हत्याको प्रयासको खबर अखबारहरुमा छापियो । यसले नक्सलवादीहरुको आस्थामाथि गहीरो चोट पुऱ्यायो । उनीहरुको स्थिति पानीबाट बाहिर फ्याँकिएका माछाहरुको जस्तै भयो । पार्टीभित्र दिशाको सवालमा विभाजनको रेखा कोरिन लाग्यो, पार्टी विभाजित हुन लाग्यो । क्रान्तिकारीहरु असंगठित रुपले गाउँबाट शहरतिर फर्कन थाले जहाँ षड्यन्त्रका जाल थापेर पुलिसहरु उनीहरुलाई नै पर्खिरहेका थिए । यो फर्काइले तुरुन्तै आन्दोलनलाई उजाड बनाइदियो ।

आँधीझैं तेज रुपले आएर यस आन्दोलनले मानौं सबै कुरा तहसनहस गऱ्यो । यसले पुरानो व्यवस्थाको तालमेल भत्काइदियो । संसदीय व्यवस्थाको जरो हल्लाइदियो । हरेक अर्थमा यो अत्यन्त मूल्यवान् प्रयोग थियो जुन पुनः दोहोऱ्याउन सकिंदैन ।

यसका साथै, भारतीय राजनीतिका कुनै पनि गम्भीर विद्यार्थी यसबाट केही शिक्षा नलिइकन रहनै सक्दैन भन्ने कुरा पनि निश्चित छ । नक्सलवादी आन्दोलनले क्रान्तिको सिलसिलालाई पूरा गर्न सकेन । यो कुरा पनि त्यत्तिकै वास्तविक छ । तर यसले मुक्त क्षेत्र बनाउने, किसान तथा मजदूरहरुलाई हतियारबन्द गरेर जनसेना बनाउने दिशा तय गरेको छ, जसलाई दुबै सरकारी कम्युनिष्ट पार्टीले बिर्सिसकेका थिए ।

के यो आन्दोलन असफल भयो त ?

पुलिस हिरासतमा बन्द गरिएका क चारु मजुमदारसँग पनि पश्चिम बंगालका तत्कालीन गृहमन्त्री सुब्रत मुखोपाध्यायले यही सवाल सोधेका

**शहरी मध्यम वर्ग र विद्यार्थीहरुले पहिलो पटक यस संघर्षबाट अभूतपूर्व प्रेरणा हासिल गरे । मुलुकका राम्रा राम्रा दिमागहरु अध्ययनरत कलेजहरु सबै नक्सलवादीहरुको केन्द्र बन्न थाले ।**

थिए । यसको जवाफमा क. चारुले भनेका थिए- '**सयौं युवाहरुले ब्यर्थै ज्यान गुमाएका होइनन्, उनीहरुले एउटा आदर्शका लागि आफ्नो जीवन दिएका हुन् । त्यो आदर्श अवश्य विजयी हुनेछ ।**'

नक्सलवादी आन्दोलनको पहिलो चरण यहीं अन्त हुन्छ । थाकेका नक्सलवादीहरुको एक भाग जब संसदतिर उन्मुख भइरहेका थियो, त्यसबेला यस आन्दोलनको अर्को अध्यायको शुरुवात गरिरहेका थिए क. सुब्रत दत्त, जो पछि गएर क. जौहरको नामले परिचित भए । उनी भोजपुरमा यसरी शपथ लिंदै थिए:

*"जहाँसम्म म हेर्न सक्छु*
*म खोज्दै रहनेछु,*
*जबसम्म म हिंड्न सक्छु*
*अगाडि बढ्दै रहनेछु ।*
*जबसम्म म उभिन सक्छु*
*म लडिरहने छु ।"*

❑



**क. चारु माकपाको क्रान्तिकारी लफ्फाजी र व्यवहारमा भाकपाकै शैलीदेखि वाक्क भएका थिए**

१५ वर्षको अवधिमा उनी आफ्नै गृह-जिल्ला दार्जिलिङ्मा कहिले चिया बगानका मजदूरहरुलाई संगठित गर्दै, कहिले ट्रेड यूनियनका संघर्षहरुमा हाम्फाल्दै, नेतृत्व दिँदै, भाकपाको जिल्ला कमिटीका सदस्यको हैसियतले क्रियाशील भइरहे । उनको यस क्रियाशीलतामाथि सरकारले बीचबीचमा गिरफ्तार गरी अवरोध खडा गर्ने कार्य गरी नै रह्यो, जस्तो उनलाई १९४९ मा गिरफ्तार गरी १९५२ मा रिहा गरिएको थियो ।

१९६० को दशक शुरु भएपछि भाकपाभित्र चलिरहेको आन्तरिक संघर्षले विस्फोटक रुप लियो, केही भाकपा-नेताहरुले 'चिनियाँ बाटो, माओत्सेतुङ विचार र नयाँ जनवादी क्रान्तिको नारा दिँदै यस अन्तर-पार्टी संघर्षलाई तेज पारे, यसको पक्षमा क. चारु पनि थिए । भारत-चीन सीमा विवादका कारणले भएको युद्धको क्रममा उनलाई राज्यविरोधी क्रियाकलाप गरेको आरोपमा गिरफ्तार गरिएकोले उनी यस अन्तरपार्टी संघर्षमा अग्रिम पंक्तिमा देखा परेनन् ।

१९६३ मा रिहा भएपछि सम्पन्न भएको पश्चिम बंगाल एसेम्बलीको चुनावमा सिलिगुडीबाट भाकपाका उम्मेदवारको रुपमा चुनाव लड्न समेत भ्याएका क. चारु चुनावमा पराजित भए । अन्ततः भाकपा १९६४ मा फुटेपछि क. चारु पनि चीनियाँ बाटोलाई अनुशरण गर्नेहरुद्वारा गठित भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) अर्थात माकपामा प्रवेश गरे । माकपाको क्रान्तिकारी लफ्फाजी र व्यवहारमा उही भाकपाकै शैली देखी वाक्क भएका क. चारुले केही आन्तरिक संघर्षपछि माकपाबाट पनि क्रान्ति नहुने ठहर गरी छुट्टै पार्टीको निर्माणमा लागे ।

आफ्नै गृह जिल्ला तथा आफ्नै कार्य क्षेत्र सिलिगुडीको नक्सालबाडीबाट उनले सन् १९६७ देखि ऐतिहासिक सशस्त्र किसान विद्रोहको थालनी गरे र त्यसलाई सैद्धान्तिक, राजनीतिक र रणनीतिक नेतृत्व दिए ।

नक्सलवादी आन्दोलनको नामले चर्चित यस सशस्त्र किसान संघर्षका प्रणेता क. चारु माकपाबाट निष्काशित भएपछि 'क्रान्तिकारीहरुको अखिल भारतीय समन्वय समिति, 'कम्युनिष्ट क्रान्तिकारीहरुको अखिल भारतीय समन्वय समिति र पछि 'भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) पार्टी' स्थापना गर्ने काममा सक्रिय भएका थिए ।

१९६९ मा भाकपा (माले) को स्थापनापछि त्यसका प्रथम महासचिव पदमा निर्वाचित भएका क. चारुद्वारा प्रतिपादित 'वर्ग शत्रु खत्तम' गरी नयाँ जनवादी क्रान्ति स्थापना गर्ने सपना उनको जीवन कालमा पूरा हुन सकेन । भारतीय शासक वर्ग विरुद्ध सशस्त्र संघर्षको थालनी गरेको आरोपमा भारतीय सरकारले अन्ततः जुलाई १६, १९७२ मा उनलाई गिरफ्तार गर्‍यो । र १२ दिनपछि नै मुटुको व्यथाले कलकत्ताको लाल बजार प्रहरी हिरासतमै मरेको घोषणा गरेर उनको क्रान्तिको सपनालाई मृत घोषणा गर्ने दुस्प्रयास गर्‍यो । तर उनको सपना बोक्ने नक्सलवादी समूहहरु अद्यापि क्रियाशील छन्, एकीकृत ढंगले होइन, चालीसौं समूहमा विभाजित भएर ।

– राजेन्द्र महर्जन


# चिराग उद्योग समूह

अन्तर्राष्ट्रिय स्तरको फोमका डस्ना, चकटी, तकिया तथा फर्निचर आदिमा प्रयोग गर्न सकिने फोमका सिटहरुको लागि हामीलाई संझनुहोस् ।

खानेपानी, ढल निकास, सिंचाई, ट्यूबवेल आदिमा प्रयोग गर्न सकिने अत्याधुनिक प्रविधिबाट उत्पादित विभिन्न साईजका उच्चस्तरीय पि.भि.सि. पाईपहरू प्रयोग गर्नु भई ढुक्क हुनुहोस् ।

**पि.भि.सि. पाईपहरु बलियो, किफायती, हलुको, खिया नलाग्ने, कडा हुने र यसलाई चुहावट नहुने गरी जडान गर्न सकिन्छन् ।**

*मुक्तेश्वर पि.भि.सि. पाईपहरू नेपाल अधिराज्यका मुख्य शहरहरूका हार्डवेयर पसलहरूमा पाइन्छन् ।*


प्राकृतिक रबर प्रयोग गरी निर्माण गरिएका विभिन्न साईजका डनलपका (रबर) डस्ना, चकटी, तकियाको लागि संपर्क गर्नुहोस् ।

निर्माता **चिराग फोम ई. प्रा. लि.**, वा. औ. क्षे., काठमाडौं, फोन नं.: २७२३८४

निर्माता **मुक्तेश्वर पाईप ई. प्रा. लि.**, पुतलीसडक, काठमाडौं, फोन : ४२०७७३

निर्माता **श्री राम रबर ई.**, बालाजु, काठमाडौं, फोन नं.: २७०००८

**मुख्य कार्यालय : फोन नं : ४२०७७३, २२७३८५, फ्याक्स नं.: ९७७-१-४२०७७३, पुतली सडक, काठमाडौं**



# चे ग्वेभारा कसरी क्रान्तिकारी हुनुभयो ?

## विश्व क्रान्ति योद्धा चे ग्वेभाराको धारावाहिक जीवनी -१

**एकजना मेडिकल डाक्टर भएर पनि विस्तारै क्रान्तिकारी बन्दै ल्याटिन अमेरिका कै क्रान्तिका लागि शहादत प्राप्त गर्नु भएको विश्व क्रान्ति योद्धा चेको विकासक्रमको खोतल खातल**


**'म अर्जेन्टिनामा जन्में, क्यूवामा लडें र ग्वाटेमालामा क्रान्तिकारी बनें'**

विख्यात अन्तर्राष्ट्रियतावादी क्यूबाली क्रान्तिका एक प्रमुख नायक तथा छापामार युद्धका एक प्रतिपादकको रुपमा चर्चित अर्नेष्टो चे ग्वेभाराले माथिको विचार आफ्नो आत्मकथाको सार खिंच्दै लेख्नु भएको थियो ।

यसरी अर्जेन्टिनामा जन्मेर, ग्वाटेमालामा क्रान्तिकारी बन्दै, क्यूबाको मुक्तिको लागि छापामार युद्ध लड्दै अन्ततः बोलिभियाको युद्ध-मैदानमा बीरगति प्राप्त गर्ने चे ग्वेभाराको युवा जीवन पनि उत्तिकै विद्रोही र साहसिक थियो ।

ल्याटिन अमेरिकाको एक देश अर्जेन्टिनाको एउटा स्वतन्त्र र सम्पन्न इन्जिनीयरको परिवारमा सन् १९२८ को जून १४ मा चे ग्वेभाराको जन्म भएको थियो । स्पेनी र आइरिश रक्त मिश्रित चे ग्वेभाराको पारिवारिक नाम अर्नेष्टो ग्वेभारा डे ला सेर्ना थियो भने परिवारमा प्रेमपूर्वक बोलाइने नाम थियो- तेते । तर संघर्षको क्रममा राखिएको उपनाम 'चे' अर्थात् 'हाम्रो' वा चे ग्वेभाराको नामले प्रसिद्ध भएका अर्नेष्टो चे ग्वेभाराको रगतका कण-कणमा आफ्नो परिवारको संस्कृति मिसिएको थियो । उहाँको परिवारबाट उहाँले न्यायप्रतिको प्रेम, फासिवादप्रतिको घृणा, धार्मिक सहिष्णुता, साहित्यमा रुचि, कविताप्रतिको प्रेम एवं पैसा कमाऊ प्रवृत्तिप्रतिको वितृष्णाको संस्कृति सिक्नु भएको थियो ।

आफ्नो विद्रोही स्वभावलाई मिल्ने पारिवारिक संस्कृतिको जगमा उभिएर जीवन, जगत् र किताबको अध्ययनबाट, एवं अर्जेन्टिनामा मात्रै होइन, ल्याटिन अमेरिका-भरिकै यात्राको क्रममा थाहा भएको आर्थिक राजनीतिक स्थितिको अनुशीलनले चे ग्वेभारालाई क्रान्तिकारी बनाएको थियो ।



दुई वर्षको उमेरमै दमको दीर्घरोगी हुनु भएका चेको विद्यार्थी काल कुनै सामान्य बालकको जस्तो भएन । दीर्घरोगी भएकाले ओछ्यानबाटै अध्ययन थाल्नु भएका चेले खेलकूद, साहित्य, यात्राका साथसाथै अध्ययनमा काफी प्रगति गर्नुभयो । भनिन्छ- वहाँले व्यवहारमा किशोर हुदा युवाहरुको जस्तो, युवा हुँदा प्रौढको जस्तो परिपक्वता प्राप्त गर्नु भएको थियो ।

आफ्नो स्कूलका समकालीन विद्यार्थीहरुको नजरमा चे आत्म-विश्वासी, विचारमा पूर्ण रुपमा स्वतन्त्र, बहुआयामिक, अथक र विद्रोही हुनुहुन्थ्यो । शिक्षकहरुको आँखामा चे अस्वाभाविक रुपमा हुर्केको, बढेको, प्रौढता हासिल गरेको, आफ्नै व्यक्तित्व भएको, मूडी, अनुशासनहीन तर अध्ययनशील विद्यार्थी हुनुहुन्थ्यो । त्यसैले, स्कूल कै अध्ययनको क्रममा उहाँले विश्वविद्यालयका विद्यार्थीहरु समान हैसियत पाउनु भएको थियो । अल्टा ग्रेसियाको स्कूले जीवन सकेर १९४१ मा १३ वर्षको उमेरमै डीन फ्यूनस स्टेट कलेजमा अध्ययन गर्नु भएका चेले ४ वर्षमा कलेज अध्ययन समाप्त गरी राजधानी ब्यूनर्स आयर्सको यूनिभर्सिटिमा मेडिकल विभागमा डाक्टरीको लागि प्रवेश गर्नु भयो । इन्जिनीयर बाबुको र सिंगै परिवारको चे इन्जिनीयर हुनेछ भन्ने सपना थियो । तर आफ्नी हजूर आमाको क्यान्सर रोगबाट भएको मृत्यु, आफ्नी आमाको क्यान्सरसंगको युद्ध र आफ्नै दमको रोगका कारणले उहाँलाई डाक्टरी पढ्न घच्घच्याएको थियो ।

आफ्नो रोगी शरीरलाई वास्तै नगरी उहाँले आफ्नो ६ वर्षको विश्वविद्यालयको पाठ्यक्रम ३ वर्षमै पूरा गर्नु भयो र १६ वटा प्रमुख जाँचहरु दमले ४५ पटकसम्म आक्रमण गरेता पनि ६ महीनामै उहाँले पास गरी छोड्नु भयो । तर उहाँले

**सन्दर्भ : चे ग्वेभाराको ६७ औं जन्म दिवस**

अध्ययनको क्रममा राम्रो नम्बर ल्याउने ध्याउन्ना कहिले पनि गर्नु भएन । उहाँ फुर्सदमा साहित्यको अध्ययनमा र आफ्नो देश एवं सिंगै ल्याटिन अमेरिकी महादेशका कुनाकाप्चामा साइकल यात्रा गरेर बिताउनु हुन्थ्यो ।

आफ्नी हजूर आमा, आमा र आफ्नो लगायत गाउँ-छिमेक र शहरका जनताको रोगको जैविक कारणलाइ डाक्टरी शिक्षाले उपचार गर्न सक्ने स्थिति उहाँले देख्नु भयो । तर त्यसको सामाजिक, आर्थिक र राजनीतिक कारणको उपचार के हो त ? यो जटिल प्रश्नले उहाँको जीवनको लक्ष्यमाथि नै प्रश्न चिन्ह उठाई दियो ।

उहाँ आफैंले भन्नु भएको थियो- "मेडिकल लाइनको अध्ययन थाल्दा मलाई लागेको थियो- म डाक्टर बन्छु । क्रान्तिकारी बन्छु भन्ने त भान नै थिएन । सबै विद्यार्थीहरुमा जस्तै ममा पनि सफलताको इच्छा थियो, प्रसिद्ध अनुसन्धानकर्ता हुने सपना थियो र मानवजातिको हितको लागि निस्वार्थ रुपले खटेर कुनै ठोस उपलब्धि हासिल गरेर देखाउने महत्वाकांक्षा थियो । तर ती सबै सपनाहरु मेरा व्यक्तिगत सफलतासंग मात्रै सम्बन्धित थिए । किनकि म पनि हामी सबै जस्तै यही वातावरणकै उत्पादन थिएँ ।"

"पछि, मैले देखें- अभिभावकहरु पैसाको अभावमा आफ्ना छोराछोरीहरुलाई उपचार गराउन असमर्थ छन् । मैले देखें- निरन्तर रुपले सहनु पर्ने भोक र पीडाले मानिसहरुलाई अधःपतन गरिराखेको र पशु बन्न बाध्य पारिराखेको दुःखद अवस्था छ, जसले गर्दा बाबुहरु स्वयं आफ्ना सन्तानहरुको मृत्युको कामना गरिरहेको समेत देखें । तब मैले महसूस गरें- एउटा प्रसिद्ध अनुसन्धानकर्ता हुनुभन्दा पनि, मेडिकल साइन्समा महत्वपूर्ण र ठोस योगदान गर्नुभन्दा पनि, पीडित जनतालई राहत दिनु भन्दा पनि महत्वपूर्ण कुरा हो- लक्ष्य, क्रान्तिको लक्ष्य !"


अझ त्यसमा पनि ल्याटिन




मेक्सिकोबाट प्रशिक्षित हुँदै चे (१९५६ मा)



१९५५ मा मेक्सिकोको यात्रामा





↑ साइकल यात्रीको रुपमा (१९५०मा)

← युवा चे (१९४३ मा)

↓ आफ्नो परिवारका साथ (पूरै दायाँ)


क. फिडेलका साथ युद्धको खाका तयार गर्दै ↘

अमेरिकी महादेशको लामो यात्राको क्रममा ड्राइभर, डाक्टर, भरिया र कान्छा भएर चिलीका खानीहरु ,अमेजन जंगलका रेड-इण्डियन आदिवासीहरुको बस्तीमा, पेरुका खेत-खलिहान र मजदूरका कार्यस्थलहरुको भ्रमणले उहाँमा थप प्रश्न, ऊर्जा र क्रान्तिकारी चेत थपी दियो ।

क्रान्तिको लक्ष्यले मात्रै अर्जेन्टिना, चिली, पेरु, मेक्सिको र सिंगो ल्याटिन अमेरिकी गरीब उत्पीडित, रोगी र भोका-नाङ्गा जनताको रोगलाई निर्मूल गर्न सक्छ भन्ने चेत उहाँमा ती यात्राले बिस्तारै भर्न थाल्यो ।

उहाँले एकपटक भन्नु भएको कुरो यहाँ स्मरणीय छ, 'मैले यात्रा गरेका देशहरुको स्थिति हेरेर, त्यहाँको गरीबी र रोग-भोकको निकट र जीवन्त सम्पर्कले ममा परिवर्तन ल्याउन थाल्यो । मैले यात्राको क्रममा पत्ता लगाएँ- स्रोत र साधनको अभावमा रोगी बच्चाहरुको उपचार गर्न म असमर्थ छु । मैले देखें- निरन्तर दमनका कार्यहरु जारी छन्, कुपोषणको आँधी चल्दै छ । यसै क्रममा मैले महसूस गन थालें- अनुसन्धानकर्ता हुन, मेडिकल साइन्समा योगदान दिन वा जनतालाइ राहत दिन डाक्टर बन्नुभन्दा पनि महत्वपूर्ण कुरा हो- क्रान्तिकारी बन्नु ।"

यसै क्रममा १९५३ मा डाक्टर बन्नु भएको चेले अचानक फेरि आफ्नो देश छोडी नजिकैको देश बोलिभियाको यात्रा गर्नु भयो । बोलिभियामा त्यस बेला सुधारवादी सरकारबाट राष्ट्रको टीन खानीलाई राष्ट्रियकरण गर्ने, जमीनहरु आदिवासी किसानहरुमा वितरण गर्ने सुधारवादी कार्यहरु भइरहेको थियो । यसबाट मेडिकल साइन्स र पुरातत्वमा विशेष रुचि लिने चेभित्र विकसित हुँदै गइरहेको क्रान्तिकारीतालाई थप बल मिल्यो ।








चे ग्लाइडर पाइलटका रुपमा

त्यसको अर्थ उहाँ पूरै क्रान्तिकारी भइसक्नु भयो भन्ने चाहिं पक्कै होइन।

बोलिभियाको सुधारवादी सरकारका क्रियाकलापहरुले उहाँलाई क्रान्तिकारी विचारप्रति निक्कै आकर्षित गर्ने काम गरेकोमा चाहिं सन्देह छैन। त्यसैले चे विशेषज्ञहरु भन्छन्- "बोलिभियाले चेको जीवनमा क्रान्तिकारीता भर्नेदेखि लिएर चेको जीवनको अन्तिम संघर्ष गर्ने प्रेरणा दिएको थियो, भनौं यसले उनको राजनीतिक जीवनको शुरु र अन्त गरेको थियो।"

तर चाँडै १९५३ को तथाकथित बोलिभियाली क्रान्ति पछि गएर सुधारवादबाट पनि खस्दै जान थालेको देखेर चे चिन्तित हुनु भयो र ल्याटिन अमेरिकाका मुक्तिदाता सिमोन बोलिभारको शालिक अगाडि बोलिभियामा अर्को क्रान्तिको आवश्यकता छ भन्ने बिचार पोख्दै आफ्नो असन्तुष्टि व्यक्त गरी हिंड्नु भयो। सरकारद्वारा खानीहरु राष्ट्रियकरण गरिएपछि मजदुरहरुको ज्यालामा त केही वृद्धि भयो। तर मजदुरहरुलाई मानसिक र भौतिक रुपमा सशस्त्र पार्ने काम नभएबाट मजदुरहरु सुधारमै दिग्भ्रमित हुने विचार उहाँको थियो। बोलिभियाली साथीहरुसंगको लामो बहस पछि पनि उनीहरुसित उहाँ सहमत हुनु भएन।

त्यसपछि उहाँले ट्रकमा चढेर आफ्ना बोलिभिया यात्राका सहयात्री रोजोसंगै पेरुका ग्वायाक्वील क्षेत्रमा आदिवासी जनताका बस्तीहरुमा यात्रा गर्नु भयो। त्यसपछि उहाँ ग्वाटेमाला पुग्नु भयो, जहाँ अर्को 'क्रान्तिको नगरा' बज्दै थियो। त्यहाँ ज्याकोब आर्बेन्जको सुधारवादी सरकारले प्रगतिशील बुद्धिजीवीहरु र युवा सैनिक अधिकारीहरुको बलमा सुधारवादी काम थाल्दै थियो। आर्बेन्ज सरकारले पनि अमेरिकी साम्राज्यवादअन्तर्गतको यूनाइटेड फ्रुट कम्पनीका जग्गाजमीनहरु अधिग्रहण गरेर रेड इण्डियनहरु र किसानहरुलाई वितरण गरिरहेको थियो तथापि यूनाइटेड फ्रुट कम्पनीको उपनिवेशको रुपमा चर्चित ग्वाटेमालामा आर्बेन्ज सरकारले सामान्य सुधारवादी कामहरु मात्रै गर्न थालेको देखेर समेत अमेरिकी साम्राज्यवाद आगो भएको थियो।

त्यही बेला ग्वाटेमाला पुगेर आर्बेन्जको सरकारलाई सहयोग गर्न चेले डाक्टर भएरै सेवा गर्न खोज्दा जनस्वास्थ्य विभागका अधिकारीहरुले उहाँसित सत्तासीन ग्वाटेमालाको ल्याबोर पार्टीको सदस्यता कार्ड खोजे। चेले आफू क्रान्तिकारी भएको, तर पार्टी सदस्य नभएको जवाफ दिनुभएपछि उहाँले सहयोग गर्ने अवसर समेत पाउनु भएन।


यत्तिकैमा अमेरिकी साम्राज्यवादको षडयन्त्रले गर्दा १९५४ मा आर्बेन्ज सरकारलाई सैनिक विद्रोहमार्फत अपदस्थ गरियो। त्यसपछि चे पनि त्यहाँको संघर्षको मैदानमा होमिनु भयो। सि.आई.ए.द्वारा प्रशिक्षित, निर्देशित तथा अत्याधुनिक हतियारले सुसज्जित क्यास्टिलो अर्मासका भाडाका सैनिकहरुले ग्वाटेमालामा गरेको प्रतिक्रान्तिकारी हमलाको विरोधमा जनतालाई सशस्त्र प्रतिरोध गर्नका लागि उहाँ खट्नु भयो। तर अन्ततः प्रतिक्रान्तिकारी गिरोहले सत्ता कब्जा गरेपछि उहाँ अर्जेन्टिनाको दूतावासमा दुई महीनासम्म शरणलिई बस्न बाध्य हुनु भयो।

आर्बेन्ज सरकारको पतन, चेले आह्वान गर्नु भएको सशस्त्र प्रतिरोधको दुःखद असफलता र अमेरिकी साम्राज्यवादको-विजयले उहाँमा संपूर्ण जनताको र विश्वको एक नम्बरको शत्रु अमेरिकी साम्राज्यवाद हो भन्ने चेत खुल्यो। र साम्राज्यवाद विरोधी राजनीतिक शक्ति, दर्शन र विचारहरुको अध्ययनको लागि यस पराजयले उहाँको दिल-दिमागको ढोका खोल्यो। यसरी उहाँभित्र एक जना डाक्टरबाट क्रान्तिकारी र मार्क्सवादी हुने आन्तरिक विकार क्रम ग्वाटेमालाको सुधारवादी सरकारको अमेरिकी साम्राज्यवादसंगको द्वन्दको क्रममा बढी तीव्र भएको थियो। र यो कुरा उहाँ आफैले पनि स्वीकार्नु भएको थियो।

ग्वाटेमालाको दुर्घटनापछि मार्क्सवादको विशेषतः मार्क्स र लेनिनका रचनाहरुको अध्ययन उहाँले मेक्सिकोमा गएर गर्न थाल्नु भयो। मार्क्स र लेनिनका सम्पूर्ण रचनाहरु र अन्य मार्क्सवादी बिचारकहरुको बिचार अध्ययन गर्ने क्रममै उहाँले फ्रान्कोको फासिवादी शासन विरोधी स्पेनीश गृहयुद्धकमा प्रयुक्त छापमार युद्धका कला-कौशलहरुको अध्ययन पनि थाल्नु भयो। मेक्सिकोको तथाकथित क्रान्तिकारी सरकारद्वारा थालिएको सुधारले पनि पूँजीपति वर्ग र अमेरिकी साम्राज्यवादकै सेवा गरिरहेको अनुभव बटुले पछि त उहाँमा अत्यन्त तीव्र वेगले परिवर्तन आयो। अब उहाँको क्रान्तिकारीता मार्क्सवादी दर्शनसँग जोडिन थाल्यो।

भोक, अध्ययन र अनुभवको तीव्र वेगले उहाँलाई क्रान्तिकारी नभएका सुधारवादी सरकारहरुले जनतामा भ्रममात्रै पार्ने र क्रान्तिलाई पछि धकेल्ने काम मात्रै गर्ने निष्कर्षतिर पुऱ्यायो। उहाँलाई यसले संघर्षसँग जोडिएको सशस्त्र संघर्ष आवश्यक भएको निर्णयतिर पुऱ्यायो।

(क्रमशः)

Open smile and friendliness. Care for each other and willingness to co-operate. These are some of the lively values of Nepalese culture. At Bank of Kathmandu, we combine these lively values with the latest technology of the world while servicing our customers. In a responsive way. Efficiently. And productively.

BANK OF KATHMANDU LTD.
(In Collaboration With THE SIAM COMMERCIAL BANK PCL, THAILAND)

International banking, the personalised way.

P.O. Box: 9044, Kamaladi, Kathmandu, Nepal. Tel: 418068, Fax: 418990, Tlx: 2820 BOK NP

# कसरी राजतन्त्र जीवित छ- हाम्रो रगत रगतमा ?



-सुशील कर्माचार्य

हामीले ४६सालमा जन आन्दोलन गरेर निरंकुश राजतन्त्रलाई निरस्त्र पार्‍यौं । राजनीतिमा निरंकुश राजतन्त्र अब निरंकुश बाँकी रहेन । त्यो अब संविधानका सीमाहरुमा कैद भयो । तर संस्कृति भएर हाम्रो हड्डी हड्डीमा, रगत रगतमा घुसिसकेको निरंकुश राजतन्त्र भने जीवनशैली भएर हाम्रो मन-मस्तिष्कको सिंहासनमा अझै ज्यूँका त्यूँ विराजमान छ । हाम्रो घरमा, बस्तीबस्तीमा, पलपलको व्यबहारमा निरंकुश राजतन्त्र अझै जीवित छ जीउने ढंग भएर ।

यो कसरी हँ ? स्वभाविक रुपमा प्रश्न उठ्न सक्छ ।

रामबहादुर के. सी. घरको मुली हो । ऊ घरपरिवारको कुनै पनि कुरा गर्न परिवारसित सरसल्लाह गर्दैन । हरेक कुरा ऊ एक्लै निर्णय गर्दछ । उसले गरेको कुनै पनि निर्णयमा जहान, छोराछोरीले प्रश्न उठायो भने ऊ बाघझैं क्रुद्ध हुन्छ र भन्छ - मैले गरें त गरें । म घरको अभिभावक हुँ । मैले गरेको निर्णयमा औंलो ठड्याउने तँ को होस् ?

छोरीको प्रेमसँगै पढ्ने तल्लो जातको कुनै अर्को भलादमी युवकसित थियो । तर इज्जतको सवाल निकालेर उसले छोरीलाई जबर्जस्ती अर्को ठाउँमा दिइपठायो, जहाँ उसको जीवन पूरै बर्बाद भयो । छोराको मनोविज्ञान पढ्ने तीब्र चाहना थियो । तर डाक्टर बनाउनको लागि उसले छोरालाई बलपूर्वक आई. एस. सी. पढायो- जहाँ ऊ बर्षेनी फेल भइरहेछ । रामबहादुरको घर उसको जहान र छोराहरुले धानिरहेछन् । ऊ आफू घरको काममा सिन्को भाँच्दैन । तर घरको लगाम र ताल्चासाँचो भने उसकै हातमा छ । घरको सारा अधिकार ऊ आफैंमात्र थुपार्छ ।

यस्ता रामबहादुरहरु हाम्रो समाजमा छ्यासछ्यास्ती भेटिन्छन् । के हामीलाई हाम्रो निर्णय र कामकारवाहीमाथि जहान-छोराछोरी, भाइबहिनीले बुद्धिविवेक लगाएर प्रश्न उठाएको र अंकुश लगाएको मनपर्छ ? के हामीलाई कुनै पनि निर्णय गर्नुअघि मान्नुपर्नेहरुले त्यसमा सहभागी भएर छलफल गरेको मन पर्छ ? के हामी कर्तव्य अरुलाई बाँडेजस्तै अधिकार पनि अरुमा बाँड्न मन पराउँछौं ? हामीलाई यो मन पर्दैन भने सोच्नुपर्छ हामी पनि एक से एक रामबहादुरहरु हौं ।

कर्तव्य जति अरुका भागमा, अधिकार जति आफ्नो भागमा, निर्णय गर्ने हक जति आफ्नो थाप्लामा लागू गर्ने दायित्व जति अरुको थाप्लामा, एउटाले मन-खुसी हुकुम गर्दै जाने, अरुले सोच्दै नसोची चूपचाप स्वीकार्नै पर्ने, निरंकुश राजतन्त्रको मूल बिशेषता र प्रवृत्ति हो । रामबहादुर के.सी.हरुले हाम्रो समाजमा कायम गरिरहेको जीवनशैली पनि बिल्कुलै त्यही हो ।

रामबहादुरहरुको नजरमा असल, अनु-शासित मान्छे भनेको त्यो हो जो कुनै पनि आदेश र निर्णय लागू गर्नुअघि आफ्नो बुद्धिविवेक प्रयोग गर्दैन । कुनै पनि कुरामा आलोचनात्मक प्रश्न उठाउँदैन । हरेक हुकुम आँखा चिम्लेर स्वीकार गर्छ अर्थात् विवेक र आलोचनात्मकता मरेको एउटा दब्बु मान्छे नै रामबहादुरहरुको लागि अनुशासित मान्छे हो । रामबहादुरहरुको यो चाहना र निरंकुश राजतन्त्रका दब्बु जनताको चाहनामा के तात्विक अन्तर नै के छ ? हामीले के पनि घोत्लिनु जरुरी छ भने हाम्रो चाहना र रामबहादुरको चाहनामा नै तात्विक अन्तर के छ ?

हामी अधिकार जति आफ्नो हातमा मुठ्याउन चाहन्छौं र कर्तव्य जति अरुका थाप्लामा लाद्न चाहन्छौं भने बुझ्नुपर्छ- निरंकुश राजतन्त्र हाम्रो नशानशामा अझै जीवित छ । हामी हाम्रो अन्तरहृदयमा निर्णय गर्ने हक जति एक्लै हसुर्न चाहन्छौं, तर त्यो लागू गर्ने दायित्व जति अरुमा थुपार्न चाहन्छौं भने हामीले बुझ्नुपर्छ- हाम्रो हड्डीहड्डीमा निरंकुश राजतन्त्र ज्यूँदैछ । हामी हाम्रा प्रत्येक विचार र आदेश अरुले विना सोचविचार चूपचाप स्वीकारोस्, त्यसमाथि कुनै पनि आलोचनात्मक प्रश्न नउठाओस् भन्ने चाहन्छौ भने ठान्नुपर्छ- निरंकुश राजतन्त्र संस्कृति भएर हाम्रो रगतरगतमा दौडिरहेछ । हामीलाई अरुले बुद्धिविवेकको प्रयोग गरेर अंकुश लगाएको मन पर्दैन, हामी आफू फुक्का साँढेझैं स्वच्छन्द हुन चाहन्छौं र अंकुश जति अरुमाथिमात्र होस् भन्ने चाहन्छौं भने बुझ्नुपर्छ- हामीभित्र निरकुंश राजतन्त्र प्रवृत्तिका रुपमा जीवित छ ।

हरिकृष्ण र सविता दुवै एम.ए. पास गरेका दम्पत्ति हुन् । दुवै अलग अलग क्याम्पसमा प्रध्यापक छन् । दुवै उत्ति नै कमाउँछन् । हरिकृष्णलाई घरमा स्वतन्त्रता नै स्वतन्त्रता छ; तर त्यही स्वतन्त्रता आफ्नी श्रीमतीलाई दिन हरिकृष्ण तयार छैन । हरिकृष्ण जति पनि बेला डुल्न र घर फर्कन स्वतन्त्र छ । यसमाथि श्रीमतीले अंकुश लाउन खोज्दा हरिकृष्ण विद्रोह गर्छ । तर श्रीमती कामबाटा एक घण्टामात्र घर फर्कन ढीलो भयो भने हरिकृष्ण स्पष्टीकरण माग्छ- तँ कहाँ गएकी थिइस् ? को को भेटिस् ? किन ढीलो गरिस् ? घरमा हरिकृष्णको कुनै महत्वपूर्ण काम छैन । तर फुर्सद भए पनि ऊ केही काम गर्दैन पत्रिका पढेर बस्छ । कार्यालयको काम भ्याएर पनि घरको सारा काम सविता एक्लैले भ्याउनुपर्छ ।

एकजनालाई स्वतन्त्रता नै स्वतन्त्रता, अरुमाथि बन्धन नै बन्धन, आफू कसैको अंकुशमा बस्न नखोज्ने, तर अरुलाई भने अंकुशै अंकुशमा राख्न खोज्ने; अरुमाथि हमेशा शासन गर्न रूचि राख्ने, तर आफू कतैबाट शासित हुन नचाहने- निरंकुश राजतन्त्रको मूल प्रवृत्ति यही हो । निरंकुश राजतन्त्रको यो प्रवृत्ति र प्राध्यापक हरिकृष्णको प्रवृत्तिमा कुनै तात्विक भिन्नता देखिन्न ।

हाम्रो समाजमा यस्ता हरिकृष्णहरु थुप्रै छन् ।

हामी आफूमात्र स्वतन्त्र हुन चाहन्छौं । बाँकी सबैलाई चाहिं आफ्नो अंकुशमा राख्न चाहन्छौं भने थाहा पाउनुपर्छ- हाम्रो मनमस्तिष्कमा निरंकुश राजतन्त्र अझैं ज्यूँदो जाग्दो भएर विद्यमान छ । हामी अरु सबैमाथि शासन जमाउन चाहन्छौं, तर अरु

**विवेक र आलोचनात्मकता मरेको एउटा दब्बु मान्छे नै रामबहादुरहरूको लागि अनुशासित मान्छे हो । रामबहादुरहरूको यो चाहना र निरंकुश राजतन्त्रको दब्बु जनताको चाहनामा तात्विक अन्तर नै के छ ?**

सबैबाट हामी आफू चाहिं नियन्त्रित हुन चाहन्नौं भने बुझ्नुपर्छ हाम्रो अन्तस्तलमा राजतन्त्र संस्कृति भएर ज्यूँदैछ । समान क्षमताका मान्छे भएर पनि विकासको अवसर जति आफैंमात्र धान्न चाहन्छौं, अरुलाई चाहिं आफ्नो विकासको भरेङ बनाउन चाहन्छौं भने बुझ्नुपर्छ- हामी हाम्रो हातमा सत्ता आयो भने निरंकुश राजा नै हुनेवाला छौं ।

निरंकुश राजतन्त्र संस्कृतिका रुपमा राजनीतिक पार्टीहरुमा पनि विद्यमान देखिन्छ ।

एउटा व्यक्तिको स्वार्थ पूरै पार्टीमाथि लाद्नु, व्यक्तिगत स्वार्थका लागि पार्टी स्वार्थलाई लत्याइनु र पार्टीले व्यक्तिलाई होइन व्यक्तिले पार्टीलाई कन्ट्रोलमा राख्नु प्रवृत्तिगत रूपमा निरंकुश राजतन्त्रकै प्रवृत्ति हो ।

पोहोर नेपाली कांग्रेसमा यही प्रवृत्ति गिरिजा कोइरालाले उजागार गरे । आफ्नो निहित स्वार्थका लागि उनले सिंगै नेपाली कांग्रेसलाई लत्याए । पार्टीले गिरिजालाई अंकुश लगाउनुको सट्टा गिरिजाले पार्टीलाई नै कंट्रोलमा लिने काम भयो । गणेशमानले प्रष्ट शब्दमा भनका थिए- नेपाली कांग्रेसमा कुकुरले पुच्छर होइन, पुच्छरले कुकुर हल्लाइरहेछ । उनको स्पष्ट संकेत नेपाली कांग्रेसभित्र गिरिजा कोइरालाले अभिव्यक्त गरिरहेको निरंकुश प्रवृत्तिपट्टि नै थियो ।

संसदमा नेपाली कांग्रेसको ११४ सिटको स्पष्ट बहुमत थियो । संसद्को बहुमतको विश्वास गिरिजा कोइरालाले मात्र गुमाएका थिए । नेपाली कांग्रेसले अर्को संसदीय दलको नेता चुनेर अर्को तीन वर्ष शासन गर्ने स्पष्ट विकल्प बाँकी थियो । सिंगै नेपाली कांग्रेस यही विकल्प रोज्ने पक्षमा थियो । तथापि गिरिजाले आफू प्रधानमन्त्री रहन नपाउने भएपछि पूरै पार्टीलाई अर्को प्रधानमन्त्री रोज्नबाट वञ्चित गरे संसद नै विघटन गरेर । सिंगै देशलाई मध्यावधिको बोझ लादे, आफ्नो तुच्छ स्वार्थका लागि । न उनले संसदको बहुमतको अंकुश स्वीकार गरे, न पार्टीका केन्द्रीय समितिको बहुमतको, न आम जनताको । उनले देखाएको यो संस्कृति सारमा निरंकुश राजतन्त्रकै संस्कृति थियो ।

नेपाली कांग्रेसको विधान हेर्नुहोस् । त्यहाँ केन्द्रीय सभापतिलाई पूरै निरंकुश बनाइएको छ, पंचायतकालीन राजाजस्तै । सभापतिले त्यहाँ केन्द्रीय पदाधिकारी र सदस्यहरुलाई त्यसरी नै मनोनित गर्ने व्यवस्था गरिएको छ, जस्तो पंचायतकालीन राजाले प्रधानमन्त्री र मन्त्रीहरु मनोनित गर्ने गर्दथ्यो । हालै तलको दवावले पाँच विकास क्षेत्रबाट एक एक जना प्रतिनिधि केन्द्रमा चुनिने व्यवस्था गरिएको छ । तर अझै केन्द्रीय समितिको अत्याधिक बहुमत सभापतिद्वारा नै मनोनीत हुने व्यवस्था यथावत् छ । कांग्रेसभित्र नेतात्रय त्यत्तिकै निरंकुश देखिन्छन्, जति पहिले राजा निरंकुश हुने गर्दथे ।

यसले के देखाउँछ भने नेपाली कांग्रेसले आफूलाई जतिसुकै निख्खर प्रजातन्त्रवादी घोषित गरेपनि त्यहाँभित्र विद्यमान संस्कृति राजतन्त्रवादी नै छ निरंकुश प्रवृत्तिको । निरंकुश राजतन्त्र जीवनशैली भएर कांग्रेसी नेताहरुको हड्डीहड्डीभित्र घुसेर बसेको प्रतीत हुन्छ ।



प्रजातन्त्रवादी घोषित गरेपनि त्यहाँभित्र विद्यमान संस्कृति राजतन्त्रवादी नै छ निरंकुश प्रवृत्तिको । निरंकुश राजतन्त्र जीवनशैली भएर कांग्रेसी नेताहरुको हड्डीहड्डीभित्र घुसेर बसेको प्रतीत हुन्छ ।

अलि भिन्नै परिवेशमा र भिन्नै रुपमा यो राजतन्त्र संस्कृतिगत तवरले वाम पार्टीहरूभित्र पनि हावी देखिन्छ ।

वाम पार्टीभित्र भिन्न मतप्रतिको रवैयामा यो राजतन्त्रवादी संस्कृति उदांगो रुपमा अभिव्यक्त हुने गरेको छ । कुनै पनि पार्टीभित्र भिन्न विचार आउनु कुनै अस्वाभाविक कुरा होइन । तर हाम्रो वाम पार्टीभित्र बहुमतले सोचेभन्दा भिन्नै ढंगले सोच्नु भनेको कुनै ठूलो अपराध गर्नुसरह ठहऱ्याइने गरिन्छ । वाम पार्टीहरुमा भिन्न विचारलाई बहुमतद्वारा यसरी दवाइन्छ जसरी पंचायतकालमा राजतन्त्रले विपक्षी पार्टीहरुलाई दबाउँथ्यो । भिन्न विचारमाथिको यो असहिष्णुता पूँजीवादी संस्कृति समेत होइन, यो त निरंकुश राजतन्त्रकै एउटा चरित्र हो । यो सामन्ती संस्कृति हो ।

हाम्रा वामपन्थी पार्टीभित्र बहुमतको भिन्न मतप्रतिको व्यवहार निरंकुश राजतन्त्रमा दरबारको भिन्न विचार राख्ने पार्टीप्रतिको व्यवहारमा कुनै तात्विक भिन्नता देखिंदैन । अभिव्यक्तिको स्वतन्त्रतामाथिको कडा प्रतिबन्ध राजतन्त्रमा पनि हुने गर्छ, हाम्रा वाम पार्टीमा पनि । भिन्न विचारलाई चलखेल गर्नमा रोक राजतन्त्रमा हुने गर्छ, त्यहाँ पनि । भिन्न विचारका संवाहकमाथि नृशंस दमन र पक्षपात राजतन्त्रमा पनि हुने गर्छ, त्यहाँ पनि । फरक खालि रुपको मात्र छ, गुणको छैन । वाम पार्टीभित्र सिंगै पार्टीभन्दा केन्द्रीय समिति शक्तिशाली, के.स.भन्दा पी.वी. शक्तिशाली र पी.वी.भन्दा महासचिव शक्तिशाली देखिने गरेको छ । यो कुनै साम्यवादी संस्कृतिको प्रतिबिम्ब होइन, यो त निरंकुश राजतन्त्रको प्रतिबिम्ब हो सांस्कृतिक तहमा ।

**गिरिजाले न संसदको बहुमतको अंकुश स्वीकार गरे, न पार्टीको केन्द्रीय समितिको बहुमत, न आम जनताको । उनको यो संस्कृति सारमा निरंकुश राजतन्त्रकै संस्कृति थियो ।**

पूँजीवादी संस्कृतिले समेत विचार अभिव्यक्तिको व्यापक स्वतन्त्रता दिन्छ । अझ साम्यवादी संस्कृतिले त विचार अभिव्यक्तिको स्वतन्त्रतामात्र दिने होइन, त्यो विचारमा निहित सत्यको अंशलाई जनवादी ढंगबाट केन्द्रीकरण गर्ने कुराको समेत पक्षपोषण गर्छ । जुनसुकै कुनाबाट आएको होस्, सत्य र राम्रो कुरा जति हाम्रो, यो नै साम्यवादी संस्कृतिको मूल चरित्र हो । तर हाम्रो वाम पार्टीभित्र उल्टो भइरहेछ-यहाँ हाम्रो जतिमात्र राम्रो भइरहेछ । यो भनेको कुनै वैज्ञानिक साम्यवादी संस्कृति होइन, यो त सामन्ती संस्कृतिको प्रतिबिम्ब हो । यस्तो देखिन्छ, साम्यवादबाट प्रभावित भएर हामीले एउटा साम्यवादी नाउँको पार्टी त बनाइहाल्यौं, तर संस्कृतिको क्षेत्रमा भने हामी बिल्कुलै सामन्ती स्तरका छौं, हामी साम्यवादी त टाढाको कुरा रह्यो, पूँजीवादी स्तरमा समेत सांस्कृतिक तवरले उठेका छैनौं । अन्यथा भिन्न विचारमाथिको यति चर्को असहिष्णुता यहाँ देख्न पर्ने नै थिएन । भिन्न विचार घाँडो होइन, विचार विकासको लागि एउटा अनिवार्य शर्त हुन जान्थ्यो ।

हाम्रा वामपन्थी पार्टीभित्रको शिक्षा व्यवस्था पनि द्वन्द्वात्मक र वैज्ञानिक छैन, यो राजतन्त्रवादी देखिन्छ । हामीले के सिकाउँदैनौं भने जतिसुकै प्रख्यात मानिसले भनेको कुरा किन नहोस्, त्यो सोचविचार नगरी स्वीकार नगर, हामी के सिकाइरहेछौं भने माथिबाट आएको कुरा आँखा चिम्लेर स्वीकार गर, त्यसमा द्वन्द नगर । यसप्रकार हामी आलोचनात्मक दृष्टि विकास गर्नुपर्छ भन्ने सिकाइरहेका छैनौं । हामी अन्धता सिकाइरहेछौं । हामी हरेकलाई आ-आफ्नो बुद्धिविवेक प्रयोग गर्न सिकाइरहेको छैनौं, हामी त बुद्धिविवेकलाई कतै थाती राखेर विना सोचविचार नेतृत्वका कुरा चूपचाप स्वीकार्न सिकाइरहेछौं । हाम्रो यो शिक्षापद्धति पटक्कै वैज्ञानिक र साम्यवादी छैन । हाम्रो शिक्षाको चरित्र सामन्ती छ । जसरी एउटा निरंकुश राजाले प्रजालाई हरेक कुरा अन्धतापूर्वक स्वीकार्न सिकाउँछ त्यसरी नै हामी पनि सिकाइरहेछौं भने तात्विक अन्तर के रह्यो ?

यसप्रकार निरंकुश राजतन्त्र नेपालमा हाम्रो नशानशामा रगत भएर दौडिरहेछ, संस्कृति भएर घरजम गरिरहेछ । हामीले राजतन्त्रलाई आन्दोलनको मैदानमा त परास्त गऱ्यौं, तर हाम्रो मस्तिष्कको मैदानमा राजतन्त्र अझै परास्त भएको छैन । त्यो त जब्बर रुपमा त्यहाँ कुर्सी जमाएर बसिरहेछ । सांस्कृतिक तहमा राजतन्त्र अझै नेपालको एउटा शक्तिशाली वास्तविकता भएर विराजमान भइरहेछ । हाम्रो सामु अहिलेको गम्भीर चुनौती के हो भने- हामी निरंकुश राजतन्त्रलाई हाम्रो मनमस्तिष्कबाट पनि धपाउन सक्छौं ? हामी के राजतन्त्रलाई सांस्कृतिक क्षेत्रमा पनि परास्त गर्न सक्छौं ? अन्यथा हाम्रो मनमस्तिष्कहरुको राजतन्त्रलाई जग

**वाम पार्टीभित्र सिंगै पार्टीभन्दा केन्द्रीय समिति शक्तिशाली, के.स.भन्दा पोलिटव्यूरो शक्तिशाली, पोलिटव्यूरोभन्दा महासचिव शक्तिशाली देखिने गरेको छ । यो निरंकुश राजतन्त्रकै प्रतिबिम्ब हैन, सांस्कृतिक तहमा ?**

बनाएर निरंकुश राजतन्त्रको महल फेरि पनि नेपालमा खडा हुन सक्छ ।

निरंकुश राजतन्त्रलाई हाम्रो मनमस्तिष्कमा समेत परास्त गर्ने हो भने एउटा शक्तिशाली क्रान्तिकारी प्रजाताान्त्रिक सांस्कृतिक आन्दोलनको थालनी जरूरी हुन्छ । साहित्य र कलाले यो आन्दोलनमा सबैभन्दा सशक्त भूमिका खेल्न सक्छ । राजनीतिक मैदानमा शत्रुलाई जित्नु सजिलो हुन्छ, किनकि त्यो प्रत्यक्ष रुपमा देखिन्छ । तर मनको मैदानबाट राजतन्त्र खत्तम पार्नु निकै गाह्रो र समय खाने काम हो । किन भने त्यो त प्रवृत्तिको रुपमा, बानीको, शक्तिको रुपमा, निकै सूक्ष्म तवरले लुकेर बसिरहेको हुन्छ । तथापि यो प्रवृत्तिलाई हटाउन असंभव भने छैन । हाम्रो देशको विरोधाभाष के छ भने यहा २०४६ सालअघि जति सशक्त रुपमा प्रजातान्त्रिक सांस्कृतिक आन्दोलन चलिरहेको थियो, त्यो २०४६ सालको जनविजयपछि झन् चल्न छाडेको छ । सांस्कृतिक आन्दोलनका वाहकहरु या त राजनीतिमा मात्र बेसी केन्द्रित हुन पुगेका छन् या जीविका निर्वाहको काममा । त्यसैले सांस्कृतिक आन्दोलन शिथिल हुन पुगेको छ । तर अहिलेको देशको टड्कारो आवश्यकता फेरि पनि सशक्त प्रजातान्त्रिक सांस्कृतिक आन्दोलनकै हो । यो विना नेपालमा पूँजीवादी प्रजातान्त्रिक क्रान्ति सम्पन्न हुनु सम्भव नै हुँदैन; न त प्रजातन्त्र दिगो नै हुन्छ । प्रजातन्त्रप्रति प्रतिबद्ध राजनीतिज्ञहरु, लेखकहरु, कलाकारहरुको ध्यान यतातिर आकर्षित हुनु जरुरी भएको छ ।

हाम्रो घरघरमा, बस्तीबस्तीमा, रगतरगतमा संस्कृतिका रुपमा लुकेर रहेको राजतन्त्रलाई बढारेर पठाउन र त्यसका ठाउँमा प्रजातान्त्रिक संस्कृति स्थापित गर्न उनीहरुले नै अगुवाई गर्नु जरुरी छ । फिल्मद्वारा, नाटकद्वारा, कथाद्वारा, उपन्यासद्वारा र थुप्रै साहित्यिक र श्रव्य/दृश्य सामग्रीहरुद्वारा उनीहरुले जनतालाई के उदांगो पार्न सक्नु परेको छ भने निरंकुश राजतन्त्र कसरी हाम्रो रगतरगतमा जीवित रहेको छ र त्यसले के नोक्सानी पुऱ्याइरहेको छ । उनीहरुले के पनि स्पष्ट पार्नु परेको छ भने प्रजातान्त्रिक संस्कृति भनेको के हो र त्यो किन ग्रहण गर्नु जरुरी छ । अहिले देशमा एमालेको सरकार छ । एमाले प्रजातन्त्रप्रति प्रतिबद्ध शक्ति हो भने त्यसले किन सरकारी संचारयन्त्र प्रयोग गरेर प्रभावकारी रुपमा यो सांस्कृतिक आन्दोलन चलाउन सक्दैन ? ❑

# अष्ट्रेलियामा पनि पूरै खुला बजार अर्थतन्त्र रहेनछ

— स्नेह सायमि

प्रायः विकसित मुलुकमा भ्रमण गर्ने बेलामा खानेकुराको स्वाद र खर्च दुबै आफ्नो अनुकुल हुँदैन । पेटभरि भात दाल कोच्ने बानी लागेका हामीहरु उनीहरुको ब्रेकफास्ट र लन्च प्याकेटले नेपाली पेट अघाउन गाह्रो पर्ने, खानेकुराको स्वाद नमिल्ने र अत्यन्तै महँगो पनि पर्ने स्थिति छ । अर्काको खर्चमा जाँदा त जेसुकै होस् भनिन्थ्यो होला, आफ्नै खर्चमा जानु पर्ने भएपछि, त्यसमा पनि अलि किफायती हुन बाध्य हुनुपर्ने स्थिति छ ।

यिनै कारणहरुले गर्दा यस पटकको अष्ट्रेलिया भ्रमणमा जाँदा मैले केही खानेकुराहरु पनि साथमा लगेको थिएँ, केही साथीहरुसँग सल्लाह गरेको पनि थिएँ । कुनै कुनै साथीले सुकुटी मासु, भुटेको कुखुरा वा माछा पनि लिएर जाने सुझाव दिए । तर मैले मासुको परिकारहरु भने लान सकिन । हतार हतारमा चाउचाउ एक बाक्सा (३० पोका), चिउरा दुईमाना, भुटेको भट्मास एक किलो र काजु आधा किलो किन्न भ्याएँ ।


Captain Cook Cruiser

अष्ट्रेलियाको सिड्नी शहर पुग्न थियो मलाई । सिड्नी एअरपोर्ट पुग्न दुईघण्टा जति बाँकी भएको बेलामा हवाई जहाजमै भन्सार अध्यागमन सम्बन्धी भर्नु पर्ने फारम बाँडियो । मैले दुबै कागज ध्यानपूर्वक पढें । अष्ट्रेलियामा कुनै पनि खानेकुरा लैजान बन्देज रहेछ । मासु त झनै कडा । मेरा शुभचिन्तक मित्रहरुले भन्नुभएजस्तै सुकुटी बोकेर गएको भए एअरपोर्टमै फ्याँक्नु पर्ने, कि निकै लामो स्पष्टीकरण दिनु पर्ने हुन्थ्यो । अध्यागमन संबन्धी कागजजमै कुनै पनि खानेकुरा थोरै वा धेरै जति भएपनि, खुलाउनु पर्ने कुरा उल्लेख गरिएको थियो । मैले पनि मसँग खाद्यबस्तु भएको कुरा उल्लेख गरें ।

बोट-बिरुवा, पशु-पक्षी लैजानमा विभिन्न देशमा रोग सर्ने डरले नियम कडा भएको चाहिँ थाहा थियो । तर खानेकुरामै यस्तो कडा नियम लाग्ने कुरो चाहिं मलाई थाहा थिएन । त्रिभुवन विमानस्थलमा उत्रिंदा उल्लेख गर्नु पर्ने बस्तुहरुमा सुन, रेडियो, क्यासेट आदि आदि हुन्थे । यो त खाने कुरा हो भनेपछि यहाँ सजिलै छुट्थ्यो । अझ एक पोका भन्सार जाँचकीलाई दियो भने झनै खुशी हुन्थे । तर अष्ट्रेलियामा भने मेरो चाउचाउको बाक्सालाई बडो शंकालु दृष्टिले हेरे के के तत्व यसमा छ ? भनेर खोतली खोतली सोधे मुश्किलले मात्र त्यो बक्सा छोडेपछि एक किसिमले अनौठो पनि लाग्यो, एक किसिमले ठीकै पनि लाग्यो । आफ्नो जनताको स्वास्थ्यलाई, आफ्नो उद्योगलाई अनि देशको अर्थतन्त्रलाई नै सिंधै असर पार्ने खानेकुरामा कडाइ भएपछि देशमा उत्पादहरुको निम्ति राम्रो संरक्षण भयो । 'खुला बजार अर्थतन्त्र'को नाउँमा जे पनि आयात गर्न मिल्छ र गर्नुपर्छ भन्नेहरुको निम्ति यो एउटा राम्रो जवाफ पनि हो ।

यो घटनापछि मैले सिड्नीमै आफ्नो देश सम्झें । भारतबाट कुखुराको कुहिन लागेको अण्डा ट्रकका ट्रक भित्रिंदा पनि फलफूलहरु, तरकारीहरु, अझै थाकेका रोगी राँगा-भैंसीहरु, निम्न गुणस्तरका चल्लाहरु भारतबाट पसिरहेको छ, त्योप्रति पटक्कै चिन्ता नगर्ने राजनेताहरु, नीति-निर्माताहरु, उच्च पदस्थ कर्मचारीहरु, योजनाविद्हरु जो वर्षको कम्तीमा ६ पटक विदेश पुग्छन्, उनीहरु के सोचेर, के हेरेर बसेका छन् ? भनेर आश्चर्य पनि लाग्यो ।

एउटा पार्टीमा अष्ट्रेलियाको व्यापार मन्त्रालयका एक उच्चस्तरीय कर्मचारीसँग परिचय भयो । मैले मेरो एयरपोर्टको घटना विवरण सुनाएर 'खुला बजार अर्थतन्त्र'को सन्दर्भमा आयातित बस्तुहरुप्रति यति कडाईकासाथ पेश हुनु ठीक हो त ? भन्ने प्रश्नको जवाफमा उनले भने-

"'खुला बजार अर्थतन्त्र' हामीले पनि बुझेका छौं । पूर्णरुपमा खुला गर्न यहाँ कोही पनि राजी छैन । कुनै पनि बस्तु उच्च गुणस्तरको भएमा मोलमा पनि प्रतिस्पर्धात्मक भएमा फेशन, डिजाईन त्यो देशको संस्कृति, जनजीविका र आर्थिक स्थितिसँग मिल्दो भएमा त्यसले प्रवेश पाउँछ नै । अहिले चिनीयाँ बस्तुहरुले संसारभरि नै प्रवेश पाइरहेका छन् । त्यसैले सबै देशहरुको प्रमुख उद्देश्य भनेको चाहे खुला बजारको नाममा होस् वा बन्द बजारको नाममा, अर्काको देशलाई आफ्नो बजार बनाउनु रहँदै आएको छ । अर्को शब्दमा भन्ने हो भने, सबै देशहरुले आ-आफ्नो निर्यात बढाउन भरमग्दुर प्रयत्न गर्ने प्रयास गरेका छन् । हामीले पनिज साना व्यवसायीहरुलाई सक्दो सहयोग गर्ने प्रयास गरेका छौं । अहिले अष्ट्रेलियामा निर्यातमा संलग्न साना व्यवसायीहरुको संख्या ४,५०० छ र आउँदो पाँच वर्षभित्र हामीहरुले यो संख्यालाई दोब्बर बनाउने लक्ष लिएका छौं । त्यसका लागि हाम्रो उच्चस्तरीय व्यापार आयोगले सूचना उपलब्ध गराउने, तालिम दिने, कम ब्याज र ब्याजै नलाग्ने ऋण दिने, र उक्त आयोगले ५० राष्ट्रका ८० शहरमा आफ्नो निर्यात बढाउने र निर्यातकर्ताको सहयोगको निम्ति काम गर्ने उद्देश्य राखी अफिस खोलेको छ । साना व्यवसायीहरुले आयोग र त्यो आयोगबाट संचालित ती अन्तर्राष्ट्रिय अफिसहरुबाट जानकारी र सहयोग लिन सक्छन् । यस्ता किसिमका सुविधाहरु आ-आफ्नो देशको निर्यात बढाउनको लागि सबैले दिन्छन् ।"

उनले भन्दै गए- "त्यस्तै कुनै पनि बस्तु आफ्नो मुलुकमा भित्र्याउनु भनेको आफ्नो उद्योगलाई डुबाउनु हो । त्यसैले कसैले गुणस्तरको नाममा, कसैले डम्पिङ्ग ऐनको आधारमा, कसैले जनस्वास्थ्यको नाममा आ-आफ्नो उद्योगलाई संरक्षण दिदै आएका छन् । त्यस्तै हामीहरु पनि आफ्नो देशको उद्योग फस्टाउन दिनका निमित्त प्रतिबद्ध छौं । दशकौंदशक लगाएर प्रबर्द्धन गरिएको उद्योगलाई सजिलै अन्य देशको बस्तु आयात गरेर डुबाउन चाहँदैनौं । बरु आफ्नो उद्योगमा कमजोरी छ, व्यवस्थापनको हो कि ? प्रविधिको हो कि ? गुणस्तर भएन कि ? मोल बढी भयो कि ? त्यतातिर सुधार गर्ने प्रयत्न गर्नेछौं । सारांशमा पूर्ण रुपमा खुला बजार अर्थतन्त्र लागू हुन सक्दैन । लागू भएको दिन देशका सरकारहरुको काम हुने पनि छैन ।"

यत्ति जवाफ सुनेपछि खुला बजार अर्थतन्त्रका अन्ध-समर्थक मित्रहरु लहरै मेरा आँखा अगाडि देखापर्न थाले । मेरो मनमस्तिष्कमा चर्को रुपमा के प्रश्न उठ्यो भने स्वयम् पूँजीवादी विश्वमा खुला बजारबारे यो धारणा छ भने, हाम्रो मुलुकमा के त्यस्तो कारण छ- खुल्ला बजारको अन्ध भक्तै हुनु पर्ने ? ❑

गुञ्जमानले फुटबल खेलको टिकट काटेको थियो । दिउँसो तीन बजेदेखि रङ्गशालामा खेल हुनेवाला थियो । टिकट काट्नुअघि उसले सोचेको थियो- "बाह्र बजे भेला शुरु भएपछि शायद दुई अढाई बजे त सकिन्छ नै होला, सकिएनछ भने बीचैमा उठेर हिंडौंला ।"

भेला जनताका पक्षधर मान्छेहरुको थियो । धेरै दिनको प्रतीक्षापछि सो भेला हुन लागेको थियो । भेलाले देशव्यापी क्षेत्र ओमटेको थियो । हुनुपर्ने थुप्रै कुराहरु थिए, तर विभिन्न प्रकारको तालमेल नमिलेर खास केही कुराहरु पनि नभैरहेको वर्तमान स्थितिमा यसरी सहभागीहरुमा ताजा जाँगर भरियो, उनीहरु आगामी दिनमा के काममा कसरी अघि बढ्ने, त्यसको लागि स्पष्ट बाटो खोज्न लागे । स्थितिको विश्लेषण हुनथाल्यो, आफ्नो क्षमता र सीमाको मूल्याङ्कन हुन थाल्यो । विषयहरु झन्झन् राष्ट्रव्यापी महत्वका आउन थाले ।

भेला शुरु भएको करीब एक घण्टासम्म त गुञ्जमान सहभागी रह्यो तर यसपछि भने उसलाई खल्तीमा रहेको रंगशालको फुटबल खेलको टिकटले पोल्न थाल्यो । त्यसैले अब भने ऊ अरुभन्दा अलि फरक देखा पर्‍यो । आफ्ना कुराहरु ऊ हतार-हतारमा व्यक्त नै । तर अनावश्यक हतारको पनि त कुनै अर्थ थिएन ? बल्लबल्ल भएको त्यत्ति ठूलो जमघटमा खास केही ठोस निर्क्यौलहरु निस्कून् भन्ने प्रायः सबैको चाहना थियो । त्यसैले भेलाका अधिकांश सहभागीहरु त्यत्तिसारो हतारिएका थिएनन् । कुराहरु विस्तारपूर्वक हुन गइरहेका थिए, किनभने गंभीररुपमा सोचेर धैर्यपूर्वक गहिरा छलफलहरु भएपछि मात्र यस्ता निर्क्यौलहरु निस्कन्छन्, हतारको निर्णय हचुवा हुन्छ भन्ने कुरामा सबैको एकमत थियो । यसकारण, ठीक यस कुरामा गुञ्जमानलाई असह्य हुनथाल्यो ।

"र साथीहरु हो ! अब हामी

एउटा सहभागीले त भनी पनि हाल्यो- "यस्ता अति नै सामान्य समझदारीका कुराहरु उल्लेख गरेर हामी समय खर्च नगरौं गुञ्जमानज्यू । अब हामी खास विषयतिर लागौं ।"

यहाँनेर यो 'गुञ्जमान ज्यू' भन्ने शब्द स्वभाविक रुपले नै बोलिएको थियो, तर गुञ्जमानले भने यसमा व्यंग्य मिसिएको पायो, मानौं वक्तालाई गुञ्जमानको खल्तीमा फुटबल खेलको टिकट छ भन्ने थाहा छ र मानौं वक्ता भनिरहेछ- मिस्टर गुञ्जमान ! हामीलाई यस्ता मसीना मसीना कुराहरुको उपदेश दिएर किन आफ्नो स्तर घटाइरहेछस् ?

रा.......तो भएर आयो

# अलग अलग ठाउँमा बसेका गुञ्जमानहरु

क था

-हरिगोविन्द लुईंटेल



चित्रः **आर्ट कन्सर्न, कीर्तिपुर**

हुन लागेको भेलाले ठूलै महत्व राख्दथ्यो ।

ठीक समयभन्दा आधाघण्टापछि भेला शुरु भयो । तर यसरी तोकिएको समयभन्दा आधाघण्टा ढीलो हुनुलाई कसैले पनि 'ढीलो' भएको ठानेन । यसको उल्टो सबैले ठीक समयमै भेला शुरु हुँदा जत्ति सन्तोष लाग्ने गर्थ्यो ठीक त्यत्ति नै सन्तोष मानिरहेका थिए ।

हालसम्म के गरेर बसियो ? अब कसरी अघि बढ्ने भन्ने विषयमा विविध मत र मान्यता राख्ने प्रगतिवादीहरुले आ-आफ्नो रायहरु राख्न थाले, टीका-टिप्पणी, आलोचना-प्रत्यालोचना हुन थाल्यो । गुञ्जमान पनि खुबै हौसिएर छलफलमा भाग लिन थाल्यो । निक्कै महत्वपूर्ण कुराहरु उठे । गर्न थाल्यो र अरुलाई पनि छिटोछिटो बोल्न जोड गर्न थाल्यो ।

"साथीहरु हो ! हामीले आज जो जो कुराहरु उठे, तिनको समाधान र सहमतिका बुँदाहरु छिट्टै निकाल्नुपर्छ । मलाई लाग्छ, हामीलाई अब करीब एक घण्टाको समयले पुग्छ । भेला लम्ब्याउनुको कुनै अर्थ छैन । हाम्रा भेलाहरु जहिले पनि छोटो र मीठो हुनुपर्छ । अनावश्यक गफहरु र लामा लामा व्याख्यानहरुलाई हामीले कटाउनै पर्छ । यो बानी हामीले आजैदेखि बसाल्दै गयौं भनेदेखि पछिपछि यस्तै भेलाहरुमा हामीलाई सजिलो पर्छ, अनावश्यक रुपमा समय खर्च गर्नु हुन्न ।"

गुञ्जमानको यो कुरामा सिद्धान्ततः सबै सहमत थिए । अनावश्यक रुपमा समय खर्च गर्नु हुन्न चाँडै नै निर्णयमा पुग्नुपर्छ । अहिलेसम्म जे जति विचार आदान-प्रदान भए, तिनका आधारमा हामी अब केही निर्णय गरिहालौं, विना कुनै ठोस निर्णय छलफलको कुनै माने हुँदैन ।"

अधिकांश सहभागीहरु अलि छक्क परे ।

"के कुनै पनि भेलामा ठोस निर्णयहरु हुनुसपर्छ भन्ने धारणा हामी सबैमा छैन र ? यो त सामान्य रुपमै सर्वमान्य कुरा हो नि । गुञ्जमानले यसरी संझाउनुको अर्थ हामी खालि छलफल गरेर विना टुंगो नै उठ्ने खालका मान्छे हौं भन्ने पो बुझिन्छ त ए ! त्यत्ति त हामी पनि सोच्छौं नि ! त्यत्ति सारो समझहीन त छैनौं नि ए हामी पनि !" उनीहरुले मनमनै उत्तर दिए ।

गुञ्जमानको अनुहार । हतार संगसँगै उभित्र हल्का क्रोध पनि पलायो । तर तत्कालै त्यस क्रोधलाई मरङ्मरङ्ग चपाएर निल्यो र नजीकै भूईंबाट मग उठाएर पानी पियो । यतिखेर गुञ्जमानभित्र विचित्रको स्थिति पैदा भयो । उभित्र भेलाप्रतिको एकप्रकारको वितृष्णा पलाएर आयो ।

"हुने केही हैन, तातो न छारोको छलफल !" उसले मनमनै त्यो भेलालाई एउटा बाइह्यात स्वाँग सोच्यो । उसको हतारलाई भेलाले साथ दिएन । उसको चाहना थियो, भेलाले उसले भनेको कुरा मान्नुपर्छ किनभने उसले 'ठीकै कुरा' त गरेको छ । समयको बचतको माग गर्नु के अनुचित हो र ? यतिखेर उसले आफ्नो हतारको कारण खल्तीको टिकट हो भन्ने कुरा

जबर्जस्ती बिर्सन खोज्यो र आफूले आफैंलाई प्रश्न गर्‍यो "मेरो खल्तीमा टिकट छ भन्दैमा समयको बचतका लागि प्रस्ताव राख्न किन नहुने ?" उसलाई लाग्यो- ऊ साँच्चै आफ्नो लागि हैन, आफूबाहेक अरु सबैको महत्वपूर्ण समयलाई किफायत गराइदिन खोजिरहेछ । अरुको समयको कति चिन्ता गर्छ हगि ऊ ? यसबेला उसलाई लाग्यो ऊ एउटा साह्रै नै जिम्मेवारीपूर्ण सोचाइ भएको परिपक्व व्यक्ति हो- आखिर बचत भएको समयमा अरु कति रचनात्मक कामहरु गर्न सकिन्छ ।

उसले सबैको अनुहार नियाल्यो । उसले पायो अरु सब छलफलमै माथापच्ची गर्दैछन् । उसले तीव्र रुपले के अनुभव गर्‍यो भने ती सब मानिसहरु साह्रै सतही पाराका थिए "खै यिनीहरुसँग मेरो जत्तिको गहिरो सोचाइ ?' बढ्दो क्रोधसहित उभित्र प्रश्न उठ्यो । उभित्रको शान्ति पूरै खल्बलियो । सकेसम्म चाँडो छलफल टुंग्याएर ठीक समयमै रंगशाला पुग्ने जोडदार हतार उसलाई लाग्न थाल्यो । बसेको सत्रन्जा बिझायो, घुँडा दुखेर आयो, नजीकै बसेको सहभागीको छेउनेर खुट्टा पसारेर घुँडा तन्कायो, झन् घुँडा दुख्यो । त्यत्तिकैमा उसको अर्को खुट्टा निदाएछ, घुँडादेखि तल झंझमायो, घुँडादेखि माथि छुनै नहुने भयो, गह्रौं भयो ।

यस्तो भैसक्दा पनि ऊ देखिरहेछ- छलफल एउटै बुँदामा झन्झन् गहिरिँदैछ । "टक् टक् टक् टक् बुँदाहरु टुंगो लगाउनुपर्छ नि ! यो के ताल हो ? एउटा कुरामा दिन कटाउने सुर पो देखियो त ए ! छि ! नासमझहरु !" उसले ठान्यो उसको त्यहाँ अपमान भइरहेको थियो, उसको कुराको कदर किन भएन ?

उसलाई जुरुक्क उठेर आफैंमात्र हिंड्ने झोंक पनि चल्यो, तर मन मानेन । ऊ चाहन्थ्यो, ऊ उठ्दा भेला पनि उठोस् । ऊ अरुले त्यति गम्भीर देखेको विषयलाई बीचमै छोडेर जाने मान्छे आफू देखिन चाहँदैनथ्यो । भेला सकेरै जान पाए आनन्दै ! बीचमा आफूले छोड्ने हो भने त पछि के के कुरा भयो त्यो आफूलाई थाहा हुँदैन । खुल्दुली बाँकी नै रहने हुन्छ । फेरि आफ्नै उपस्थितिमा केही निर्क्यौलहरु निकालिए भने ती निर्क्यौलहरु ऐतिहासिक महत्वका पनि हुन सक्ने भएकाले, तिनीहरुमा आफ्नो समेत प्रत्यक्ष सहभागिता भएको 'जस' पनि कमाउन पाइने !

भेला आफ्नो खाले धीमा गतिमा अघि बढिरहन्थ्यो ।

'निष्ठुरीहरु !' उसले उपस्थित सबैको अनुहारमा हेरेर मनमा ओकल्यो- 'पाखण्डीहरु ! तिमीहरुले व्यर्थको यति लामालामा भाषणहरु छाँटिरहनु के जरुरी छ ? टक् टक् टक् कामको कुरा गर्नु छैन बकबास छाँटेर पाण्डित्य देखाउँछन् !'

पसीना फुट्यो उसको जीउबाट ।

> **अलिअलि जान्ने हुन नपाई ऊ अरूलाई बुझाउन खटियो । आफैंले नबुझी अरूलाई के कुरा बुझाउने ? तैपनि ऊ कुरा बुझाउने गर्थ्यो ।**

एकछिन मात्रै सबैका अगाडि देखा परेर हिंडिहाल्न पाइने बैठक भेलाहरु हुन् । त्यत्तिकै भरमा त्यो हप्ताका प्रमुख प्रमुख पत्रिकाहरुमा "बैठकमा बुद्धिजीवी वा नेता श्री गुञ्जमानको पनि उपस्थिति थियो" भन्ने बेहोराको समाचार प्रकाशित होस् ! अहा ! त्यस्तो भइदिए कत्ति जाति हुन्थ्यो ।

झल्यांस्स भएर उसले सम्झ्यो तीन बजे रंगशालाको ढोकामा उसकी श्रीमती र जेठो छोरो उसको प्रतीक्षा गरिरहेका हुन्छन् । यो संझनाले ऊ बसेको ठाउँबाट जुरुक जुरुक उचालियो नै ।

"धत्तेरिका ! आजको फुटबलको टिकट त नकाटेकै भएपछि बेशै हुने रहेछ !" - उसलाई बोध भयो । "यस्तो पीर त नपर्ने थियो !"

यस्तो बोध उसलाई पहिले पहिले पनि हुने गर्थ्यो, जब ऊ यस्तै भेला, बैठक वा कार्यक्रमहरुमा गइरहेको हुन्थ्यो र जतिखेर पनि ऊ यस्तै निजी कामहरु बोकेर हिंडेको हुन्थ्यो । तर हरेक पटक उसको मनमा तर्क फुट्थ्यो- "सधैं आन्दोलनकै निम्ति मात्रै मरिमेट्नुपर्छ भन्ने के छ ? व्यक्तिको आफ्नो निजी जीवन पनि त हुन्छ ।"

यस्ता बोधहरु यसैले झिलिक्क बिजुली चंकिएझैं आउँथे र तुरुन्तै बादल गर्जेझैं उभित्र गर्जन थाल्थे र यसपछि उभित्र आन्दोलनप्रति वितृष्णाको झरी पर्न थाल्थ्यो ।

यही 'व्यक्तिको निजी जीवन पनि त हुन्छ' भन्ने तर्कका आधारमा ऊ साह्रै कम ध्यान, समय र साधन आन्दोलनका निम्ति खर्च गर्थ्यो । तर हुनुपर्थ्यो उसलाई नेता नै । बुद्धिजीवी हुनुको ठूलो अहं थियो उभित्र । जति अरुले सुनाउँदा उसले सुन्यो, त्यो बाहेक आन्दोलनतिर लाग्दाको शुरु शुरुका दिनहरुमा जत्ति उसले पढेको थियो, त्यो भन्दा बढी पढ्न काम पनि गरेन । जत्ति जानेको थियो त्यत्तिले नै काम चलाउँथ्यो ऊ । नजानेका कुरामा पनि जानेको छ भन्ने पार्नुपर्थ्यो उसलाई । जो सैद्धान्तिक ज्ञानले परिपूर्ण छ उसलाई लक्ष्य गरेर तुरुन्तै ऊ भन्दथ्यो- "अँ फोस्रो कोरा किताबी ज्ञानमा मात्रै डुब्नेहरु पनि छन् यहाँ कतिपय मानिसहरु, तर किताब र व्यावहारिक जीवन अलगअलग कुरा हुन्, हामी व्यावहारिक र मौलिक हुनुपर्छ, देशले हामीबाट आज यही चाहिरहेको छ ।"

उसको यो 'देश' पनि अचम्मको थियो । ऊ जे गर्छ जे गर्न सक्छ, त्यही मात्रै देशले चाहन्थ्यो, त्यो भन्दा रत्तिभर पनि बढी माग थिएन देशको । यो कुरा उसले पटकपटक बोलेका कुराहरुबाट बुझ्न सकिन्थ्यो ।

यता, अहिले, भेला मानौं त्यो रथको रुपमा थियो जो बिस्तारै बिस्तारै धेरै मानिसहरुद्वारा तानिएर अघि बढ्दै थियो, तान्नेहरुमध्ये गुञ्जमान जो थियो, ऊ भने त्यस रथलाई अति छिटो तानेर तुरुन्तै टुंगोमा पुर्‍याउन बल गरिरहेको थियो । रथलाई छिटोभन्दा छिटो तान्ने हुटहुटी उसको मनभित्र, रथ भने आफ्नै सुरमा उसलाई अब जोडले उफ्रन मन लाग्यो ।

तर गुञ्जमान एक्लै रहेनछ । अब यो देखा पर्न थाल्यो । उसकै मनस्थिति बोकेका अरु मान्छेहरु पनि रहेछन् त्यहाँ । एक दुईजना गर्दै ६-७ जना अरु देखा परे । उनीहरु पनि भेलादेखि वाक्क मान्न, टट्टाउन थालेका रहेछन् । उनीहरुमध्ये कोही सिनेमा हेर्न जाने मुडमा थियो त कुनै भोजमा सामेल हुनैपर्ने कार्यक्रम बोकेर बसेको थियो । ती सबैको कस्तो अनौठो चाहना- आफू बाहिरिंदा बैठक पनि समाप्त होस्, बाँकी नरहोस्, जो हुनुपर्छ जे हुनुपर्छ आफ्नै उपस्थितिमा तर आफ्नो अनुकूल होस् ।

वास्तवमा यी ६-७ जना सहित गुञ्जमान किन यस्तो भयो ? किन गम्भीरतापूर्वक ऊ आन्दोलनका विविध पक्षहरु सोच्न चाहँदैन ? कहिलेकाहीं ऊ आफैं यसबारे सोच्ने गर्छ । अनि ऊ यसका पछाडि आफ्नो कूल-घराना संझन्छ वास्तवमा ऊ हुनेखाने परिवारकै सन्तति थियो । कुनै दिन कलेजमा पढ्दापढ्दै एकजना जनवादी कलाकारले गाएको मीठो जनगीत सुनेर ऊ मोहित भयो । कलाकार कला र गला दुवैले युक्त थिए । वास्तवमा गीत ज्यादै प्रभावकारी नै थियो ।

गीतले उसलाई जनताका मानिसहरुको नजीक पुर्‍यायो । ऊ विद्यार्थी फाँटमा काम गर्न लाग्यो । तर उसलाई साथ दिनेहरुले उसका स्वतन्त्र चिन्तन गर्ने प्रवृत्ति कहिल्यै दिएनन् । न त उसलाई निरन्तर गहिरो अध्ययनमा नै लगाइयो । अलि अलि जान्ने हुन नपाई ऊ अरुलाई बुझाउन खटियो । आफैंले नबुझी अरुलाई के कुरा बुझाउने ? तैपनि ऊ कुरा बुझाउने गर्थ्यो । मुलुकमा विद्यमान दिन प्रतिदिनको शोषण, लुट, अत्याचारले जनतालाई जन-आन्दोलनकारीहरुको नजीक लग्दै थियो । गुञ्जमानहरु तिनलाई स्वागत गर्थे, फेरि त्यहाँ कला र गलाले बढी काम गर्थ्यो र विचारको हकमा गुञ्जमानले नै कति बुझेको थियो र ? उसले बुझाएकाहरुले कति बुझून् !

तैपनि केही समय कुनै क्षेत्रमा काम गरेपछि मान्छेले त्यो कामलाई छोड्न सक्दो रहेनछ, सक्रिय हुन नसकेपनि पक्षधरचाहिं भै नै रहँदो रहेछ ऊ । किनभने ऊ आफू जति समय त्यस काममा रह्यो त्यो ठीक थियो भनी प्रमाणित मात्रै पनि गर्न चाहँदो रहेछ । यही मानसिकताले गुञ्जमानमा पनि काम गरेको थियो । ऊ नजान्दा नजान्दै जनताको मान्छे भयो र बुझाउन थाल्यो, पछि कलाको प्रभाव घट्दै गयो, उसको लगाव पनि घट्दै गयो । ऊ आफ्नो मध्यमवर्गीय चरित्र त्यागी श्रमजीवी शोषित पीडितको वर्ग चरित्र अगाँल्ने चेतनास्तरसम्म पुग्दै पुगेन । त्यसैले इतिहासको मोहले ऊ आफूलाई प्रगतिशील भनाउन पनि पछि परेन, उभित्रका अगतिशील संस्कारहरु पनि हटेनन् । कामकारवाही सबै अरुको जस्तै तर ऊ आफूलाई भन्न चाहिं प्रगतिशील नै भन्दथ्यो र यत्ति भन्ने हैसियत बाँकी राख्न पनि यस्ता भेलाहरुमा कहिले काहिं जानैपर्थ्यो । जाने गर्थ्यो तर हुन्थ्यो छटपटी नै । त्यसबाहेक गुञ्जमान के सुरमा छ भने

ऊ अब कार्यकर्ता त हुनै सक्दैन किनभने त्यसमा ज्यादा खट्नुपर्छ । यदि परिस्थिति अनुकूल भएर आउँछ भने ऊ कुनै आन्दोलनको नेता हुन भने तयार छ । तर नाम नचल्ने किसिमले भित्रभित्र हुने नेतागिरी उसलाई मन पर्दैन । खुला हुनुपर्छ त्यो । यदि खुला गर्न सकिन्न भने, उसको सोचाइ छ, आन्दोलनको रुप नै फेर्नुपर्छ, खुला गर्नुपर्छ ।

विद्यार्थी आन्दोलनमा भाग लिंदा पनि गुञ्जमानको अचम्मको हालत रह्यो । गुञ्जमान अष्ट्रेलिया र पाकिस्तानका बीच हुने क्रिकेट प्रतियोगिताको रेडियो प्रत्यक्ष विवरण सुन्ने योजना गरेर बसिरहेको हुन्थ्यो, उसका साथीहरु उसकहाँ जुलुस र कर्नर सभाको प्रस्ताव लिएर जान्थे । ऊ भनिदिन्थ्यो- 'हेर्नुस साथीहरु हो ! आन्दोलन नगर्ने कुरा हैन तर त्यसको लागि अहिले वस्तुगत स्थिति तयार छैन, मलाई लाग्छ हामीले एक हप्ता बाटो हेर्नुपर्छ ।' अर्थात् एकहप्तामा क्रिकेट म्याच सकिन्थ्यो ।

उसको लवाइ खवाइ, आनिबानीमा अरुभन्दा कुनै किसिमले पनि फरक थिएन । फरक यत्ति थियो- ऊ आफूलाई प्रगतिशील भन्ने गर्थ्यो । उसको कोठाघर कुनै विलासी परिवारको घरभन्दा फरक थिएन । उसको घरका सबै मानिसहरु खुलारुपमा सस्ता बजारिया किताब र पत्र-पत्रिकाहरु पढ्थे, त्यसमा सुधार ल्याउन उसले कहिल्यै प्रयत्न गरेन । खुलेआम ऊ भन्ने गर्थ्यो मेरो विचार छुट्टै कुरा हो, व्यवहार छुट्टै कुरा हो । हरेक मान्छेको आ-आफ्नो सिद्धान्त हुन्छ, त्यस्तै मेरो पनि कुनै सिद्धान्त छ, विचार छ- प्रोग्रेसिव विचार बस् ।

पछि एकचोटिको घटना हो- उसका साथीहरु अलि लामै समयसम्मको आन्दोलनको प्रस्ताव लिएर आएका थिए । कलेज छोडिसकेपछिको कुरो हो यो ।

उसको जेठो छोराको व्रतबन्ध हुनेवाला थियो डेढ महिनापछि । त्यही बेलामा आन्दोलन ? यो त असम्भव । त्यतिखेर उसले भनेको थियो- "मलाई लाग्छ मुलुकमा अहिले यस्तो स्थिति छ जहाँ डेढ-दुई महीना यता केही गर्नु उपयुक्त छैन । सोच्नुपर्छ हतार गर्नु हुन्न ।"

बरु त्यतिखेर उसले आन्दोलनको स्वरुप कस्तो हुनुपर्छ भन्ने बारे केही भन्यो । यस्तो हुनुपर्छ, उस्तो हुनै हुन्न आदि आदि । त्यसपछि वास्तवमा ऊ घरपरिवारको जे जस्तो फर्मायस पनि पूरा गर्न तयार "गाई प्राणी" को रुपमा परिवर्तित हुँदै गयो । अब उसलाई साथीहरुले निष्क्रिय भयो भन्ने ठान्लान् भन्ने भय लाग्न थाल्यो । ऊ आफूलाई यस्तो कहिल्यै पनि देखाउने छैन । ऊ पछि हट्ने मान्छे हैन, ऊ यो देखाउन चाहन्थ्यो । त्यसैले अब आलोचक बढी हुन थालेको थियो । त्यस्तो तालले पनि हुन्छ, यसो हुनुपर्थ्यो, उसो हुनुपर्थ्यो, यो गरिनुपर्छ, उसो गरिनुपर्छ, गरिनुपर्दथ्यो आदि आदि ।

उसको यो प्रवृत्ति उसका साथीहरुलाई पनि केही पच्न छोड्यो तर के गर्ने ? आलोचना गरौं, आफ्नो एकजना मान्छे घट्ला भन्ने पीर ! विभिन्न भागहरुमा विभक्त आन्दोलन, आफूले छोडिदियो भने अरु खेमातिर जाला भन्ने डर, त्यसैले गुञ्जमानका साथीहरु पनि यो चाहन्थे कि गुञ्जमानले आफूलाई उनीहरुकै मान्छे भनी रहोस् मानिरहोस् । गुञ्जमानको प्रवृत्तिसँग उनीहरुलाई मतलब छैन । गुञ्जमानको चरित्र हेरेर सर्वसाधारण जनताले "यस्तै त रहेछन् नि प्रगतिशीलहरु पनि" भन्ने खालको गलत सोचाइ बोकिरहेको थियो । अब कसले बुझाइदिने जनतालाई गुञ्जमान साँच्चै प्रगतिशील हो कि हैन भन्ने बारेमा । के प्रगतिशीलहरु पनि अरु जस्तै सिद्धान्त र व्यवहारको तालमेल नमिलाएर बस्छन् ? जानी वा नजानी प्रगतिशीलताको नाउँमा, नाम मात्रको प्रगतिशीलताको नाउँमा नाम मात्रको प्रगतिशीलता बाँचेको हुन्छ भन्ने कुरा कसले जनतालाई बुझाइदिने ? कसले हटाइदिने गुञ्जमानलाई उदाहरण बनाएर प्रगतिशीलहरु यस्तै हुँदारहेछन् भन्ने भ्रम पाल्न पुगेका कतिपय सोझा जनसाधारणहरुको भ्रमलाई ?

अहिले भेलामा अरु डेढ घण्टा बित्यो र साढे दुई बज्यो । गुञ्जमानलाई ठूलो संकट अनुभव भयो । छलफलको कुनै टुंगो नै छैन । उसलाई झन् दिक्क लाग्यो । बोलिरहेका सबै वक्ताहरुप्रति झन् झन् रिस उठ्यो ।

यत्तिकैमा उसले भेलालाई फुटबलको समय ३.०० बजेभित्रै सक्ने अन्तिम प्रयास गर्‍यो र भन्यो- "मलाई लाग्छ, हामी अब अनावश्यक र आजको भेलाको मूल विषयसँग असंबन्धित पनि कतिपय कुरातिर बहकिँदै छौं । यसरी विषयान्तर नगरौं । निचोड निकालौं र भेला टुंग्याउँ साथी हो !

उसको यो हतार गराइको एकोहोरो धुनले अन्य सहभागीहरुमा 'छक्क पर्नु' को मात्रा पलपल बढाउँदै गयो । एकजनाले ठट्टा गरेको पारामा प्याच्च मुख फोरिदियो- "क्या हो गुञ्जमानजी ! कतै जाने हतार छ कि क्या हो ? नत्र किन यस्तो फिटीफिटी ?"

**उसको जेठो छोरोको ब्रतबन्ध हुनेवाला थियो, डेढ महिनापछि । त्यहीबेलामा आन्दोलन ? यो त असम्भव ! त्यतिखेर उसले भनेको थियो- 'मलाई लाग्छ मुलुकमा अहिले यस्तो स्थिति छ, जहाँ डेढ दुई महिना यता केही गर्नु उपयुक्त छैन । सोच्नु पर्छ, हतार गर्नु हुन्न ।'**

गुञ्जमानले आफ्नो गालामा झापड परेजस्तै अनुभव गर्‍यो । उसलाई लाग्यो- कतै ऊ 'ज्यादा' गर्दै त छैन ? अरुको आँखामा ऊ निक्कै अस्वाभाविक अर्थात् 'अड' त देखिएको छैन ? यो आशंकाले गाँज्यो उसलाई । उभित्र एकप्रकारको लघुताबोध पनि उत्पन्न भयो । सबैको अनुहार हेर्‍यो, सबै जना उप्रति मुसुमुसु हाँसिरहेको जस्तो उसलाई लाग्यो, ऊ संकोचले खुम्चियो ।

संजोगले अघि 'किन यस्तो फिटी फिटी' भनी प्रश्न गर्ने व्यक्ति अर्कै खेमाको परेछ । भर्खरै उसलाई यो थाहा भयो, याद भयो । यो याद हुन नपाई उसको हीनताबोध प्रतिशोधको रुपमा फेरियो । बडो गम्भीर भएर तत्कालै भन्यो उसले- "कृपया तपाईंहरु यस्तो व्यक्तिगत र तल्लो स्तरको कल्पना गर्न छोडिदिनुस्, यो मेरो दश औंला जोडेर बिन्ती छ ।

मानौं निक्कै ठूला ठूला भयानक मतभेदहरु देखा परे । एक एक भेलामा यस्तो अनुभव गर्न सकिने कृत्रिम स्थिति खडा भयो । वातावरणमा एकछिन सन्नाटा छायो । सोझै व्यक्तिगत स्तरमा भेला जान आँट्यो भन्ने पीर र गुञ्जमानले किन यस्तो अस्वाभाविक र अनावश्यक कुरा बोलिरहेछ भन्ने अचम्म । यी दुई कुराले अन्य मानिसहरु रनभुल्लमा परे ।

"तपाईंहरु" भनेर कुनै खेमा विशेषलाई मुछ्ने प्रयास कृपया नगर्नु होला, अहिले यसरी 'तपाईंहरु' र 'हामीहरु' भनेर सीमा रेखा कोर्नुपर्ने कुनै प्रयोजन नै छैन । म व्यक्तिगत रुपमा बोल्दैछु ।" वक्ताले मन पोख्यो ।

सबै कराए- "हो हो, गुञ्जमानजी । किन बेकारमा कुरा अन्यत्र लाने ? अन्यत्र लानु आवश्यक नै छैन नि, यहाँ त्यस्तो कुनै कुरा पनि उठेको छैन, जसलाई लिएर 'तपाईंहरु' र 'हामीहरु' भन्नुपरोस् ।"

धेरै जना एकैपटक कराउँदा झगडै पो पर्‍यो कि भन्ने भान पर्‍यो । विगतमा केही प्रगतिशील भनिने व्यक्तिहरुले आपसी छलफल कसरी चलाउने भन्ने कुरा नजानेर भनाभन् र तानातानीमा पुगेर उठेको केही उदाहरणहरु देखेका सिधासादा सहभागीहरुमा यसले एउटा आतंक नै फैलायो 'लौ लौ फेरि मारामार हुन आँट्यो क्यारे ! एकै ठाउँमा बस्नै नसक्ने अवस्था पो आउन आँट्यो त !' आवाजहरु उठे । झन् यी आवाजहरुले चारैतिर थप अस्तव्यस्तता सृजना गर्‍यो ।

तत्कालै एक आपसी कानेखुसीहरु हुनथाले । गुञ्जमानका पक्षधरहरु गुञ्जमानकै पक्षमा कानेखुसी गर्न थाले । तर उनीहरु सबैलाई के याद भैरहयो भने गल्ती गुञ्जमानकै छ । एउटाले त गुञ्जमानको कानैमा मुख जोतेर सोध्यो पनि- 'किन गुञ्जमानजी ?- अहिले यहाँ भेला सकेर भ्याउनुपर्ने कुनै अर्को मिटिङ्ग छ कि क्या ?'

गुञ्जमानले उत्तर दियो, "अँ जरुरी सिटिङ्ग छ, जानैपर्ने, तीन बजे पुग्नैपर्ने थियो, यहीं तीन बजिसक्यो ।"

कानमा मुख लाने चूप भयो । ऊ एकछिन सोच्न थाल्यो ।

सवा तीन बज्यो । गुञ्जमानको धैर्यले ठाउँ छोड्यो । तीन बजे शुरु हुने भनिएको खेल पन्ध्र बीस मिनेट त शुरु गर्न नै ढीला होला, दश पन्ध्रै मिनेटको खेल छुट्ने भैसक्यो । दश पन्ध्र मिनेटको खेल छुटेर त्यति ठूलो हानि हुन्न तर अब अरु छुटाउ भने बिल्कुलै भएन । गुञ्जमान सोच्यो र यो सोच्दासोच्दै

उठेर सबैसँग हात जोड्दै भन्यो- "मचाहिं अहिले बिदा हुन्छु मेरो अन्यत्र जरुरी सिटिङ्ग छ ।"

यसो भनिरहँदा उसले अनुहार यस्तो बनाउने कोशिश गरिरह्यो, जुन अनुहारले देखाओस्- ऊ भर्खरैको विवादले गर्दा मुड खराब भएकाले बीचैमा उठ्दै छ, ऊ त्यस्ता नासमझहरुबीचमा बसेर अरु आफ्नो समय बर्बाद गर्न चाहँदैन ।

"नरिसाउनुस् न कृपया । रिसाउनु भयो कि क्या ?" अघि उसँग प्रत्युत्तर दिनेहरुले भने । उसले गजक्क पर्दै भन्यो "किन रिसाउनू ?" यो भनाइले यस्तो भाव व्यक्त गर्थ्यो- हो मलाई रिस उठ्यो म तिमीहरुजस्ता छोटो मिजासका व्यक्तिहरुसँग अब एकछिन पनि बस्न सक्तिनं ।

गुञ्जमान उठ्यो ।

कुनै खेमातिर पनि नलागेको भनी आफूलाई भन्न रुचाउनेहरुले तुरुन्तै एक-अर्काको कानमा खासखसु गरे- "यो सब गुटबन्दीको करामत हो, यी गुटवालाहरु यस्तै हुन्, एउटाको आवाज अर्कोलाई मन पर्दैन यिनीहरुलाई ।"

यत्ति भन्ने र सुन्ने काम गर्ने दुवैले आफूलाई यतिखेर झन् 'बुद्धिमान्' ठाने । लौ हेर हामी कुनै खेमातिर पनि नलागेको त्यसै हो र ? यस्तै हुन्छ भनेर नलागेको हो । दुवैले व्यक्त गरे- "यहाँ कुनै पनि गुटहरु बाँकी रहनु हुन्न, अनि मात्र ठीक हुन्छ ।" भन्ने मौका मिल्दा यतिसम्म पनि भन्न चुकेनन् उनीहरु मख्ख परेर गुञ्जमान उठेर जुत्ता लगाउन लागेकोतिर हेर्नथाले ।

गुञ्जमान हिंड्यो । प्रायः सबै खुसी भए । अनावश्यक विवादको पोकोले बिदा लिएकोमा सबैले राम्रै अनुभव गरे ।

एक छिनपछि गुञ्जमानको पछिपछि भनेजस्तै गरी उसले भनेजस्तै बेहोरा भन्दै, नमस्कार गर्दै अरु तीनजना पनि बाहिरिए ।

यसरी गुञ्जमानसहित बाटामा चार जनासँगै भए । चारै जनाले आ-आफ्नो अत्यन्त हतारको बैठक अन्यत्र भएको कुरा बताए र आफूले अधूरैमा छोडेर आएको भेलाको टीकाटिप्पणी शुरु गरे- "खतम छ नेपालको प्रोग्रेसिभहरुको चाल ! बेकारमा भेला लम्ब्याइएको देख्नु भयो ? मलाई यस्तो बिल्कुलै मन पर्दैन । मिटिङ्ग भनेको छोटो मिठो हुनुपर्छ ।" गुञ्जमानले भन्यो ।

"हो त्यै त भन्या, हेर्नुस् न फेरि संकुचितता ? त्यो मान्छेले तपाईंलाई त्यो 'किन फिटिफिटी' भनेर व्यंग किन गर्नु परेको ? म त छक्क परें त्यसको ताल देख्दा । हाम्रो आन्दोलनलाई अहिलेसम्म पछि पार्नमा जिम्मेवार यस्तै तत्वहरु हुन् बुझ्नुभो ?" अर्कोले गुञ्जमानलाई साथ दियो ।

गुञ्जमान हिंड्दाहिंड्दै फेरि हौसियो- "यो सब गुट संकीर्णता हो । मलाई त्यसो भन्ने मान्छे त्यो उतापट्टिको गुटको हो । उनीहरु हामीहरुलाई देखिसहँदैनन् । हेर्नुस् न, कस्तो संकुचितता ? आजै पनि देखिहाल्नु भयो । बुझ्नुभयो यही संकीर्णतालाई अघि सारेर यिनीहरु दुई हजार यति सालमा यहाँ धोका दिए, दुई हजार उति सालमा उहाँ धोका दिए, धोका धोका धोका, यिनीहरुको इतिहास नै धोका नै धोकाको इतिहास हो, प्रष्टै छ नि छैन र ?"

अर्कोले भन्न शुरु गर्‍यो "वास्तवमा भेला भनेको लेनिनको पालामा पनि कस्तो हुन्थ्यो भने........"

"अँ त, त्यै त , हो त, हो त" सबले सबको सबै कुरा स्वीकारे । कारण, कुरा केलाउनुभन्दा बढी त्यहाँ बाटो छोट्याउनु प्रमुख थियो सबैका लागि ।

रंगशालाको ढोकाभन्दा केही वरकै गौंडामा गुञ्जमान टक्क अडियो- "ल त म यहीं तपाईंहरुबाट छुट्टिन्छु । मलाई लिन यहाँनेर कोही आउनेछ ।" ऊ त्यहीं उभियो । अरुहरु अघि बढे ।


गुञ्जमानकी श्रीमती र छोरो कुरेर अझै बसिनै रहेका रहेछन्, हुत्तिएर आएर ढीलो गरेकोमा उसलाई निल्न खोजे । अनुहारभरि लाचारी पोतेर उसले उनीहरुको चित्त बुझायो । खेल शुरु भएको धेरै भएको छैन भन्दै उनीहरुलाई लिएर ढोकातिर अघि बढ्यो ।

गुञ्जमानसँगै छुट्टिएकाहरुमध्ये एउटाको घरमा 'पप्लु'को जमघट हुनेवाला रहेछ- 'महत्वपूर्ण सिटिङ्ग छ' भन्दै ऊ पनि अरुसँग छुट्टियो । बाँकी दुईजना चाहिं पनि त्यो भन्दै रंगशालाको भिन्दाभिन्दै ढोकाबाट भित्र पसे । उनीहरुले पनि अलगअलग रुपले फुटबल खेलको टिकट काटेका रहेछन् ।

रंगशालाभित्र पसेर अलगअलग ठाउँमा बसेका 'गुञ्जमानहरु'ले नजीकैको कुनै दर्शकसँग सोधे- "अहिलेसम्म कुनै पक्षले गोल गरेको छ कि छैन ।"

ठीक त्यही बेला मैदानमा कुनै एक पक्षले गोल गर्‍यो । दर्शकहरु चिच्याए- गोल गोल ! उनीहरुको प्रश्नको उत्तर आएन । फेरि सोधे- "यो गोल गर्ने कुन पक्ष हो, कुन टिम हो ? कुन क्लब हो ?" ❑

साभार 'वेदना' पूर्णांक ३९/२३०४४ बाट ।

बलियो, भरपर्दो, टिकाउ र सुरक्षित एवं अत्याधुनिक

हनुमान छाप
कर्कट पाता तथा जस्ता पाता
संधै प्रयोग गरौं ।
सुन्दर ब्राण्ड नेल्स र कीलाकाँटी
उत्पादकः सुन्दर स्टील प्रा.लि. वीरगंज

# चलचित्र नाता



## सार्थक र जीवनउपयोगी हुनसक्ने संभावना बोकेको
# राम्रो फर्मूलाशैलीको फिल्म

विश्व बस्नेतको निर्देशनमा ट्र्याक मुविद्वारा निर्मित चलचित्र नाता यतिखेर काठमाडौंमा प्रदर्शन भइरहेको छ । यो चलचित्र मूलतः सामाजिक, पारिवारिक चलचित्रको रुपमा प्रस्तुत भएको छ ।

आफ्नी आमा नभएको भएता पनि सौतेनी आमाको न्यानो मायामा हुर्किएका दयाराम (भुवन के.सी.) सौतेनी आमा र बाबु दुबैको मृत्युपछि आफ्ना दुई सौतेला भाइहरु लक्ष्मण (अशोक शर्मा) र भरत (श्रीकृष्ण) लाई हुर्काउनका लागि आफूलाई पूरै घरव्यवहारमा समर्पण गर्दछन् । दयारामको यस 'दुःख' (घरभित्रको काम पुरुषद्वारा गरिनुलाई हाम्रो समाजमा दुःखको रुपमा लिने गरिन्छ र यस चलचित्रमा पनि यही पछौटे मान्यतालाई अगाडि सारिएको छ ) देखेर गाउँकी शान्ति (गौरी मल्ल) लाई 'दया' लाग्छ र उनी दयारामको 'दुःख'को बोझ आफू उठाउन चाहन्छिन् । अर्थात् शान्ति दयारामलाई प्रेम गर्छिन् । दयाराम आफूले विहे गरेमा आफ्ना भाइहरुलाई दिने मायामा कमी आउला भनेर विहे गर्न मान्दैनन् । दयारामको यो मनस्थिति देखेपछि शान्तिले स्वास्थ्य चौकीमा गई ढाँटेर परिवार नियोजन गराउँछिन् अर्थात् दयारामको निमित्त 'ठूलो त्याग' गर्दछिन् । यसबाट प्रभावित भएपछि दयाराम र शान्तिबीच विवाह हुन्छ ।

लक्ष्मण र भरतसँगै खेल्दै हुर्कन्छन् । घरको गरीबीको कारणले दयाराम दुवै भाइलाई शहर पढ्न पठाउन सक्दैनन् । फलतः गाउँको साहु कालिप्रसाद (जयनन्द)सँग ऋण लिएर एउटा भाइ लक्ष्मणलाई शहरमा पढ्न पठाउँछन् र अर्को चाहिं भरत गाउँमै बस्दछ । लक्ष्मण पढेर इन्जिनियर बन्छ । लक्ष्मणको यस सफलताले अभाव, ऋण र गरीबीमा रहेका दयारामको सपनालाई अरु सुन्दर र रंगीन बनाउँछ । लक्ष्मण इन्जिनियर बनेको खबर थाहा पाएपछि कालिप्रसाद आफ्नी छोरी मिरा (गिताञ्जली)को विहे लक्ष्मणसँग गरिदिनको निमित्त दयारामप्रति नरम भएर प्रस्तुत हुन्छ । दयारामले पनि कालिप्रसादलाई आफ्नो भाइको तर्फबाट बचन दिन्छन् । तर, लक्ष्मण शहरको एक धनाढ्यकी छोरी लक्ष्मी (रुपा राना)सँग विहे गरेर उसलाई लिएरै गाउँ पस्छ । यस घटनाले कालिप्रसादको अहम्मा चोट लाग्छ र कालिप्रसाद आफ्नो सक्कली रुप लिएर दयारामसमक्ष प्रस्तुत हुन थाल्छ ।

पैसा कमाउन शहर पसेका लक्ष्मण शहरमै हराउँछ र गाउँबाट लक्ष्मणको बारेमा बुझ्न शान्ति र भरत शहर जान्छन् । लक्ष्मीले कुटील चाल चलेर लक्ष्मण तथा शान्ति र भरतबीच ठूलो खाडल खडा गरिदिन्छे । फलस्वरुप लक्ष्मणसँग भेटै नगरी शान्ति र भरत लक्ष्मणको ससुराली (जहाँ लक्ष्मण बसेको थियो) बाट निस्कन्छन् । यसपछि शान्ति गाउँ फर्किन्छिन् र भरत चाहिं पैसा कमाउनका निमित्त शहरमै बस्छ । यसैबीच लक्ष्मी र लक्ष्मणबीचको सम्बन्ध पनि बिग्रँदै जान्छ र अन्ततः लक्ष्मण लक्ष्मीलाई छोडेर आफ्नो ससुरालीबाट निस्कन्छ । यता भरत पैसा कमाउनका निमित्त ज्यामी काम गर्छ, ठेला चलाउँछ, रिक्सा चलाउँछ । यता गाउँमा कालिप्रसादको दयारामप्रतिको अचाक्ली बढ्दै गएको हुन्छ र दयारामलाई पाटीको बास गराउँछ ।

दिनरात परिश्रम गरेर पनि पैसा कमाउन नसक्ने देखेर भरत निराश हुन्छ । तर यसैबखत, एउटा व्यापारीले आफ्नो डुबेको दश लाख रुपैयाँ उठाइदिनको निमित्त भरतलाई भन्छ । भरतले आफ्नो बल र सहासबाट उक्त दश लाख रुपैयाँ फिर्ता गराउन सफल हुन्छ । यस बापत उसले दुईलाख रुपैयाँ इनाम पाउँछ । यही पैसा लिएर भरत गाउँ जान बस स्टपतिर जान्छ । त्यहीं नै लक्ष्मण पनि पैसा कमाएर गाउँ जान भनेर आइपुगेको हुन्छ । दुबै भाइको भेट हुन्छ । दुवैजना सँगै गाउँ जान्छन् । गाउँ पुगेपछि कालिप्रसादले दयाराममाथि गरेको अत्याचारको बारेमा थाहा पाउँछन् । दुवै मिलेर कालिप्रसाद (गलत पक्ष)लाई परास्त पार्छन् । सिनेमाको कथावस्तु यही हो ।

सिनेमाको अन्त्यमा मिलन छ । दयारामको आफ्ना भाइहरुसँग मिलन हुन्छ । कालिप्रसादले विहे गरिदिन नमानेको भरत र मिराबीच पनि विवाह हुन्छ । आफ्नो घमण्डको कारण लक्ष्मणसँग छुट्टिन पुगेकी लक्ष्मी पनि आफ्नो गल्तीको प्रायश्चित गर्दै गाउँमै पुग्छे । लक्ष्मण र उनीबीच पनि मिलन हुन्छ । यसप्रकार चलचित्र 'नाता' समाप्त हुन्छ ।

मूलभूत रुपमा अन्य व्यावसायिक चलचित्रहरुभन्दा बेग्लै नभए पनि चलचित्र नाताको मूल कथाबस्तुले समाजभित्रको विसंगति, गरीबी र दुःखलाई समेटेको छ । मूल कथावस्तुलाई ढपक्कै ढाक्ने गरी सस्तो प्रेम र सस्ता दृष्यहरु नआउनु पनि यस चलचित्रको सकारात्मक पक्ष हो । 'नाता'मा देखाइएका नायक-नायिकाहरुबीचको प्रेमसम्बन्ध तुलनात्मक रुपमा हेर्दा स्वभाविक नै देखा पर्दछ । तर पनि शान्तिको दयारामप्रतिको एकोहोरो प्रेम र दयारामलाई पाउनको निमित्त शान्तिले गरेको त्याग चाहिं त्यति स्वभाविक र सामान्य स्तरको त्याग देखिन्न । गाउँको गरीब परिवारको आमाबाबु नभएको 'पाखे' लक्ष्मणको शहरको धनाढ्यकी छोरी लक्ष्मीसँग प्रेम र विवाह हुनु असंभव नै त नहोला । तर हाम्रो जस्तो समाजमा यस्तो संभावना बिरलै रहला कि ?

चलचित्र 'नाता'ले पनि नायक र नायिकालाई गीतमा नचाएकै छ । चलचित्रलाई एउटा निश्चित समयको बनाउनको निमित्त यस्तो गीत र नाच आवश्यक हुन सक्छ र यसलाई सस्तो रोमान्सका दृष्यहरुमा आधारित नगरी स्वाभाविक कथावस्तु र स्वस्थ कला एवं सामाजिक मर्यादाको सीमाभित्र राखिएमा चलचित्रमा रहने गीत र नाचको सही उपयोग हुनेछ । यसबाट चलचित्रमा संलग्न नायक, नायिका, निर्देशक, गीतकार, संगीतकार, नृत्य निर्देशकलगायत सम्पूर्ण चलचित्रकै स्तर माथि उक्सने र चलचित्रमा संलग्न व्यवसायिकहरुको सामाजिक मर्यादाको स्तर पनि उँचो हुनेछ भन्ने चाहिं कुरा यस क्षेत्रसँग सम्बन्धित सबैले बुझ्नु जरुरी हुन्छ ।

चलचित्र 'नाता'ले पनि गीत र नृत्यमा सस्तो रोमान्स दिन खोजेको छ । तर यो प्रबल भएर आउन सकेको छैन र यो प्रवल हुन नसक्नु नै राम्रो हुन पुगेको छ । अझ सचेततावस त्यस्तो दृष्यहरुलाई हटाउन सकेको भए चलचित्रले नयाँ कुरा दिन सक्थ्यो । यस्तै यस फिल्ममा पटक पटक खोलामा नुहाउन लगाएर नारी देह प्रदर्शन गर्ने प्रयत्न पनि भएको छ । र गुण्डाहरु लगाएर लक्ष्मी (रुपा राना)माथि हातपात गर्ने प्रयास स्वरुप उनको शरीरबाट कपडा थुत्ने काम पनि भएको छ । चलचित्रमा यस्ता कुराहरु नदेखाएर सांकेतिक रुपमा बुझिनेगरी अरु नै उपायद्वारा यो देखाउन वा भन्न सकिन्छ, तर यो एउटा फर्मूला र परम्परानै बनिसकेको छ ।

यस्तो गलत परम्परालाई तोड्न सचेतताकासाथ लागेको भए यो चलचित्र उन्नत स्तरको हुन सक्ने संभावना थियो । यस्तो राम्रो संभावनालाई निर्देशकले आँखा चिम्लिदिएका छन् ।

चलचित्र 'नाता'को द्वन्द्वको प्राविधिक पक्ष राम्रो छ । तर, व्यवहारिक रुपमा एक्लो व्यक्तिले गुण्डाहरुको जमातलाई भगाउन सक्ने संभावना भने कमै रहन्छ । 'नाता' पनि यस्तो दृष्य दिनबाट अलग्गिन सकेको छैन । एक्लो व्यक्ति (राम्रो पक्ष)को पनि जमात बनाउने र समूहको आडमा राम्रो पक्ष वा सत्यले विजय पाएको खण्डमा मात्र घटना स्वभाविक बन्न जान्छ ।

यसको अतिरिक्त लक्ष्मणले पैसा कसरी कमायो भन्ने कुरा नखुल्नु, भरतले बहादुरी देखाएर इनाम पाउनु जस्ता कुराहरुले समाजमा पैसाको मात्र मूल्य स्थापना गर्न खोज्छ र जसरी भएपनि पैसा कमाउनु पर्ने र पैसा कमाउनु जेसुकै गरे पनि हुने जस्ता डरलाग्दो प्रवृत्तिलाई प्रोत्साहन गर्दछ । अतः यस्ता ठाउँहरुमा श्रम र बुद्धिद्वारा पैसा कमाउन सकिने, समाजमा रहेका राम्रा मानिसहरुबाट सहयोग प्राप्त हुने जस्ता कुराहरु देखाउन सकेको भए यस चलचित्रले समाजलाई सही दिशातिर डोऱ्याउनसमेत सफल हुने थियो । यसो गरिएको भए यो चलचित्र सामाजिक पारिवारिक चलचित्रको राम्रो नमूना हुन सक्थ्यो ।

- चलचित्र 'नाता' सारांशमा, सार्थक एवम् समाज र जीवनोपयोगी हुनसक्ने संभावना भएको चलचित्र हो । यस चलचित्रमा व्यवसायिक सस्ता दृष्यहरु दिन खोजिएको छ, तथापि यो पक्ष तुलनात्मक रुपले त्यत्ति प्रवल हुन सकेको छैन । यसले गर्दा मूल कथाबस्तुले चलचित्रमा उज्यालिने मौका पाएको छ । अतः अन्य व्यवसायिक चलचित्रहरुको दाँजोमा यो चलचित्रलाई राम्रो मान्नुपर्छ ।

— राजेन्द्रप्रसाद अधिकारी

यस रिपोर्टका जम्मै फोटोहरु : एल्भीस जोशी




# नेपालमा भूमिसुधार केका लागि र कसरी गरिनुपर्छ ?

नेपालमा ८१% जनता खेतीपातीबाटै आफ्नो रोजगारी पाउँछन् र हातमुख जोर्ने काम गर्दछन्। देशको राष्ट्रिय उत्पादनको ४२% कृषिबाटै प्राप्त हुन्छ। नेपालका तीनचौथाइभन्दा पनि बेसी उद्योगहरूको कच्चा पदार्थ कृषिबाटै प्राप्त हुन्छ। त्यसैले नेपालको अर्थतन्त्र अझै पनि कृषितन्त्र हो। भूमिसमस्या अहिले पनि नेपाली जनताको प्रमुख समस्या हो।

अर्थतन्त्रको यही क्षेत्रमा पूँजीवादी सुधार गर्ने प्रयत्न हुँदैछ एमाले सरकारबाट। अरु नै सरकार आए पनि उसले यो क्षेत्रमा सुधार नगरी देश विकासको ढोका खोल्नु बिल्कुलै संभव छैन।

तर केका लागि र कसरी गर्ने त नेपालमा भूमिसुधार ?

यस सम्बन्धमा भने हाम्रो देशमा वैचारिक स्पष्टता हासिल भैसकेको छैन । यही वैचारिक अस्पष्टताका कारणले आफ्नो चुनावी घोषणापत्रमा भूमिसुधारबारे उल्लेख भएता पनि एमाले सरकारले सत्तामा आउने बित्तिकै भूमिसुधार गर्न सकेन। उसले यसका लागि आयोग गठन गर्नुपर्ने स्थिति रह्यो । उच्चस्तरीय भूमिसुधार आयोगले आफ्नो काम अब करीब करीब सकिसकेको छ। यो पत्रिका प्रकाशित भइसक्दासम्म उसले आफ्नो प्रतिवेदन संभवतः सरकारलाई बुझाइसकेको हुनेछ।


विचार स्पष्टताको यही गंभीर समस्या हल गर्न मूल्यांकन मासिकले गत जेठ ६ गते काठमाण्डौंमा यो विषयमा एउटा गंभीर विचार अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो । यसमा नेपालका प्रसिद्ध भूमिविद् महेशचन्द्र रेग्मी, भू. पू. भूमिसुधारमन्त्री जगन्नाथ आचार्य, प्रसिद्ध वामपन्थी नेता क. मोहनविक्रम सिंह र कृषि अर्थविद् दीपेन्द्र क्षेत्रीले आफ्नो सारगर्भित विचारसहितका कार्यपत्र पेश गर्नुभएको थियो । त्यसमाथि आलोचना र टिप्पणी गर्नका लागि नेपालका विभिन्न विचारका राजनेताहरु उपस्थित हुनुहुन्थ्यो । यसमा क. शंभुराम श्रेष्ठ, वर्तमान भूमिसुधारमन्त्री राधाकृष्ण मैनाली, डा. बाबुराम भट्टराई, क. दीनानाथ शर्मा, क. सीताराम तामाङ र गणेश शाहको नाम प्रमुख रुपमा लिन सकिन्छ।

प्रसिद्ध अर्थविद् डा. पार्थिवेश्वर तिमिल्सेना, डा. बद्रीप्रसाद श्रेष्ठ र गोविन्द लोहनी, भूमिसुधारका ज्ञाता र राष्ट्रियसभा सचिव रामबहादुर के. सी., राष्ट्रिय योजना आयोगका सदस्य तथा कृषिविद् डा. कैलाश प्याकुरेल जस्ता अर्थविद् र कृषिविद्हरुले पनि यस अन्तर्क्रिया कार्यक्रममा भाग लिनुभएको थियो। कानूनी दृष्टिकोणबाट टिप्पणी गर्नका लागि उपस्थित हुनुहुन्थ्यो– अधिवक्ता अग्नि खरेल।

उच्चस्तरीय भूमिसुधार आयोगबाट धर्मदत्त देवकोटा र रेवतीप्रसाद ढकाल यो अन्तर्क्रिया कार्यक्रममा उपस्थित हुनुहुन्थ्यो । यसबाहेक पनि नेपालका थुप्रै बौद्धिक व्यक्तित्वहरु, राजनीतिक कार्यकर्ता र पत्रकारहरुको पनि कार्यक्रममा उपस्थिति रहेको थियो।

प्रस्तुत छ यही महत्वपूर्ण अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट सारसंक्षेपमा । यो रिपोर्टको बाँकी भाग अर्को अंकमा पनि प्रकाशित गरिनेछ। – मूल्याङ्कन

## प्रसिद्ध राजनेताहरु, अर्थविद्हरु, भूमिविद्हरु र कानूनविद्हरु यस्तो भन्छन् :



## अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट

# नेपालमा भूमिसुधार केका लागि र कसरी ?

जगन्नाथ आचार्य, भू.पू. भूमिसुधार मन्त्री

(अन्तर्वार्ताको रूपमा रेकर्ड गरिएको धारणाको सारसंक्षेप)

## भूमिसुधार केका लागि ?

नेपालमा भूमिसुधार गर्नुको मुख्य उद्देश्य कृषि उत्पादन बृद्धि गर्नु, भूमि वितरणमा सामाजिक न्याय कायम गर्नु र जमीनमा मात्रै आश्रित हुने प्रवृत्तिलाई निरूत्साहित गरेर गैर-कृषि क्षेत्रमा नेपालका जनताको आकर्षण बढाउनु हुनुपर्छ ।

नेपालमा जुन गतिले जनसंख्या बढ्दैछ, त्यो गतिले कृषि उत्पादन बढ्दै छैन । त्यसैले खेतीको लागि नामी देश नेपाल अहिले खाद्यान्न आयात गरेर खानु पर्ने देश भएको छ । यो समस्या हल गर्ने हो भने भूमिसुधारको पहिलो प्रमुख उद्देश्य कृषि उत्पादन बृद्धि गर्नु हुनु पर्छ ।

कोहीसित अति धेरै जग्गा हुने तर उसले जमीनमा पाइलै नटेक्ने, कसैले जमीनमा मरीमरी श्रम गर्ने तर उसित आफ्नो श्रमको तरक्की देखाउन जमीनै नहुने- यस्तो सामाजिक अन्याय नेपालमा विद्यमान छ । यो सामाजिक अन्याय अन्त गर्न र सामाजिक न्याय हुने गरी भूमि वितरण गर्नु भूमिसुधारको अर्को प्रमुख उद्देश्य हो । जमीन त्योसित होस्, जो जमीनमा श्रम गर्न तत्पर छ, त्योसित नहोस्, जो जमीन ओगटेर राख्न त चाहन्छ तर त्यसमा परिश्रम गर्न तयार छैन । यसैलाई म सामाजिक न्याय भन्छु ।

हामीकहाँ के प्रवृत्ति छ भने, दुईचार पैसा हामीसित बढ्यो भने हामी उद्योग व्यापारमा लगाउन चाहन्नौं । हामी त्यो बचत जमीनमा लगानी गर्न चाहन्छौं । किनभने, जमीनमा लगानी गर्‍यो भने हाम्रो लगानी डुब्दैन, त्यो मूल्य बृद्धि हुँदै गएर धेरै फाइदा हुन्छ भन्ने हाम्रो विश्वास छ । यो गलत प्रवृत्तिलाई हतोत्साही गर्नु पर्‍यो । जमीनमा लगानी गर्नुको सट्टा उद्योग व्यापारमा लगानी गर्ने प्रवृत्ति बढाउनु पर्‍यो । भूमिसुधार गर्नुको एउटा उद्देश्य यो पनि हुनु पर्छ, किनकि अब जमीनले मात्र नेपालको जनसंख्यालाई धान्ने स्थिति नै छैन र त्यसो गरेर देश विकास पनि हुँदैन ।

नेपालमा भूमिसुधार गर्नुको उद्देश्य यी तीनवटा हुनु पर्छ । म भूमिसुधार मन्त्री हुँदा यही तीनवटा उद्देश्य सिद्धि गर्न मैले भूमिसुधार गर्न खोजेको थिएँ, जुन मैले गर्न पाइनँ ।

## नेपालमा भूमिसुधार कसरी ?

पहिला त, तपाईसित जमीनको सही रेकर्ड हुनुपर्छ- को कोसित कहाँकहाँ कति जमीन छ भन्ने । नत्र तपाईले हदबन्दी लगाउने कसरी ? प्रगतिशील भूमि कर लगाउने कसरी ? यसको लागि 'एउटा व्यक्ति, एउटा परिवार, एउटा लालपूर्जा'को व्यवस्था गरिनु पर्छ । पहिले हरेक जिल्लामा यस्तो गरिनु पर्छ । जिल्ला जिल्लाको रेकर्ड बनाइसकेपछि त्यसलाई राष्ट्रिय तहमा एकीकृत गर्नुपर्छ । त्यसो गरेपछि देशभरिको यथार्थ लगत आउँछ । यस्तो रेकर्ड कम्प्युटर प्रविधिबाट तीन तहमा राखिनु पर्छ, माल अड्डामा, जिल्ला तहमा र केन्द्रमा । त्यस्तो भयो भने कुनै एउटा तहले रेकर्डमा बदमासी गर्ने सम्भावना कम हुन्छ । कुन व्यक्तिको देशभरिमा कहाँ कति जग्गा छ भन्ने थाहा हुन्छ । एउटा मुखियाले पीन घोपेर वा मसी छर्केर रेकर्ड सच्याउने सम्भावनाको अन्त्य हुन्छ ।

जग्गाको हदबन्दी गुण अनुसार लगाउनु पर्छ, परिमाण अनुसार होइन । सोलखुम्बुमा त्यत्ति नै जग्गामा १३ महिनामा एक बाली लाग्छ । काठमाण्डू उपत्यकामा त्यत्ति नै जग्गामा वर्षको तीन चार बाली लगाउँछन्, ज्यापुहरुले । अब दुबैथरिलाई एउटै परिमाणको हदबन्दी लगाएर भयो ? खेत, पाखो, पानी लाग्ने-नलाग्ने, बढी उत्पादन हुने-नहुने, यो हेरेर जग्गाको वर्गीकरण हुनुपर्छ । एक रोपनीमा ५ मुरी फल्नेलाई उही दरमा हदबन्दी, १० पाथी फल्नेलाई पनि उही दरमा हदबन्दी- यसो गर्नु सामाजिक रूपले अन्याय हुन्छ । जग्गाको उत्पादन क्षमता अनुसार जग्गाको हदबन्दी लाउनु पर्छ ।

नापीको जिम्मा अमीनलाई मात्र दिइनु हुन्न । यसो गरेमा जथाभावी बढ्छ । जनप्रतिनिधि, माल, बन कार्यालयको प्रतिनिधि, सिडिओ र नापी- यी पाँचथरिको रोहवरमा मात्र नापी हुनुपर्छ । यसो गरेमा जंगल अतिक्रमण पनि हुँदैन, वास्तविक जग्गाधनीले न्याय पनि पाउँछ । यो व्यवस्था नहुनाले कैयन पुस्तादेखि बसेका जग्गा पनि दर्ता भइराखेका छैनन् । भूमिसुधारले यो स्थितिको अन्त गर्नुपर्छ ।

सार्वजनिक जग्गामा अतिक्रमण व्यापक रूपमा भएको छ । पहिले नापी हुँदा जग्गा बन, बाटो, चौर, मन्दिर भनेर रेकर्ड गरिएको छ । अहिले ती जग्गा व्यक्तिले हडपेको देखिन्छ । यस्ता जग्गाहरू निकै छन् । आयोग बनाएर त्यो पत्तो लगाउनु पर्छ । अतिक्रमण गर्नेबाट सानोतिनो मूल्य लिएर यस्ता जग्गाहरुको स्वामित्व छिनोफानो गरिनु पर्छ । यो जग्गा किन सित्तैमा दिने ?

सुकुम्बासी पनि अनेक थरि रहेछन् । पहाडमा बाबुको प्रशस्त जग्गा छ, मधेशमा आएर सुकुम्बासी भएका छन् । एउटा जिल्लामा प्रशस्त जमीन छ, अर्को जिल्लामा गएर सुकुम्बासी भएका छन् । सुकुम्बासी भनिएको छ तर बडेमानको बिल्डिङ्ग छ । विभिन्न पार्टीका खल्तीबाटै पैदा भएका सुकुम्बासी पनि धेरै छन् । खासै जग्गा जमीन नहुने, यसो बस्ने एउटा झुप्रो पनि नहुने वास्तविक सुकुम्बासी पनि छन् । त्यसैले सुकुम्बासीको पनि बर्गीकरण गरिनु पर्छ । वास्तविक सुकुम्बासीलाई इलम गरी खाने जमीन र वास दिनु पर्छ । अरूको हकमा उनीहरूको केस पनि सार्वजनिक जग्गा अतिक्रमणको केस हो । भू-अतिक्रमणकै रूपमा तिनीहरूमाथि व्यवहार गरिनु पर्छ । नत्र, उनीहरूलाई पनि सुकुम्बासीको रूपमा मान्यता दिने हो भने नेपालका बाँकी सबै बन पनि फाँड भनेर आदेश दिए जस्तो हुनेछ ।

यी जग्गालाई पनि माथि भनिएकै प्रक्रियाद्धारा नापी गरिनु पर्छ, ता कि अबदेखि सरकारसित देशका सारा जग्गाको वैज्ञानिक रेकर्ड होस् । सरकारसित देशको सारा जमीनको वैज्ञानिक रेकर्ड हुने स्थिति ल्याउनु नै भूमिसुधारको पहिलो कदम हुनुपर्छ ।

नेपालमा गुठी जग्गा कूल जमीनको ४२ प्रतिशत रहेछ । त्यो गुठी जमीनलाई रैकरमा बदलेर अरू जमीनसरह तिरोतिरानमा ल्याउनु पर्‍यो । साथै मानिसहरूको धार्मिक आस्थामा पनि चोट पुग्न दिनु भएन । गुठी जमीन जसले जोतिरहेको हो, उसको पनि पार्नु पर्‍यो, पूजाआजा, जात्रापर्व- त्यो पनि रोकिन दिनुभएन । यसको लागि गुठीलाई सामाजिकीकरण गरिनु पर्छ । मैले यही कदम थालेको थिएँ ।

त्यो सामाजिकीकरण भनेको के भने, विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरू, पूजारी वा महन्त, धार्मिक मान्छेहरू राखेर एउटा कमिटी बनाउने, त्यो कमिटीले जग्गाको मूल्यांकन गरेर, मोहीलाई कति वाली माफी दिनुपर्ने हो, त्यो निधो गरेर मोहीसँग सानो एउटा रकम किस्तावन्दीमा दिने । त्यो रकम अक्षयकोषका रूपमा बैंकमा जम्मा



"विभिन्न पार्टीका खल्तीबाटै पैदा भएका सुकुम्बासी पनि धेरै छन्" : जगन्नाथ आचार्य (पृष्ठभूमिमा भूमिसुधार मंत्री मैनाली)

गरीदिने, त्यसैको व्याजले पूजाआजा जस्ता पर्व चलाउने, जग्गा चाहिँ मोहीको नाममा दर्ता गरिदिने । तिरोलाई रैकरसरह गरीदिने । मन्दिरको व्यवस्थापन कार्य कमिटीले गर्ने । मैले यसका लागि विधेयक पनि ल्याइसकेको थिएँ । विधेयक संसदबाट पास भएर मोहोर पनि लागिसकेको छ । तर कार्यान्वयन गर्न पाइनँ । त्यो कार्यान्वयन गरियो भने गुठी संस्थान खारेज गरिदिए पनि हुन्छ । त्यसको आवश्यकता नै पर्दैन ।

विर्ता खारेज कार्य हामी सरकारमा छँदा १६ सालमा नै भएको थियो । तर अझै पनि बिर्ता जग्गा रैकरमा परिणत गर्न बाँकी बसेको रहेछ । त्यस्ता केसहरू भेटियो । त्यसैले, त्यस्तालाई तीन महिनाको म्याद जारी गर्ने । त्यत्ति भित्र जग्गा रैकर तुल्याए भने तुल्याए, तुल्याएनन् भने तिनलाई मोहीको नाममा दर्ता गरीदिने । यसका लागि पनि मैले विधेयक ल्याएँ । त्यो पास भएर राजाको मोहोर पनि लागिसकेको छ । खालि त्यो कार्यान्वयन गर्न बाँकी छ । त्यस्तो बिर्ता जग्गा कूल जमीनको ३ प्रतिशत रहेको अनुमान छ ।

हदबन्दीभन्दा बेसी देखिएको, तर जोताहाको नाममा दर्ता गर्न बाँकी बसेको जग्गा पनि अर्को २/३ प्रतिशत जति छ । त्यसमा न तिरो नै तिरिएको छ- हदभन्दा बेसीको जमीन भनेर, न त त्यो खुद जोताहाले दर्ता गर्न पाएको छ । त्यस्तो जग्गा सिधै जफत गरिनु पर्छ र जोताहालाई बाँडिनु पर्छ । केही त मैले बाँडेको पनि थिएँ, तर त्यो पछि रोकिएको छ । त्यो काम पूरा गरिनुपर्छ ।

हदबन्दीभन्दा बढी जग्गा उद्योगको लागि छुट्याएर पछि हदबन्दी नलाग्ने कानूनी प्रावधान रहेछ । त्यो प्रयोग गरेर केहीले फलफूल खेती लगाएका रहेछन् र राम्रै गरेका रहेछन् । केहीले चाहिँ जग्गा लुकाएका रहेछन् । केही नगरी घरखेती गरेर बसेका रहेछन् । त्यस्तो जग्गा खोस्ने क्रम मैले शुरू गरिसकेको थिएँ । त्यसमा नगेन्द्रप्रसाद रिजालको २०० विगाहा जमीन पर्‍यो- सुनसरीमा । सूर्यबहादुरको भनौं या हरेन्द्रबहादुरको, उनको ४२०० रोपनी जग्गा पर्‍यो धनकुटामा । त्यस्ता अरू पनि जग्गा छन् । त्यो खोसिनु पर्छ र मोही एवं भूमिहीनहरुलाई बाँडिनुपर्छ । जसले पूरै उद्योगको लागि लगाएका छन्, तिनलाई पूरै छुट दिलाइनु पर्छ । जसले आधा उद्योगमा लगाएका छन्, आधामा कानून विपरीत गएका छन् तिनको आधा खोसिनु पर्छ । जसले आधाभन्दा केही कानून विपरीत गएका छन्, तिनको पूरै खोसिनु पर्छ । जसले आधाभन्दा कममा कानून विपरीत गरेका छन्, तिनलाई एक वर्षको म्याद दिने । त्यत्तिभित्र नियम बमोजिम गरेनन् भने, त्यो पनि खोसिनुपर्छ ।

### द्वैध स्वामित्वको अन्त किन ?

जहाँसम्म द्वैध स्वामित्वको अन्तको कुरा छ, त्यो मलाई सस्तो लोकप्रिय हुने नारा मात्र लाग्छ । दर्तावाल मोहीले मात्रै द्वैध स्वामित्वको हक पाउने हुन् । त्यस्ता मोही देशमा ५/७ प्रतिशतभन्दा बेसी छैनन् । थुप्रै मोही त दर्ता छुट भएका मोहीहरू छन् । उनीहरूले यो हक पाउँदैनन् । त्यसैले द्वैध स्वामित्वको अन्तको नाराबाट धेरै जोताहाले फाइदा उठाउन सक्ने स्थिति नै छैन हाम्रो देशमा । त्यसकारण स्रेस्तामा दर्ता गर्न छुट भएका मोहीको लागि चाहिँ आयोग बन्न जरूरी देखिन्छ । स्रेस्तामा भएका मोही कति नै छन् र नेपालमा ? त्यसमा पनि तराईमा मोही कमजोर रहेछन्, जग्गाधनी बलिया रहेछन् । उपत्यकामा मोही बलिया रहेछन्, जग्गाधनी कमजोर रहेछन् । तराईमा, त्यसैले मोही बेदखली बेसी रहेछ । उपत्यकामा जग्गाधनी उत्पीडित रहेछन् । पहाडतिर मोही तल्सिङ्गको त्यति समस्यै छैन । त्यसैले द्वैध स्वामित्वको नारा सस्तो नारामात्र हो ।

**त्यस्तो जग्गा खोस्ने क्रम मैले शुरू गरिसकेको थिएँ । त्यसमा नगेन्द्रप्रसाद रिजाल, सूर्यबहादुर या हरेन्द्रबहादुरको जग्गा पर्‍यो ।**



द्वैध स्वामित्व खत्तम गर्न संवैधानिक बन्देज छ भन्ने कुरा उठेको छ । संवैधानिक राजतन्त्र भएको मुलुकमा राजाको मोहोर लागेको कानून पनि संविधान सरह हुँदोरहेछ, त्यो त मध्यावधि चुनावमा सर्वोच्चको फैसलाबाटै देखिएको छ । त्यसैले द्वैध स्वामित्व खत्तम गर्न पनि कानूनी बन्देज हुन्छ भन्ने मलाई लाग्दैन ।

अब प्रश्न उठ्छ- द्वैध स्वामित्वको अन्त गर्न जग्गाधनीलाई क्षतिपूर्ति दिनुपर्‍यो । त्यो पैसा कहाँबाट ल्याउने ? मेरो विचारमा जग्गै बाँड्नु श्रेयस्कर उपाय हो । काठमाण्डू उपत्यकामा घडेरीयुक्त जग्गाको आधा धनीलाई दिने, आधा मोहीलाई दिने । ६ लाखको जग्गा छ भने तीन लाख जग्गाधनीलाई दिने । हिजो तीनमुठी धान मोहीलाई नदिइरहेको स्थितिमा आज तीन लाख पाउनु भनेको उपत्यकाको लागि ठूलो कुरा हो । उता मोहीले पनि जग्गा बेच्न पायो, बन्धकी राखेर बैंकबाट ऋण दिन पायो । यता जग्गाधनी पनि मुक्त भयो । खेतीयोग्य जमीन चाहिँ एक तिहाई मोहीलाई दिने, दुई तिहाई जग्गाधनीलाई दिने । सरकारले नाप नक्सा मुफ्तमा गरिदिने । दर्ता स्रेस्ताको पैसा नलिने । जग्गाको टुक्रा चाहिँ चार आनाभन्दा सानो पार्न नदिने, उपत्यकाबाहेक अन्यत्र पनि एकतिहाई नै मोहीलाई दिने ।


### खण्डीकरण कसरी रोक्ने ?

नेपालको जमीनको एउटा प्रमुख समस्या खण्डीकरण हो । यसको रोकथामको लागि सरकारले एकातिर न्यूनतम हदबन्दी तोकिदिनु पर्छ, जग्गा घडेरीभन्दा सानो पार्न पाइन्न भनेर । अर्कोतिर किसानहरूको आपसी सहमतिमा जमीनको सहकारीकरण र चकबन्दी गर्न सरकारले प्रोत्साहित गर्नु पर्छ । सहकारीकरण र चकबन्दी गरिएको जग्गामा यान्त्रीकरण गर्न र वैज्ञानिक खेती गर्न सम्भव हुन्छ । त्यसैले सरकारले त्यस्ता जग्गालाई सिंचाई, ऋण, रासायनिक मल आदिमा विशेष सहुलियत दिनुपर्छ । चकबन्दी गरिएको जग्गामा मुफ्तमा जग्गा दर्ता गरिदिने प्रबन्ध सरकारले गर्नु पर्छ । न्यूनतम हदबन्दी, सहकारीकरण र चकबन्दी नै खण्डीकरण रोक्ने प्रभावकारी उपाय हो । छोराछोरीमा अंशवण्डा हुँदा पनि अनिवार्य रूपमा सहकारीमा सामेल हुनुपर्ने गरी अंशवण्डा गर्ने कानूनी व्यवस्था गरिनु पर्छ ।

उत्पादन बृद्धि गर्नको लागि पहिलो कुरा त खास जोताहा किसानमा यो जमीन मेरो हो भन्ने विश्वास हुनुपर्छ । अनि उसले त्यसमा मरिमेट्छ । त्यसैले जग्गा बास्तविक जोताहा किसानको नाममा दर्ता हुनुपर्‍यो । अर्को उपाय त सहकारिता नै हो । सहकारिता भन्ने बित्तिकै समयमै खेती हुन्छ, खेतीमा यान्त्रिकरण गर्नु सजिलो हुन्छ । सिंचाईकरण गर्न सजिलो हुन्छ । नयाँ प्रविधि अपनाउन सजिलो हुन्छ ।

कमैया प्रथा भनेको पनि नेपालमा छ । नेपालमा लागू भइसकेको कानून कार्यान्वयन नभएर यो समस्या बाँकी रहेको हो । १० वर्षभन्दा माथिको भोगबन्धकी तमसुक रद्द हुन्छ भन्ने कानून छ । तर त्यो कमैयाको हकमा लागू भइदिएन । त्यसैले भएकै कानूनलाई कार्यान्वयन गर्ने हो भने पनि कमैया प्रथा जान्छ । कमैयाको अन्तसंग जोडिएको अर्को पक्ष के छ भने, तपाईले खालि कमैया प्रथा अन्त गरेर पुग्दैन । उसलाई यहाँ बस, यहाँ काम गर भनी बास र वैकल्पिक रोजगारीको पनि प्रबन्ध गर्नुपर्छ । त्यो भनेको हदबन्दीभन्दा बेसी जमीन खोसेर बाँड्नु पर्‍यो या उनीहरूको बस्ती नजिकै औद्योगिक क्षेत्र खोलिनु पर्‍यो । वैकल्पिक रोजगारीको प्रबन्ध नगरिकन कमैया मात्र सरकारले पैसा तिरी दिएर अमलेख गरियो भने कमैयाहरू फेरि कमैया हुन पुग्नेछन् । त्यो सस्तो नारा मात्र हुनेछ, चन्द्र समशेरले कमारा अमलेख गरेको जस्तो ।

अन्तमा खेतीले मात्र सारा बेरोजगारहरूलाई काम दिने स्थिति नेपालमा छैन । त्यसैले सरकारले कृषिजन्य उद्योगलाई पहिलो प्राथमिकता र सहुलियत दिनु पर्छ र त्यो ग्रामीण क्षेत्रमा खोल्नु पर्छ । उद्योगका लागि खेती गर्नेहरूलाई हदबन्दीको छूट दिइनु पर्छ । त्यसो भयो भने खेतीमा थुप्रिएको निष्क्रिय पूँजी उद्योगको क्षेत्रमा लगानी हुन्छ । यसबाट देशमा उद्योगधन्दाको पनि विकास हुन्छ, बेरोजगारहरूले पनि काम पाउँछन् । ❑



# नेपालमा भूमिसुधार किन र कसरी ?

दीपेन्द्र क्षेत्री, कृषिविद्

उत्पादनशील साधन वा स्रोतमाथिको आधिपत्य मानवीय क्रियाकलापको केन्द्रबिन्दु बन्दै आएको छ । विश्वमा घटेका प्रमुख घटनाहरुको पृष्ठभूमि केलाउने हो भने उक्त कथन सत्य साबित हुन्छ । विश्व युद्धहरु र केहीवर्षअघिको खाडी युद्ध तेलको स्रोतमा आधिपत्य कायम गर्न तथा स्पार्टले टापुमा चीन, भियतनाम, फिलीपिन्सको एकसाथ दावी- संभावित वृहद तेल भण्डारका खातिर, साथै रुस र जापान बीचको कुरील टापुहरुको स्वामित्वको विवाद पर्याप्त उदाहरण हुन् । सामरिक दृष्टिले महत्वपूर्ण रहेको मध्य-अफ्रिकामा हालको आर्थिक रुपले सम्पन्न राष्ट्रहरुको लगानीको होडबाजी साधन र स्रोत आफ्नो कब्जामा राख्ने प्रयासकै उपज हो ।

राष्ट्रिय सन्दर्भमा पनि मानव निर्मित कानूनका माध्यम वा मध्ययुगीन परम्परालाई आधार मानी अविकसित अवस्थाबाट घर परिवारको सम्पतिको प्रमुख अंग बन्दै आएको 'जमीन' को स्वामित्व शक्ति हुनेहरुकै हातमा केन्द्रित रहेको पाइन्छ । समयको परिवर्तनसँगै जमीनमा केन्द्रित सम्पत्तिलाई क्रमिक रुपले उद्योग व्यापार व्यवसायतर्फ प्रवाहित गर्ने अग्रसरता पनि आर्थिक शक्तिका रुपमा रहेका सामन्तबाट हुने गरेको दृष्टान्त विकसित देशहरुमा पाइन्छ ।

नेपालमा एक पटक क्रान्तिकारी नाम दिएर ल्याइएको भूमिसुधारले शक्ति सम्पन्नहरुलाई नै शक्ति सुदृढीकरण, आर्थिक सम्पन्नता दिलाउने सिवाय जनतालाई थप उपलब्धि दिन नसकेपछि हालै भएको सरकार परिवर्तनपश्चात पुनः भूमिसुधारको प्रश्न उठाउन थालिएको छ । आयोग समेत गठन भैसकेको सन्दर्भमा नेपाल जस्तो कृषिप्रधान, भूपरिवेष्ठित र भौगोलिक विविधता रहेको मुलुकका लागि आर्थिक संरचनामा परिवर्तन ल्याउन महत्व राख्ने विषय यो बन्न पुगेको छ । भूमिसुधारको विषयमा प्रवेश गर्नु अघि आर्थिक संरचना र भू-स्वामित्वको स्थितिबारे जानकारी राख्नु आवश्यक छ ।

## खेतीयोग्य जमीन र उपयोग

देशको कुल क्षेत्रफल १.४७ लाख वर्ग किलोमिटर मध्ये २६५३३ वर्ग किलोमिटर (१८.०%) कृषिमा प्रयोग गरिएको छ भने, ५५३३४ वर्ग किलोमिटर (३७.६%) वन क्षेत्र रहेको तथ्यांकले देखाउँछ । खेती गरिएको जमीन २५९.९ लाख हेक्टर मध्ये १५७.२ लाख हेक्टर (६०.५%) खेत र १०२.७ लाख हेक्टर (३९.५%) पाखो जग्गा २७.३६ लाख घर परिवारले आवाद गरेको देखिन्छ । केवल कृषक घर परिवारमध्ये ०.३ (१.१%) भूमिहीन किसान परिवारका रुपमा देखिन्छन् भने, २७.०६ लाख (९८.९%) सँग आफ्नै जमीन भएको देखिन्छ । भूमिसुधार ऐन २०२१ लागु हुँदाका बखत कृषक परिवार संख्या १८.६ लाख थियो भने, जोताहा मोहीको संख्या ५.२४ लाख थियो । राष्ट्रिय कृषि गणना २०४८ अनुसार जोताहा मोहीको संख्या ४.३१ लाख छ । पछिल्लो भूमिसुधार कार्यक्रमपछि, कृषि क्षेत्र, अर्थात् कृषक परिवार र जोतको आकारमा परिवर्तन देखिएको छ । उक्त अवधिदेखि कृषि गणना २०४८ को तथ्यांकलाई नियाल्दा कृषक परिवार संख्यामा ४७.१% ले वृद्धि भएको छ भने, जोताहा मोहीको संख्या १७.७% ले घटेको छ । यस तथ्यले मोही जोताहाहरुको स्थितिमा सुधार भएको हो वा विकार पैदा भएको हो कुनै संकेत गर्दैन । तर कृषक परिवार संख्यामा भएको वृद्धिले मोही जोताहाको सुधार भएछ कि भन्ने अनुमान लगाउने ठाउँसम्म रहेतापनि यसको प्रमुख कारण जनसंख्या वृद्धिलाई लिन सकिन्छ ।

कृषि गणना २०४८ अनुसार कुल घर परिवार मध्ये १३७.८ लाख (५०.४%) सँग जम्मा ८८.३ लाख हेक्टर सिंचित जमीन (औसतमा ०.६ हेक्टर प्रति कृषक परिवार) थियो । जोताहा मोहीले औसतमा ०.५ हेक्टर जमीन मोहियानीमा कमाएका थिए भने, १५.५ लाख घर परिवारले जग्गा अरुलाई कमाउन दिएका थिए । यसरी अरुलाई कमाउन दिइएको जग्गाको औसत परिमाण १.४ हेक्टर थियो ।

भूमिसुधार ऐन २०२१ लागू हुनु पहिले लिइएको २०१८ को कृषि गणनाको तुलनामा २०४८ मा खेती गरिएको जमीन ५४.२ प्रतिशतले वृद्धि भएको छ । औसतमा प्रतिकृषक परिवार १.१ हेक्टर (२०१८ मा) रहेकोमा २०४८ मा उक्त तथ्यांक ०.९५ हेक्टरमा झरेको छ । जमीनको खण्डीकरण पनि प्रतिकृषक परिवार औसतमा ४ खण्ड रहेको तथ्य २०४८ को गणनाले उद्घाटित गरेको छ । कम्तिमा औसत खण्डीकरण १.७ रहेकोमा अधिकतम ९.१ टुक्रासम्म रहेको देखिएको छ ।

उक्त तथ्यांकका आधारमा समयको साथै जोतको आकार, किसिम र खण्डीकरणको प्रक्रियामा महत्वपूर्ण परिवर्तनहरु हुँदै गरेको निष्कर्ष निकाल्न सकिन्छ । राष्ट्रिय उत्पादनमा आर्थिक वर्ष २०५१/५२ मा कृषि क्षेत्रको योगदान ४१.८% रहने प्रारम्भिक अनुमान छ भने, जनसंख्याको ८१% भन्दा बढी भाग कृषिमा निर्भर रहेको परिप्रेक्ष र शहरीकरणका कारण गैरकृषि क्षेत्रमा रहेको जनशक्तिलाई खाद्यान्न पुऱ्याउन, उद्योगलाई कच्चा पदार्थ उत्पादन गर्न आवश्यक भएको कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु अपरिहार्य भएको छ । भूस्वामित्व, आर्थिक रुपले **उत्पादनशील साधनको रुपमा भूमिलाई लिइँदा** सामाजिक न्यायको **दृष्टिलाई** पनि ख्याल गर्नु पर्ने भएबाट भूमि व्यवस्थावारे सिंहावलोकन गरी कडी पत्ता लगाउनु नितान्त आवश्यक देखिएको छ ।

## भूमिसुधार के हो ?

शाब्दिक अर्थमा भूमि-सुधारले जमीनको उर्वराशक्ति बढाउन, आवश्यक गरा सम्याउने वा चक्ला मिलाउने जस्ता प्रक्रियालाई बुझाउँछ । यो परिभाषा अति सरल र संकुचित छ भन्न सकिन्छ । त्यस्तै ऐतिहासिक रुपले हेर्दा साना कृषक र खेती मजदुरको भलाइका निम्ति जमीनको रुपमा रहेको आर्थिक साधनको पुनः वितरण नै भूमि सुधार भन्न सकिन्छ । यस परिभाषाले पनि भूमिसुधारको मर्म छुँदैन ।

प्रोफेसर वारीनर (१९५५) का अनुसार कृषिमा कुनै पनि प्रकारको र आर्थिक सुसंगठन, जसमा जमीनको पुनः वितरण मात्र होइन कि कुतको निर्धारण, मोहीको स्थायित्व, कृषि श्रमिकको ज्यालामा वृद्धि, कृषि कर्जाको व्यवस्था, कृषि क्षेत्रमा कर पद्धति, सहकारी संगठन, कृषि शिक्षा जस्ता सम्बन्धित विषयहरुको उचित संयोजन पनि हो ।

त्यसै गरी, प्रोफेसर माइकल लिप्टन (१९७४) भूमिसुधारबारे भन्छन्- यो यस्तो पद्धति हो, जहाँ सामान्यतया सरकारले ठूला भूमिपतिबाट अनिवार्य रुपले केही क्षतिपूर्ति दिने आधारमा जग्गा हत्याउँछ र यसरी ग्रहण गर्नु पहिले विद्यमान मानिस-जमीनबीच रहेको सम्बन्धभन्दा विस्तृत रुपले विस्तार हुने गरी उपयोग गर्छ । अर्को अर्थमा, जमीनको उपयोगबाट फाइदाको मात्रा बढी विस्तार गर्ने उद्देश्यले पुनर्वितरण गर्ने प्रक्रिया नै भूमिसुधार हो भन्ने आशय देखिन्छ ।

अतः हदबन्दीदेखि उत्पादकत्व

**हदबन्दीदेखि उत्पादकत्व बृद्धिका कारकहरूसमेत प्रयोग गरी सामाजिक न्याय र आर्थिक अभिवृद्धि गर्ने अभिप्रायले अवलम्बन गरिने भूमिसम्बन्धी नीतिलाई भूमिसुधारको संज्ञा दिन सकिन्छ**

वृद्धिका कारकहरु समेत प्रयोग गरी सामाजिक न्याय र आर्थिक अभिवृद्धि गर्ने अभिप्रायले अवलम्बन गरिने भूमि सम्बन्धी नीतिलाई भूमि सुधारको संज्ञा दिन सकिन्छ।

## नेपालमा भूमिसुधार केका लागि ?

अधिकांश जनसंख्या कृषिमा आश्रित भएको र विश्वकै सबैभन्दा गरीव मुलुकहरु मध्येमा गनिने नेपालको गरीबी कृषिजन्य छ। सन १९८८/८९ को मूल्यमा प्रतिव्यक्ति आय १५० अमेरिकी डलरसम्म भएका नेपालीले एउटा वयस्कलाई आवश्यक पर्ने न्यूनतम क्यालोरी २२५६ (६०५ ग्राम खाद्यान्न र ६० ग्राम दालका साथ केही अत्यावश्यकीय वस्तुहरु) प्राप्त गर्न सक्नेलाई गरीवीको रेखा बाहिर मानिएको थियो। विश्व बैंकको उक्त आंकडा बमोजिम ७१% नेपाली गरीबीको रेखामुनि छन्। डलरसंगको नेपाली मुद्राको विनिमय दरमा भएको परिवर्तन र मुद्रा स्फीति समेत ध्यानमा राख्ने हो भने, उक्त प्रतिशत झनै बढ्ने स्पष्ट छ। यो असमानता मूलतः जमीनको स्वामित्वमा रहेको विषमताबाट पैदा भएको छ। नेपालमा २.५% घरपरिवारसँग १८.७२% जमीनको स्वामित्व (४ हेक्टरभन्दा माथि) छ भने ८९.२% घर परिवारसँग (२ हेक्टरभन्दा कम जग्गा हुने) ५८.१% जग्गाको स्वामित्व छ। सामाजिक न्यायका आधारमा उत्पादनका साधनमाथिको नियन्त्रण पूर्णतः राज्यमा निहित रहने अवस्थामा घर परिवारमा वितरण गरेर पनि उद्देश्य हासिल हुन सक्तछ।

भूमिसुधार अन्तर्गत जमीनको पुनर्वितरण सामाजिक न्यायका आधारमा कि उत्पादकत्व वृद्धिका लागि भन्ने विवाद कायमै छ। यसै बीच, सम्पत्ति उपयोगमा कानूनी मान्यतालाई पनि यदाकदा मुखरित गरेको पाइन्छ। अझै नजीकबाट हेर्ने हो भने, भूमि-सुधार साम्यवादलाई परास्त गर्न वा प्रश्रय दिन भन्ने तर्कहरुको पुष्टि आफ्नै प्रकारले हुने गरेका छन्। तर, जमीन पुनर्वितरणले जोतको आकार सानो पार्दछ, जुन आर्थिक दृष्टिले अनुपयुक्त मात्र होइन, प्राविधिक विकासका लागि पनि असंभव हुन्छ भन्ने तर्क पनि बलियो रुपले राख्ने गरिएको छ। अमेरिकी प्रख्यात कृषि अर्थशास्त्री शुल्जको अध्ययनबाट साना जोतवाला कृषकहरु सघनखेतीको माध्यमबाट उत्पादकत्व वृद्धि गराउन सक्षम रहेको देखिएको छ। फेरि हालैको समयमा उपभोक्ताहरु पर्यावरणीय चासोबाट बढी चिन्तित रहन थालेबाट रासायनिक मल, किटनाशक औषधिको प्रयोगमा न्यूनता ल्याउने प्रयास जानीबुझी गरिँदैछ।

फेरि, नेपालको ठूलो जोत अर्थात ठूला किसानको जग्गाको स्वामित्व 'ठूलो सम्पत्ति' मान्न सकिन्छ तर 'ठूलो उत्पादन इकाई' भने होइन। यो जग्गा धेरै स-साना जोतमा विभाजित भएकै छ। त्यसैले, स्वामित्वको अभावमा बरु उत्पादकत्वमा प्रतिकूल प्रभाव पो परेको छ कि भनेर सोच्नु पर्ने अवस्था छ। आर्थर योङ्गका शब्दमा, पश्चिमी यूरोपमा अठारौं शताब्दीको मध्यतर्फ साना किसानलाई जग्गाको स्वामित्व प्रदान गरेपछि 'वालुवालाई सुनमा' परिणत गरेका थिए। काठमाडौं उपत्यकाका कृषकहरुको जोतको आकार ठूलो छैन, यान्त्रिकीकरण छैन। तर, उत्पादकत्व अधिराज्यका अन्य ठाउँमा भन्दा बढी भएको तथ्य सबैसामू छ। अतः सानो जोतलाई उत्पादकत्व बृद्धिमा बाधकका रुपमा लिन मिल्दैन। सानो जोतले चमत्कारी परिवर्तन नल्याउला, तर क्रमिक सुधार भने निश्चित ल्याउन सक्तछ।

**भूमिसुधार साम्यवादलाई परास्त गर्न कि प्रश्रय दिन ?**

जग्गाको मूल्य आकाशिएको छ। र, लगान (Rent) पनि बढ्दै गएको छ। यसको शास्त्रीय कारण- जग्गाको उर्वराशक्तिभन्दा पनि जग्गाको मूल्य निर्धारणमा एकाधिकार रहनु प्रथम कारण हो भने, जनसंख्या वृद्धि दोस्रो कारण हो। जमीनको विस्तार असीमित हुन सक्तैन र यो सहज रुपले अलभ्य वस्तु हो। त्यसैले जमीनको मूल्यमा स्वामित्व हुनेहरुको एकाधिकार छ। यो पक्ष उत्पादनशील र आर्थिक पूर्वाधारको निकटमा अवस्थित जग्गाको भौतिक अवस्थामा पनि भर पर्दछ।

अर्को पक्ष, जनसंख्या वृद्धिलाई कृषि-श्रमिकको अधिक आपूर्तिका रुपमा लिन सकिन्छ। वार्षिक जनसंख्या बृद्धिदर २.१ प्रतिशत रहेको हालको अवस्थामा जमीनमाथिको स्वामित्व कायम गर्ने होड विधिवत ढंगले जमीन खरीद गर्नु हो। खरीद गर्न एकाधिकार-मूल्य चुकाउनु पर्छ, त्यसका लागि आम्दानी हुनु पर्यो। गरीबीको रेखामा बस्ने अधिकतम जनसंख्याका लागि सरल उपाय सार्वजनिक जग्गा वा जंगल फडानी गर्नु हो। सन १९५४ देखि १९७३ सम्ममा पूर्वी तराईका झापा, मोरङ्ग, सुनसरी, सप्तरी तथा सिराहा जिल्लाहरुमा जनसंख्या वृद्धि ५२% को तुलनामा वन क्षेत्र ५५.६% ह्रास भएको थियो (हर्क गुरुङ- १९७५)। वनसम्पदा र प्रकृति संरक्षणका लागि पनि भूमिसुधारका माध्यमबाट भू-उपयोगको सुदृढीकरण अनिवार्य हुन आएको छ।

जमीनको एकाधिकार-मूल्यका कारण स्वामित्ववालालाई जग्गा यथावत राख्न प्रोत्साहन मिलेको छ। यसले गर्दा बाँझो राख्ने, कमाउन दिनुपर्दा मोहियानीको सुरक्षालाई अति कमजोर पार्ने शर्तहरु लाद्ने प्रक्रिया चल्दै आएको छ। फलस्वरुप, कृषि उत्पादनमा प्रतिकूल असर पर्नुका साथै कृषि श्रमिकले ज्याला वा प्रतिफल कम पाउने र अर्ध-वेरोजगारीको समस्या ग्रामीण क्षेत्रमा फैलिएको पाइन्छ। अर्कोतर्फ, पूँजी निष्कृय रहेको पनि छ। स्वामित्व लिने जग्गाधनीबाट सो जग्गा छुटाइएमा उत्पादकत्व बढ्ने मात्र होइन, त्यसको बिक्रीबाट वा सो वापत पाउने शेयरबाट गैर कृषि क्षेत्रमा लगानी बढ्न गई पूँजी परिचालनको माध्यमबाट आर्थिक विकासमा टेवा पुग्न सक्तछ। अर्ध-बेरोजगार कृषि-श्रमिकलाई उद्योगतर्फ स्थानान्तरण गरी प्रति श्रमिक उत्पादकत्वमा वृद्धि ल्याउन संभव हुनेछ।

आर्थिक, सामाजिक र वातावरणीय दृष्टिले भूमिसुधारको आवश्यकता र औचित्य दर्शाएपछि अर्को मूलभूत प्रश्न भनेको भूमिसुधार कार्यक्रम कसरी लागू गर्ने ? भन्ने नै हो।

## भूमिसुधार कसरी ?

स्थिति-वोध सही समाधानको पूर्व शर्त हो।

जग्गाको स्वामित्वको प्रकृति, उर्वराशक्तिको पहिचान, सिंचाई सेवाको संभाव्यता, नगदेवालीयोग्य भौगोलिक संरचना र खेतीप्रति दत्तचित्त रहने जनशक्तिको झुकाव आदिका बारेमा स्पष्ट जानकारी राखिनु आवश्यक छ। विगतमा भूमिसुधारको योजना लागू हुनुपूर्व सरकारी योजनाहरु अनावश्यक रुपले प्रचार प्रसार गरिएपछि काल्पनिक नाउँमा समेत जग्गाको स्वामित्व हस्तान्तरण भएका घटनाबाट पनि शिक्षा लिन सक्नु पर्दछ। हाल पनि जग्गाको स्वामित्व, जोताहाको अभिलेख, खास क्षेत्रको जग्गाको उर्वराशक्ति र खास बालीको उपयुक्तताबारे जानकारी छ भन्ने कुरामा शंका छ। यसको अभावमा कृषि विकासको योजनालाई सघाउ पुऱ्याउने भूमिसुधार कार्यक्रम औपचारिकतामा नै सीमित हुन पुग्दछ।

चक्लाबन्दी भू-उपयोगको अर्को महत्वपूर्ण अंग हो। उपलब्ध तथ्यांकअनुसार हालसम्म प्रतिघरपरिवार अधिकतम ९ टुक्रासम्म पनि जमीन विभाजित भएको देखिएको छ। खेती गर्न यस्तो खण्डीकरणले समय र साधनको दुरुपयोग मात्र होइन सँधियारहरुसँगको सदभाव कायम राख्न पनि असंभव भइरहेको व्यवहारमा देखिन्छ। चक्लाबन्दीको यो पद्धति सरलीकरण गर्न जग्गाको मूल्य क्रायम गरी सँधियार मोहीलाई प्राथमिकताका आधारमा व्यवस्थित गर्ने नीति लिइनु पर्दछ। एक टुक्रा खेतीयोग्य जमीनको क्षेत्रफल न्यूनतम निश्चित गरिदिने र एक घरपरिवारसँग निश्चित संख्यामा भन्दा बढी टुक्राटाक्री जग्गा हुनु हुँदैन भन्ने आधार कायम गरिनु पर्दछ। यसरी बढी हुन आएको टुक्राटाक्री जग्गा विक्री वितरण वा मिलान गर्नु पर्दा गैरकृषि क्षेत्रबाट आएको जनशक्तिलाई निरुत्साहित गरिनु पर्दछ।

जमीनको हदबन्दीद्वारा पनि सामाजिक न्याय, उत्पादकत्वमा वृद्धि, खण्डीकरणका समस्याको आंशिक समाधान र कृषिमा टाँसिएर रहेको निस्क्रिय श्रम र पूँजीको उचित परिचालन हुन सक्तछ। हदबन्दी तोक्दा शहरी क्षेत्र वा राजमार्गको आसपासका जमीन, उर्वर शक्ति, सिंचाईको व्यवस्था, भौगोलिक रुपले खास वस्तुको उत्पादनको उपयुक्ततालाई आधार वनाइनु पर्दछ। खाद्यान्न होस वा नगदेवाली, बनजंगल, माछापालन आदिका आधारमा राष्ट्रिय औसत-घरपरिवारको जनसंख्यालाई धान्न सक्ने आम्दानी दिनसक्ने मात्राको क्षेत्रफल तोकिनु पर्दछ। सामाजिक आवश्यकता-शिक्षा, स्वास्थ्य र चाडवाड समेत धान्न सक्ने आम्दानियोग्य परिमाणमा जमीनको क्षेत्रफल तोकिनु आवश्यक छ।

जमीनमा दोहोरो हकदैयाको समाप्ति जतिको आवश्यक छ, त्यत्तिकै जटिल पनि छ। सामन्तवादी आर्थिक संरचनाले जमीनमाथिको स्वामित्व अधिकांशतः खेतीमा श्रम नगर्ने वर्गलाई

**भूमिसुधार अन्तर्गत जमीनको पुनर्वितरण सामाजिक न्यायका लागि कि उत्पादकत्व वृद्धिका लागि ?**

सुम्पिदै आएको छ। गुठी-मठ-मन्दिर अधिपति, राजारजौटा र तीनका परिचर, रक्षक-मोहियानी दावा नलाग्ने व्यवस्था र कथित सरकारी स्वामित्वको भूमि आदि व्यवस्थालाई हटाइनु पर्दछ। तिनीहरुमा जग्गासँग निकट अन्तर्सम्बन्ध भएका कृषक, कृषि-मजदूर र करार वा आवधिक ठेक्कापट्टामा, मूलतः व्यापारिक उद्देश्यले, खेती गर्ने व्यवस्था अन्तर्गत काम गर्ने इकाईलाई स्वामित्व प्रदान गरी श्रमलाई गैर-कृषि क्षेत्रमा प्रवाहित गर्नु पर्दछ। 'जसको जोत उसको पोत' को अभिव्यक्ति र द्वैध स्वामित्वको अन्तका बीच एउटै मनसाय देखिए पनि पछिल्लो भनाइमा जमीन र कृषक बीचको सम्बन्धसँग बिल्कूल अलग रहेका व्यक्ति पनि एकल-स्वामित्व प्राप्त गरी गैरकानूनी ढंगले मोहीलाई कजाउने, कृषि-मजदूरका माध्यमबाट खेती गर्ने काममा लाग्न सक्तछन्। उत्पादकत्व बृद्धिमा यसको योगदान कम हुन सक्तछ। अतः कृषि र गैर-कृषि, दुईमात्र वर्गीकरण हुन सक्ने स्थिति ल्याइनु आवश्यक छ।

न्यून आय रहेको हाम्रो जस्तो मुलुकमा मोहीले वा भूमिहीन कृषकले खरीद गर्न सक्ने संभावना कम भएकोले सरकारी सहयोगको खाँचो छ। सहयोग सेवामा सीमित हुनु पर्दछ, रकममा होइन। सरकारले शेयरहरु स्थापित गराई वा प्रमाणपत्रहरु अन्डरराईट गराई निश्चित समयमा जग्गाको स्वामित्व पाउनेहरुसंगबाट असुल उपर गर्ने व्यवस्था हुन सक्तछ। रकमको जोरजाम गर्न 'जमीन बैंक' को अवधारणा लिई सो माध्यमबाट पनि हदबन्दीभन्दा माथिको जमीन खरीद र सीमामुनिका कृषक बीच वितरण गर्न सकिन्छ।

भूमिसुधारले जमीनमा मात्र सीमित नरही, कृषि उपजको उत्पादनमा अभिवृद्धि ल्याउने कारक- ऋण, प्रविधि, बजार विकास, तालिम जस्ता पक्षमा पनि निश्चित दिशा दिनु पर्दछ।

**निचोड**

आर्थिक विषमता मात्र होइन, कृषिमा उत्पादकत्व वृद्धि गरी जीवनस्तर उठाउन विविध प्रकृयाका माध्यमबाट विविध उद्देश्य पूरा गर्न भूमिसुधारको खाँचो छ। जमीन वितरणको उद्देश्य कृषि र गैर-कृषि क्षेत्र स्पष्ट दुई रेखा छुट्टिने उद्देश्य राखिएमा जमीन र उत्पादन सम्बन्धबीचका धेरै समस्या समाधान हुन सक्तछन्। सरकारी पक्ष सहयोगीका रुपमा पेश हुनु आवश्यक छ, जसले गर्दा निजी उत्साहलाई सामूहिक उद्देश्य पूरा गर्न सघाउ पुग्ने निष्कर्ष निकाल्न सकिन्छ। ❑




# नेपालमा भूमिसुधार केका लागि र कसरी ?

**अन्तर्क्रिया कार्यक्रमको शुरुवात कार्यपत्र प्रस्तुतकर्ताहरुबाट आ-आफ्नो कार्यपत्रको सार प्रस्तुत गर्ने कार्यबाट भयो।**

**यस कार्यक्रममा पहिलो प्रस्तोता हुनुहुन्थ्यो भू.पू. भूमिसुधार मन्त्री जगन्नाथ आचार्य। त्यसपछि कृषिविद् दीपेन्द्र क्षेत्रीले आफ्नो कार्यपत्रको विचार संक्षेपमा पेश गर्नुभयो। क. मोहनबिक्रम सिंह भूमिगत अवस्थामा हुनुभएकोले उहाँले आफ्नो विचार प्रस्तुत गर्न ने.क.पा. मसालका केन्द्रिय प्रवक्ता क. दीनानाथ शर्मालाई पठाउनु भएको थियो। प्रसिद्ध भूमिसम्बन्धी विद्वान् महेशचन्द्र रेग्मीका विचारलाई कार्यक्रम संयोजकको काम गरिरहनु भएका मूल्याङ्कनका प्रधान संपादक श्याम श्रेष्ठले प्रस्तुत गर्नु भएको थियो।**

**श्री जगन्नाथ आचार्यको कार्यपत्र मूल्याङ्कनको यसै अंकमा प्रकाशित छ। त्यस्तै दीपेन्द्र क्षेत्रीको कार्यपत्र पनि। क. मोहनविक्रम सिंहको कार्यपत्र मूल्याङ्कनको गत अंकमा प्रकाशित गरिएको छ भने श्री महेशचन्द्र रेग्मीको कार्यपत्र त्यो भन्दा एक अंक अगाडि।**

## विचार अन्तर्क्रिया कार्यक्रमको जीवन्त रिपोर्ट

## भूमिसुधारको उद्देश्यः उत्पादन वृद्धि र उत्पादक शक्तिको विकास हुनुपर्छ

——क. मोहनविक्रम सिंहकोतर्फबाट

***ने.क.पा. (मसाल) का केन्द्रिय प्रवक्ता दीनानाथशर्माका भनाइहरु सार संक्षेपमा***



क. दीनानाथ शर्मा

❑ भूमिसुधारको उद्देश्य दुइवटा हुनुपर्छ : उत्पादन वृद्धि र उत्पादक शक्तिको विकास।

❑ राजनीतिक व्यवस्थाको परिधिभन्दा बाहिर गएर भूमिसुधारको परिकल्पना गर्न सकिन्न। अहिले सामन्ती भूमिप्रणाली छ। देशमा अहिले भूमिसुधार भनेको यही सामन्ती भूमिप्रणालीको अन्त हो; भूमिमा पूँजीवादको विकास हो।

❑ भूमिसुधार जमीनमा जोत्नेको स्वामित्वबाट शुरु गर्नुपर्छ। जसले जमीन जोत्दैन तर हडपिरहेको छ, त्यो जफत गरिनुपर्छ। विना मुआब्जा, त्यो खुदै जमीन जोत्ने किसानको हातमा

सुम्पिनुपर्छ, उसको स्वामित्व हुनेगरी। सामन्ती स्वामित्वको अन्त र जमीनमा पूँजीवादी स्वामित्वको शुरुवात भनेको यही हो।

❒ २१ सालमा हदबन्दी लागू भयो तर थुप्रैले जमीन लुकाए विभिन्न जाली उपायबाट। जस्तो उदयपुरमा बस्नेत परिवारले। त्यस्ता लुकाइएका जग्गाहरु खोजिनुपर्छ र जफत गर्नुपर्छ।

❒ गुठीको जग्गा पनि सामन्ती स्वामित्वकै एउटा रुप हो। त्यो अन्त गरिनुपर्छ र जग्गा कमाइरहेकाहरुको हातमा त्यो जग्गाको स्वामित्व सुम्पिनुपर्छ।

❒ 'जसको जोत उसको पोत' गर्दैमा उत्पादन बढ्ने र सामाजिक न्याय कायम भइहाल्दैन। जमीन टुक्रँदै घुमिफिरी संपन्न वर्गकै हातमा थुप्रिदै जाने संभावना अझै पनि रहिरहन्छ। पूँजी र प्रविधिको अभावले गर्दा पनि यो हुन सक्छ। यस्तो हुनबाट रोक्ने हो भने हामी नयाँ आर्थिक राजनीतिक व्यवस्थाभित्रै प्रवेश गर्नुपर्छ। अहिलेको प्रक्रियावादी, आर्थिक, राजनीतिक व्यवस्थाभित्रबाट यसको समाधान संभव छैन। यो आर्थिक-सामाजिक संरचनालाई पूरापूर बदल्नुपर्छ। उत्पादक शक्तिको हालीमुहाली भएको व्यवस्था ल्याउनुपर्छ।

❒ कृषि क्षेत्रमा भूस्वामित्वको मात्र समस्या छैन, बेरोजागारी र अर्द्ध बेरोजगारीको समस्या पनि ब्यापक छ। सक्षम जनशक्ति रोजगारी नभएर या त शहरमा या विदेशमा पलायन भइरहेछन्। पहाडी क्षेत्रमा त गाउँघरमा बूढाबूढी र केटाकेटीमात्र भेटिन्छन्। यो समस्या अन्त गर्न योजनाबद्ध रुपमा ग्रामीण औद्योगीकरण र सिंचाईकरण गर्नुपर्छ। तर अहिलेको प्रतिक्रियावादी, आर्थिक-राजनीतिक व्यवस्थाले योजनाबद्ध ग्रामीण औद्योगीकरण गर्न सक्दैन। यसको निम्ति पनि आमूल परिवर्तन जरुरी भएको छ।

❒ अहिलेकै व्यवस्थाअन्तर्गत सामान्य सुधारमात्र शुरु हुन सक्छ। त्यो सामान्य सुधार गर्न पनि सामन्ती अवशेषहरु खत्तम पार्नैपर्छ। अहिलेकै व्यवस्थाअन्तर्गत गर्न सकिने कुरा हो- भूमिको हदबन्दी निश्चित गर्नु, हदबन्दीभन्दा बेसी जमीन भूमिहीन, सुकुम्बासी र गरीब किसानमा बाँड्नु र खेतीपाती गरेर बाँच्न सक्ने पूर्वाधार उनीहरुलाई उपलब्ध गराउनु। यति गर्न सकेमा सामान्य राहत उत्पादक शक्तिले पाउन सक्नेछन्।

❒

# "नजोत्नेको जमीन जफत गर्नुपर्छ र गा.वि.स.करण गर्नुपर्छ"

***महेशचन्द्र रेग्मी, भूमिसम्बन्धी इतिहासका ज्ञाताको विचारको सारसंक्षेप श्याम श्रेष्ठबाट***


फोटो: उषा

❑ भूमिसुधारले कृषि उत्पादनमा विकास गर्ने बाटो खोलोस र समग्र अर्थतन्त्रको विकास प्रक्रियामा मदत पुऱ्याओस। यही दौरानमा सामाजिक न्याय हुन्छ भने होस, तर सामाजिक न्यायको नाममा कृषि उत्पादन नबढ्ने कुरो नहोस। यही नै भूमि सुधारको उद्देश्य हुनुपर्छ।

❑ पर्ता नपर्ने जमीनका सानासाना इकाई नै यहाँको प्रमुख भूमि समस्या हो। "जसको जोत उसको पोत" र सामाजिक न्यायको नाममा भूमिसुधार यसरी नहोस् कि सानासाना जमीनका इकाईहरु अरु टुक्रिउन्, सीमान्त र साना किसान अरु बढुन् र नेपाल निर्वाहको लागि हुने खेती कै वृत्तमा घुमिराखोस्।

❑ अहिलेको परिस्थितिमा "जसको जोत उसको पोत" नेपालको लागि सही कार्यक्रम हुन सक्दैन। यसले किसानलाई सानो टुक्रामा जमीनमा नै बाँधी राख्छ, देशलाई निर्वाहमुखी खेतीकै दायराभित्र कैद गर्दछ, र जमीनलाई आर्थिक हिसाबले पर्ता नपर्ने टुक्राहरुमा अरु बेसी विभाजित गर्नेछ। जमीन घुमिफिरी धनीहरुकै कब्जामा पर्न जानेछ।

❑ नेपालमा जमीन नजोतिकन जमीन ओगटने प्रणाली जुन छ, गयल जमीन्दारीको रुपमा, त्यो उन्मूलन गर्नु पर्छ। तर जफत गरिएको जमीन जोताहाको व्यक्तिगत संपत्ति हुनेगरी उसैको नाममा दर्ता गरीदिनुहुँदैन। त्यो जमीन गा. वि. स.को नाममा दर्ता गरिदिनुपर्छ। त्यसलाई आर्थिक हिसाबले पर्ता पर्ने टुक्रामा बाँडेर खेतीमा मरिमेट्न इच्छुक जोताहाहरुमा बाड्नुपर्छ, लीजमा। यस्तो गरियो भने जमीन पनि टुक्रिंदैन, उत्पादन पनि बढ्छ, गा.वि.स.सित पूँजी पनि हुन्छ। विकासका लागि, वास्तविक जोताहाले जमीन पनि पर्याप्त मात्रामा पाउँछन्।

❑ भूमिसुधारले चाल्नु पर्ने अर्को कदम- मोहीयानी हकलाई बेच्ने अधिकार दिनु हो। यसो गरेपछि मोही र जग्गाधनीमध्ये दुवैलाई छनौटको हक हुनेछ। जग्गा त्यसले किन्नेछ, जसको त्यसमा बढी चाख छ। सरकारले मुआवजाको लागि टाउको दुखाउनु पनि पर्दैन।

❑ नेपालमा त्यत्ति खेतीयोग्य जमीन नै छैन कि सबै किसानलाई खेतीले नै रोजगारी दिन सकोस र सबै समस्याको हल कृषिबाटै हुन सकोस्। सबैको लागि आफै सोचिदिने संरक्षक मनोवृत्ति लिने होइन। सरकारले खेतीबाहेक अन्य अनुकूल रोजगारीको विकल्प सिर्जना गरीदिनुपर्छ औद्योगीकरणद्वारा। त्यो उद्योग पनि हुनसक्छ, सेवा पनि। जीविकाको विकल्प खडा गरिदिएपछि मानिसले आफ्नो क्षमता र रुचिअनुसारको विकल्प आफै रोज्नेछन्।

❑ कमैया प्रथा पनि पहिले नै रोजगारीको विकल्प खडा गरेर मात्र अन्त गर्नुपर्छ।

❑ नेपालमा कार्यक्रमगत सुधार होइन, प्रक्रियागत सुधारको खाँचो छ। मोही पहिचानको र दर्ताको प्रक्रिया, हदबन्दीभन्दा बढी जमीनको जफत र वितरणको प्रक्रिया, भूमिसंबन्धी प्रशासन र न्यायको प्रक्रिया एकदम सरल र वैज्ञानिक हुनुपऱ्यो। कार्यक्रमगत सुधारले भ्रष्ट कर्मचारी मात्र मोटाउँछन्।

❑ दुई नयाँ प्रक्रिया एकसाथ शुरु गर्नुपर्छ- मोहीयानी हक बेच्न पाउने प्रक्रिया र खेतीयोग्य जमीन बाँझो राख्न नपाइने व्यवस्थाको प्रक्रिया। यो भएपछि जमीन त्यसले मात्र राख्नेछ, जो त्यसमा खेती गरेर फाइदा उठाउन बेसी तम्तयार छ।

❑ नेपालको प्रमुख भूमि समस्या कम उत्पादनशीलता र सानो आकारको खेती हो। भूमिसुधारले यही समस्या हल गर्नुपर्छ।

❑ उत्पादनशीलता बढाउन बजारमुखी खेती हुनपर्छ, सिंचाइ र उन्नत प्रविधिको व्यवस्था गर्नु पर्छ।

❑ द्वैध स्वामित्वको अन्त गर्ने कुरा गरिदैछ नेपालमा। मेरो विचारमा नेपालमा द्वैध स्वामित्व भन्ने कुरा नै छैन। स्वामित्व हुनको निम्ति भोगको हक (Right of possession), पैतृक संपतिको हक (Inheritance) हुनुपऱ्यो र स्थानान्तरण (Transfer) गर्न सकिने हुनुपऱ्यो। त्यो हक छ र मोहीलाई नेपालमा ? द्वैध स्वामित्वको अन्त भनेको नेपालमा मोहीयानी हकको अन्त हो सारमा। यो अन्त गर्नु हुन्न, यसले बेरोजगारी अरु बढाउनेछ। बरु पार्टीहरुले मोहीलाई सचेत पो पार्नुपर्छ।

❑ हदबन्दीलाई प्रभावकारी तवरले कार्यान्वयन गर्ने काम गर्नुपर्छ। हदबन्दी अब दश विघामा झार्नु जरुरी छ।

❑

**नेपालमा दर्तावाल मोही कति छन् ?**

| साल | कुल मोही परिवार | मोहीले कमाएको जग्गाको क्षेत्रफल |
|---|---|---|
| १) २०२१ - २०२३ सालसम्ममा | ४,७०,०४० | ५,३१,७९६ बिगाहा |
| २) २०५१ सालमा | ३,७०,२१७ | २,७५,३९९ बिगाहा |

स्रोत : १ भूमिसुधार मंत्रालय, २०२१ देखि २०२३ सालसम्मको भूमिसुधार कार्यान्वयन प्रगतिअनुसार
२ भूमिसुधार तथा व्यवस्था मंत्रालय २०५१, भूमिसुधारमन्त्री जगन्नाथ आचार्यको प्रतिवेदन।

आगामी अंकमा डा. वद्रीप्रसाद श्रेष्ठ, गोविन्दप्रसाद लोहनी, डा. पार्थिवेश्वर तिमिल्सिना, रामबहादुर के.सी., डा. कैलाश प्याकुरेल, जगन्नाथ आचार्य, दीपेन्द्र क्षेत्री र अग्नि खरेलका साथै क. शंभुराम श्रेष्ठ, क. राधाकृष्ण मैनाली, डा. बाबुराम भट्टराई, क. सिताराम तामाङ र क. गणेश शाहका विचारहरु पढ्नुहोस्!

श्री ५ को सरकारको स्विकृति प्राप्त र.नं. ११११

"३५ दिनमा पूर्ण ड्राइभिङ्ग सिक्नुहोस्"

"आफ्नै परिश्रममा बाँच्न सिकौं, शिप विकास गरौं"


# दुलाल मोटर ड्राइभिङ्ग ट्रेनिङ्ग सेन्टर

कालिमाटी, महेन्द्र शालिक चोक, काठमाडौं

"यहाँ दक्ष तथा अनुभवि प्रशिक्षकहरूद्वारा मोटर ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ। आफ्नो शिप विकास र मोटर ड्राइभिङ्ग कार्यमा दक्षता बढाउनका लागि संपर्क राख्नुहोस्"।







**प्रशिक्षण केन्द्रका उद्देश्यहरु:**

*यस प्रशिक्षण केन्द्रका निम्न उद्देश्यहरू रहेका छन्-*

१) शीपमुलक दक्ष जनशक्ति उत्पादन गर्ने ।
२) बेरोजगारीको समस्यालाई हल गर्ने ।
३) सवारी ज्ञानको अभिबृद्धि गर्ने ।
४) सवारी दुर्घटना नियन्त्रण गर्ने ।
५) देशको आर्थिक स्थितिमा सुधार ल्याउन थप योगदान पुऱ्याउने।
६) युवा समूहलाई आत्मनिर्भर बन्न प्रोत्साहित गर्ने ।

**शाखा कार्यालयहरू:**

१) भक्तपुर मिनिबस पार्क- फोनः ६११३४२
२) लगनखेल अस्पतालअगाडि
३) बालाजु चोक
४) नयाँ बानेश्वर चोक
५ नारायणगढ शहीद चोक- फोनः २१३३८
६) टाँडी, रत्ननगर
७) इटहरी चोक

**हाम्रा विशेषताहरू :**

-३५ दिन भित्रमा ग्यारेन्टीका साथ ड्राइभिङ्ग सिकाइने छ।
- गाडीको आधारभूत मेकानिकल विषय सम्बन्धी ज्ञान दिइने छ।
- विहान ६ बजेदेखि बेलुका १० बजेसम्मको कुनै पनि समय सिक्न सकिने छ।
- ट्राफिक संकेत चिन्हहरूको विषेश ज्ञान दिलाइने छ।
- अन्तर्राष्ट्रिय सवारी संकेत सम्बन्धी पनि ज्ञान दिलाइने छ।
-तरून्तै लाइसेन्स लिन योग्य बनाइनेछ।

**दुलाल ड्राईभिङ्ग इन्स्टीच्यूट (प्रा.) लि.**

प्रोपाइटर
डि.वि. दुलाल

डा. नारायण पोखरेल

# ज्यानमारा भाइरस एबोलाको महामारी

विगत एक महीनादेखि अनेकौं विश्व समाचार माध्यमले एउटा खतरनाक रोगद्वारा सिर्जित भयावह स्थितिको प्रचार प्रचुरमात्रामा गरिरहेछ । त्यो विषयबस्तु के भने- मध्य अफ्रिकी राज्य जायरको राजधानी किनशासाबाट करिव ५०० कि.मि पूर्वमा पर्ने अन्दाजी पाँचलाख मानिसको बस्ती भएको किकविट नामक शहरमा एउटा रहस्यमय रोगको बिस्फोटन भयो । यो विस्फोट प्रसिद्ध अमेरिकी विज्ञान लेखक रिचार्ड पिटरसनद्वारा गत साल प्रकाशित 'The Hot Zone' नामक पुस्तकमा वर्णित भयावह अवस्थासँग ठ्याम्मै मिल्यो ।

११ मई १९९५ सम्ममा जायर सरकारले यो भयानक रोगबाट ९० व्यक्तिको मृत्यु भएको बतायो, जसमध्ये १० मृत्युहरु स्वयम् स्वास्थकर्मीहरुका थिए । यतिविघ्न उत्पात मच्चाउने यो रोगको जीवाणुको नाम हो- एबोला (Ebola) भाइरस ।

**के हो भाइरस भनेको ?**

भाइरस भनेको त्यस्ता संक्रामक कणिकाहरु हुन्, जसमा अणुवांशिक तत्व, न्यूक्लीईक अम्ल, (DNA वा RNA)ले बनेको गुदी प्रोटिनको खोलमा जकडिएको हुन्छ (हेर्नुहोस् चित्र-१) । यिनीहरु केशिकामयी हुन्नन् र कुनै पनि जीवित कोषको बाहिर जड (वा निष्कृय) अवस्थामा रहन्छन् । आश्रयदाता जीवित कोषभित्र प्रवेश पाउनासाथ क्रियाशील भई यिनीहरु प्रजनन गर्न सक्षम हुन्छन् । भित्र पस्नासाथ भाइरसले आश्रयदाता कोषको DNA लाई या त छिन्नभिन्न पार्छन् या बदल्ने काम गर्दछन् ।

**के त्यो महामारी नेपालमा पनि आउन सक्छ ?**

भाइरसबाट लाग्ने केही रोगहरु जस्तै दादुरा, ठेउला, शीतलामाई, रुघा, पीतज्वर आदिको नियन्त्रण वा रोकथाम प्रायः सम्भव भएको छ भने AIDS को निदान अझै असम्भव छ । यसका अलावा भाइरसद्वारा क्यान्सर रोगको विकास हुन्छ भन्ने भनाइ पनि आएको छ ।

हुन त भाइरसलाई जीवित अथवा निर्जीव भनेर किट्नु विवादमा पर्नुहुन्छ, किनभने आश्रयदाता जीवित कोषको अभावमा आफ्नो प्रभाव देखाउँदै स्वतन्त्र अस्तित्व कायम राख्न नसक्ने यिनीहरुलाई यी कुनै पनि श्रेणीमा राख्नेबारेमा मतैक्य छैन । साथै यिनीहरुको उद्गमको बारेमा पनि अझै सन्देह नै छ ।

जब भाइरस कुनै पनि जीवित कोषमा टाँसिन पुग्दछ, आफ्नो पूरा शरीर (चित्र नं. २) वा अणुवांशिक तत्व मात्रै (हेर्नुहोस् चित्र नं. ३) त्यस कोषभित्र पठाउँछ र आश्रयदाता कोषकै सम्पूर्ण मेशिनरी प्रयोग गरेर भाइरसको अणुवांशिक तत्वले आफ्ना प्रतिलिपि तत्वहरु बनाउन थाल्दछ । हरेक नयाँ प्रतिलिपि तत्वलाई प्रोटिनले घेर्न समेत त्यसै कोषलाई आदेश दिन्छ (हेर्नुहोस् चि.नं. ४) । यसरी सम्पूर्ण कोष नयाँ भाइरसद्वारा भरिन जान्छ । त्यसपछि नयाँ भाइरसहरु सो कोष बाहिर निस्कन्छन् र अरु स्वस्थ कोषहरुलाई छेड्न थाल्छन् । अनि यो प्रक्रिया पटकपटक दोहोरिन्छ । यस क्रियाकलापमा पुरानो आश्रयदाता कोष सामान्यतया नष्ट हुने गर्छ (चि.नं. ५) ।

यस्ता भाइसरहरु मध्ये एउटा भाइरसको नाम हो एबोला भाइरस ।

**के कति ज्ञात छ एबोला भाइरस बारे ?**

डा. पिटर पिओटसमेत रहेको टीमले १९७६ मा जायरमा कार्य गर्दाखेरि एबोला भाइरस पत्ता लागेको हो । त्यतिबेला जायरमा र १९७९ मा सुडानमा यसको महामारी फैलिएको थियो । जायरको उत्तरपट्टि पर्ने एबोला नदीको नाम दिइएको यस भाइरसलाई Filovirus परिवारमा राखिएको छ । एबोलाको परिवारमा Ebola Zaire, E. Sudan/Marburg गरी तीनवटा किसिमहरु (Strains) राखिएको पाइन्छ । सम्भवतः यसको एउटा नयाँ किसिम पनि हालसालै पत्ता लागेको छ । Marburgले चाहिं पश्चिम जर्मनीमा र युगोस्लाभियामा १९६७ मा ३१ वटा संक्रमण गरेको थियो ।

एबोला सामान्य छुवाछुतले सर्दैन, रोगीको श्रावजनित तरल पदार्थको छुतबाट मात्रै यो सर्न र फैलन सक्तछ । AIDS को विमारी ल्याउने जीवाणु HIV भाइरस पत्ता लाग्नुअघि यही एबोला भाइरस नै सबैभन्दा डरलाग्दो र घातक ठानिन्थ्यो । हुन पनि यसबाट संक्रमित मध्ये ९०% को मृत्यु भइसकेको छ । रोग यति खतरनाक हुन्छ कि थलिएको ९ दिन भित्रमा रोगी मर्दछ । मर्नुअघि अमेरिकी फिल्म "Outbreak"मा देखाएजस्तो संझदै पनि आङ्ग जिरिङ्ग गर्ने विभत्स दृश्य देखिन्छ, त्यो हो शरीरका हरेक प्वालबाट त्वातत्वाती रगत निस्किनु !

**कस्तो हुन्छ एबोलाजनित रोगको लक्षण ?**

पखाला लाग्नु, शारीरिक कमजोरी, मांसपेशीमा पीडा, शरीरभरी दाग, उच्च ज्वरो, लीम्फ र रक्तकेशिका नष्ट हुनु र तीव्र रक्तश्राव हुनु एबोलाजनित रोगका लक्षणहरु हुन् । सामान्य रुघासरहको पहिलो लक्षण संक्रमणको तीन दिनभित्रमा देखा पर्दछ । त्यसपछि भाइरस जोडतोडकासाथ आफ्ना प्रतिलिपिहरु निर्माणमा व्यस्त हुन्छ । रोगीका रक्तकेशिकाहरु मृत रक्तकोषहरुले थुनिन थाल्दछन् । फलतः छाला रगडिएजस्तो हुने, फोका उठ्ने र अंततः भिजेको कागज सरह गल्दै जाने दृश्य सामुन्ने आउँछ ।

छैठौं दिनदेखि आँखा, कान र नाकबाट बेरोकटोक रगत बग्न शुरु गर्दछ र रोगीले आंतरिक अंग प्रत्यङ्गको विघटित वा छ्यालब्याल् भएको कालो मैलो छाद्न थाल्दछ । ९ औं दिनमा उसको मृत्यु हुन्छ ।

**कसरी भयो महामारीको शुरुवात ?**

किनफूमु नाम गरेको ३६ वर्षीय ल्याव टेक्निशीयन किकविटको मुख्य अस्पतालमा पखाला लाग्ने र ज्वरो आउने रोग लाग्यो भनेर दाखिला भयो । तर पनि उसलाई विसेक नभएकोले डाक्टरहरुसमेत चिन्तित हुँदै गए । चौथो दिन अर्थात् यही १४ अप्रिल १९९५ का दिन उसको मृत्यु भयो । त्यतिन्जेलसम्म उसको सारा शरीर पानी पानी भइसकेको थियो ।

यही प्रक्रियामा उसको स्याहार गर्ने एक परिचारिका संक्रमित भईन् । उनलाई ७० मील पश्चिममा पर्ने अर्को शहरमा पठाइयो । उनी पनि त्यहीं मरिन् । किनफूमुको संसर्गमा आएका अरु परिचारिकाहरुको पनि भटाभट मृत्यु भयो । यसरी मर्ने स्वास्थ्यकर्मीहरुको संख्या दश पुग्यो ।

महामारीको रुप लिंदै गरेको यस रोगले विश्व स्वास्थ्य संगठनलाई खबर गरियो । डाक्टरहरुको एउटा टोली जेनेभाबाट किकविटतर्फ लाग्यो । जब उनीहरु किकविटको त्यो मुख्य अस्पतालमा पुगे, त्यतिखेरसम्म अति सिकिस्त भएर हिंड्ने नसक्ने रोगीबाहेक प्रायः सबैजसो रोगीहरुले अस्पताल त्यागिसकेका थिए । डाक्टरहरुले १६ वटा रक्तनमूनाहरु परीक्षणको लागि एटलान्टास्थित रोग नियन्त्रण तथा रोकथाम केन्द्रमा पठाए । रक्त नमूनाहरुमा त्यस्ता जीवाणुहरु पाइयो, जो १९७६ मा पत्तालागेको Ebloa संग ठ्याक्कै मिल्दथे । नभन्दै सबैले शंका गरेझैं महामारी फैलाउने जीवाणु भ्दयबि नै ठहरियो ।

**एबोला संक्रमणको उद्गम के हो ?**

कुन कारणबाट यस प्रकारको एबोला महामारीको बिस्फोट भएको हो- त्यो अहिलेसम्म पत्ता लाग्न नसक्नु चिन्ताको विषय भएको छ । सामान्यतया बाँदरहरुमा पाइने एबोला के कति कारणले मान्छेमा प्रवेश गर्‍यो अझै, रहस्यकै गर्भमा लुकेर रहेको छ । किनफूमु भन्ने व्यक्ति मरेपछि थाहा लाग्यो- अस्पताल भर्ना हुनुअघि ऊ हीरा खोज्न यूगाण्डा गएको थियो । हुन सक्छ, त्यहाँ बाँदरबाट भाइरस उसको शरीरमा प्रवेश गर्‍यो ।


तर पाश्चर इन्स्टीच्यूटका डाक्टर डेविड सिम्पसन चाहिँ बाँदरहरु एबोलाका प्राकृतिक संचय भण्डार हुन् भन्ने कुरा मान्दैनन् । उनकाअनुसार

एबोलाको प्राकृतिक संचयगृह छुचुन्द्रो वा चमेरो हुन सक्छ, जसबाट बाँदर अनि मान्छे संक्रमित हुने गर्दछन् । प्रकृतिमा एबोला भाइरस त्यस्तो वातावरणीय सन्तुलित स्थानमा लुकेर वा निस्कृय भएर बसेका हुन्छन्, जहाँ मनुष्यको पहुँच सामान्यतया: कम हुन्छ । तर यो स्पष्टसंग पत्ता लाग्नु अझै बाँकी छ कि कहाँ यिनीहरु असरहीन अवस्थामा रहेका छन् र के कारणले यिनको बिस्फोटन हुन्छ ।


**एबोला फैलने डर !**

एबोला जायरबाट अन्यत्र सर्न र फैलन सक्छ कि सक्तैन ?


- यो अहिले विश्व मानव समुदायको चिन्ताको विषय भएको छ । एबोला हावाजनित भयो भने वा सिंगान खकारबाट सऱ्यो भने ? यस्ता प्रश्नहरु स्वाभाविक रुपमा उठ्न सक्छन् । प्रत्यक्ष र अति निकट संसर्गबाहेक यस्ता कारणले मात्रै एबोला नफैलने राय विशेषज्ञहरुको छ । किनभने यी परजीवीमात्र हुन्, व्याक्टेरियासरह स्वतन्त्र जीवनयापन गर्न पनि सक्तैनन् । अनि हावामा निस्के भने पनि केही मिनेट बेसीभन्दा यिनीहरु जीवित रहन पनि सक्तैनन् । किनभने वायुमण्डलमा रहेको परावैजनी किरणले यस्ता भाइरसलाई नष्ट पारिदिन्छ ।



चित्र नं. १




चित्र नं. २



चित्र नं. ४


चित्र नं. ५
नयाँ भाइरस निस्कदा आश्रयदाता कोष भत्किन्छ



चित्र नं. ३

तर जायरकै अरु शहरहरु र छिमेकी देशहरुमा भने व्यक्ति-व्यक्तिको श्रावजनित संसर्गबाट सर्न सक्तछ । किनकि किकविटबाहेक अन्य दुई शहरहरु मुसाङ्गो र यासावोङ्गामा पनि यो महामारी फैंलदै गएको पाइएको छ । अन्यत्र सारिएका रोगीहरुको छुतकै कारण फैलेको यस महामारीको रोकथाम वा नियन्त्रणको उपाय पनि त्यति सरल छैन ।

जायरबाट अन्यत्र तेस्रो मुलुकका राजधानी - शहरहरुमा चाहिँ एबोला त्यति सजिलै नपुग्ला, किनकि रोगीलाई प्लेनमा चढेर अर्को देश पुग्नसक्ने समय नै रहन्न भनेर 'दि हट जोन'का लेखक पनि बताउँछन् ।

**उपाय/उपचार**

एबोला यति खतरनाक छ- लाग्ने बित्तिकै मरिहाल्छ । रोग लाग्नुभन्दा मरिन्छ भन्ने भय खतरनाक हुने हुँदा मानिसहरु प्राय: शहर छाड्दै भाग्ने गरेको पाइन्छ । हुन पनि यो रोग विरुद्ध ज्ञात उपचार छैन, खोप पनि उपलब्ध छैन । चिकित्साकर्मीहरु अझै मरिरहेका छन् । रोग नियन्त्रणमा आउनुअघि अझै थुप्रै ज्यानहरु गइसक्ने तथ्य पनि टड्कारो छ । आ-आफ्नो घरबाट बाहिर ननिस्कीएर एबोलासँग जम्काभेटको अवसर नदिनु नै नजान्नेलाई श्रीखण्ड सावित हुनेछ ।

**भाइरस संक्रमणमा को जिम्मेवार ?**

छिटोछिटो र अव्यवस्थित रुपले भएको शहरीकरणका कारण थुप्रै मानिसहरु एकै ठाउँमा जम्मा हुने र रोगको बिस्फोटन बढी सरल हुने कुरोमा सबै विशेषज्ञहरुको राय एक छ । किनभने भाइरसहरुको महामारीको निमित्त अत्यन्त ठूलो जनघनत्व जरुरी हुन्छ । उदाहरणार्थ दादुरा संक्रमणको पूरा सिक्री तयार हुन करीब २,५०,००० सक्षम आश्रयदाताको जरुरत हुन्छ भन्ने आंकडा खोजकर्ताहरुले निकालेका छन् ।

ब्यापक वातावरणीय असंतुलनका कारण कल्पना नै गर्न नसक्ने खालका असरहरु देखा पर्दछन् । जंगली अवस्थालाई हानी पुग्नाले चुपचाप रहिरहेका कतिपय रोगका जीवाणुहरु मानिसको बस्तीमा प्रवेश गर्दछन् र महामारी फैलाउँछन् ।

खानेपानी र जनस्वास्थ्यको दयनीय अवस्थाले थुप्रै रोगहरुलाई फष्टाउने मोका दिइरहेको हुन्छ । जायरमा अत्यन्त नराम्रो खानेपानीको अवस्था त छँदैछ । त्यसमाथि पनि अस्पतालहरुको फोहोरले रोगको उपचार हैन, यसका कीटाणुको लागि प्रजननगृहको काम गरिरहेको रिपोर्ट स्वास्थकर्मीको छ । त्यसैले मध्य अफ्रिकामा भएका तीनवटामध्ये दुईवटा एबोला बिस्फोटन यही जायरको अस्पतालमा हुनु मात्र आकस्मिकता वा संयोग होइन ।

**आशाको नयाँ किरण**

एकजना ३४ वर्षीय स्वीट्जरल्याण्ड निवासी प्राणीशास्त्री गत साल नोभेम्वरमा अफ्रिकी बाँदरहरु (Chimpanzee) को अत्यधिक मात्रामा मृत्यु भएकोले त्यसको कारण पत्ता लगाउने सिलसिलामा त्यहाँ गएकी थिइन् । मृत बाँदरहरुको शरीर जाँच (Autopsy) गर्दा उनले रगत पनि छोइन्, संक्रमित भइन् र बिरामी परिन् । उनलाई तुरुन्तै स्वीट्जरल्याण्ड लगियो र अस्पतालमा सामान्य उपचारपछि उनी तंग्रिइन् । अहिले उनको रगत फ्रान्सको पाश्चर इन्स्टीच्यूटमा परीक्षण गर्दा के पत्ता लागेको छ भने- निज महिलाको रगतमा एबोलाको नयाँ जाति (New Strain of Ebola) विद्यमान छ । यसबाट एउटा सम्भावनाको जन्म भएको छ- एबोलामाथि खोपद्वारा विजय प्राप्त गर्न सकिनेछ । यो खोप तिनै स्वीस प्राणीशास्त्री महिलाको रगतबाट उपलब्ध हुनसक्ने सम्भावनामाथि खोज हुँदैछ ।

**नेपालीको लागि पाठ**

हामीहरु पनि छिटो छिटो र अव्यवस्थित शहरीकरणलाई दुरुत्साहित गरिरहेका छैनौ । वातावरण प्रदुषण रोक्न कटिबद्ध देखिदैनौं । शहरमाझमा छाडा छोडिएका गाईहरुको बारेमा बोल्यो भने पनि राजनीतिनै गरेको देख्दछौं । जंगली जनावर र मानिसको बस्तीबीच अन्तर्क्रिया कम गराउन प्रयत्न गरिरहेका छैनौं । दाउराको निहुँमा जंगल समाप्त पारिरहेकाछौं र जंगलको वातावरण पनि लोप गराउँदैछौं । विभिन्न निर्माण कार्यका कारण जैव बनस्पतिको संतुलन बिगार्दैछौं । खानेपानीका ट्यांकीहरुमा कुहिएका र सडेका अवयव पाइएमा आश्चर्य मान्दैनौं । खानेपानीको पाईप र मलमूत्रको पाईप एकैठाउँबाट हिंडाउँछौं । अस्पतालहरुमा डाक्टरको ब्यवस्था गर्न सक्तैनौं । भइरहेका अस्पतालहरुको अवस्था सुधार्ने चेष्टा गरिरहेका छैनौं । यो स्थितिमा हाम्रो शहरमा वा बस्तीमा पनि यस्तो महामारी नहोला भन्न सकिंदैन । महामारीको लागि जायरबाटै र एबोला भाइरस नै आउनुपर्छ भन्ने कुनै जरुरी छैन । ❑

**पाठकको प्रश्न - नेताको उत्तर**

## सांस्कृतिक क्रान्ति के हो ?


*निर्मल लामाज्यू, नेकपा एकता केन्द्र- पूर्ण कम्युनिज्म प्राप्तिका लागि जनक्रान्तिको बाटो अवलम्बनको पक्षमा रहेका हामी केही विद्यार्थीहरु हौं । त्यसैले कुनै पनि ठाउँमा हुने गरेका, लेखिने गरेका सिद्धान्त, जनसंघर्ष, वर्ग संघर्ष, सशस्त्र संघर्षआदि कुराहरु चाख लिएर सुन्ने, पढ्ने गर्दछौं । त्यस्तो प्राय: जसो ठाउँहरुमा 'सांस्कृतिक क्रान्ति' शब्द उल्लेख गरिएको हुन्छ । तर हामीलाई यससम्बन्धमा केही पनि ज्ञान छैन । सांस्कृतिक क्रान्ति भनेको के हो ? नेपालमा यो हालसम्म भएको छ कि छैन ? तपाईंहरुको पार्टीले यस सम्बन्धमा कुनै किसिका प्रयासहरु गरेको, गरिरहेको छ कि छैन ? र यसको आवश्यकता के कति छ ? यस सम्बन्धमा मूल्याङ्कनमार्फत केही प्रकाश पारिदिनु हुन्छ कि ?*

***- सुरेश बज्राचार्य र साथीहरु***
***बाडेगाउँ, ललितपुर ।***

***निर्मल लामाको जवाफ-***

मान्छेको संस्कृति भनेको उत्पादनको साधनसँगको उसको सम्बन्धले निर्धारित गर्छ । जस्तै सानो जमीनको आफैं मालिक हुनु वा सानो पसले वा सानो कर्मचारी हुनुले व्यक्तिवादी संस्कृति हुर्कन्छ र आर्थिक दिंदासमेत हाकिम भएस् भनिन्छ । यस्तो म र मेरो भन्ने संस्कृतिलाई हामी पूँजीवादी व्यक्तिवादी संस्कृति भन्छौं । तर यिनै वर्गहरुबाट सुकुम्बासी हुँदै कारखानामा पुगेका मजदूर वर्गले कारखानाको अनुशासन र सामूहिक कार्यद्वारा; सामाजिक, अझ प्रष्ट भन्दा बैज्ञानिक समाजवादी विचारको आवश्यकता स्वत: अनुभव गर्छ । मजदूर वर्गको समूहमा काम गर्ने भावनाको विचारलाई नै म सांस्कृतिक क्रान्ति ठान्छु ।

यस्तो सांस्कृतिक क्रान्ति नेपाली वामपन्थी आन्दोलनमा सचेत रुपमा भएको छैन भन्दा हुन्छ । तर पनि मजदूर वर्गले विश्व परिवर्तन गर्ने क्रममा आफैलाई पनि परिवर्तन गर्छ भनेजस्तै हामी पनि आन्दोलनको क्रममा आफैंलाई पनि परिवर्तन गर्दै जानेछौं र अन्तमा नेपाली समाजलाई पनि परिवर्तन गर्नेछौं । प्रश्नको निम्ति धन्यवाद । स्थानको कमीले यतिमात्रै, विस्तृत छलफल भेटेर गरौं, हुन्न ?






### वाम एकता नहुनुको कारण के हो ?

विचार अन्तर्क्रियामुखी मासिक **मूल्याङ्कनले** विश्व कम्युनिष्ट आन्दोलनका सन्दर्भमा रोचक विवरणहरु प्रस्तुत गरेर वामपन्थी कार्यकर्ताहरुको उत्साह बढाउने प्रशंसनीय काम त गरेको छँदैछ, साथसाथै विभाजित नेपाली कम्युनिष्ट आन्दोलनका नेताहरुलाई एउटै मञ्चमा उभ्याएर अन्तर्क्रिया गराई भावनात्मक एकताको निम्ति पहलकदमी पनि गरेको छ। यसको निम्ति **मूल्याङ्कन** परिवारलाई धन्यवाद !

मूलतः चिराचिरा भएर चोइटिएको नेपाली कम्युनिष्ट आन्दोलन एकीकृत हुन नसकेकोमा जनता कम्युनिष्टहरुलाई सराप्दैछन्। विगतका दुईवटा संसदीय चुनावहरुमा कम्युनिष्टहरुकाबीच न्यूनतम रुपमै भए पनि सहमति कायम भई तालमेल हुन सकेको भए यतिबेला देशले बेग्लै रुप धारण गरिसक्ने थियो, तर हाम्रा कमरेडहरुको यसतर्फ ध्यान नगएको हो कि किन हो एकपछि अर्को गल्ती थपिँदै गइरहेको छ। फेरि पनि मध्यावधि आएको छ तर हाम्रा कमरेडहरुले वाम एकताको निम्ति कुनै पहलकदमी गरिरहनु भएको छैन। अर्को तर्फ दक्षिणपन्थी जमातहरु एकगठ हुने अभ्यास गर्दैछन्। के यति बेला वाम पक्षधर जनता, कार्यकर्ता, नेता र पार्टीले एकताको निम्ति अगाडि बढ्नु जरुरी छैन र ?

गताङ्कमा **मूल्याङ्कनले** "के आगामी सरकार वाम सरकार हुन सक्छ ?" शीर्षकको आवरण कथालाई विशेष महत्व दिएकोमा हामी पाठकहरु प्रसन्न छौं, किनभने मूल्याङ्कनले जनता, कार्यकर्ता र नेताको ध्यान यसतर्फ आकर्षित गरेको छ। अब वामसमर्थक जनता, कार्यकर्ता र नेताले विगतका गल्तीहरुलाई महसूस गर्दै पूर्ण वाम सरकार बनाउने ऐतिहासिक दायित्वलाई पूरा गर्ने बेला आएको छ। कोही नेता हठी र महत्वाकांक्षी छन् भने र एकताको बाधक भएर तेर्सिन्छन् भने जनताले तिनीहरुलाई पाता कसेर आफ्नो नियन्त्रणमा लिनुपर्छ। शक्ति र प्रभावको आधारमा एकले अर्कालाई सहयोग गरोस्, एउटाले अर्काको खुट्टा नतानोस्, धारे हात पारेर नसरापोस् !

**मूल्याङ्कनले** वाम एकताको औचित्य साबित गर्ने जमर्को त गरेको छ, तर यसतर्फ कुरा मात्रै भइरहेका छन्, अब काम पनि हुनु पर्‍यो। सबैले एउटै मञ्चमा बसेर सोच्नु पर्‍यो- वाम एकता नहुनुको कारण के हो ? यस पटक पनि वाम एकता हुन सकेनभने, संसद्मा वाम बहुमत भएनभने इतिहासले धिकार्नेछ, जनताले सराप्ने छन् र शहीदका आत्मा रुनेछन्।

**-भीमप्रसाद अधिकारी,**
**विदुरकुमार अधिकारी, सिन्धुली।**

पूर्णाङ्क २९मा प्रकाशित **मूल्याङ्कनको** 'के वामपंथीहरुले गएका चुनावहरुबाट पाठ सिक्लान् ?' भन्ने लेखले दुईवटा चुनावमा धोखा खाएर पनि घैंटामा घाम नलागेका नेपाली वामपंथीहरुलाई झक्झक्याउने जुन कार्य गरेको छ, त्यो सराहनीय छ। आफू-आफूमा वामपंथीहरु झगडा गरी दुई वा दुईभन्दा बढी वाम उमेदवार एउटै क्षेत्रमा उठाएर कहिलेसम्म प्रतिक्रियावादीहरुलाई जिताउने मूर्खता वामपार्टी नेताहरुले गरिरहन्छन्, त्यो कुरा हामी जस्ता शुभचिन्तकहरुले कहिलेसम्म हेर्नुपर्ने हो ? प्रश्न अनुत्तरित नै छ।

वास्तवमा कुरो सीधा छ। जुन निर्वाचन क्षेत्रमा जुन वाम पार्टीको संगठनात्मक स्थिति राम्रो छ, त्यहाँ सबै पार्टीहरुले उक्त पार्टीलाई सघाएर 'एक ठाम: एक वाम' नीति अपनाएको भए न त अहिले मध्यावधिमा जानु पर्ने बाध्यता आइपर्थ्यो, न त प्रतिक्रियावादीहरुको आडमा ६/६ महिना सरकार चलाउनु पर्थ्यो। खै ! जनताको सदिच्छा यी नेताहरुले कहिले बुझ्ने हुन् कुन्नि ! अहम्, हठ नलिई ठण्डा दिमागले खुल्ला हृदय नेताहरुले लिए त कुरै सिद्धिन्थ्यो।

नेपालको बिजुली भारतमा बेच्नेबारेको जीवन्त रिपोर्ट राम्रो लाग्यो। सदा झैं अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनबारे मूल्याङ्कनले पाठकहरुलाई सुसूचित गरिरहोस्, वाम एकताबारे सदैव पहल गरिरहोस्, यही शुभकामना।

**-नवीनचन्द्र आचार्य 'विप्लव'**
**इन्द्रपुर-४, हरैंचाभोड, मोरङ**

विशेषतः वामपन्थी समाजमा लोकप्रिय यस पत्रिका सान्दर्भिक र खोजपूर्ण लेखले गर्दा सर्वाधिक लोकप्रिय बन्न सफल भएको छ। यस पत्रिकाको विशेषता विशेषगरी ३ किसिमका छन्-

❑ छरिएर रहेका कम्युनिष्ट पार्टीहरुलाई एकै थलोमा राखी अन्तर्क्रिया गराई वाम एकताको लागि जनमत तयार पार्ने ❑ वामपन्थी पार्टीहरुले गरेका गल्ती कमजोरीहरुलाई स्पष्ट रुपमा औंल्याईदिने ❑ अन्तर्राष्ट्रिय कम्युनिष्ट गतिविधिको बारेमा ताजा समाचार र खोजपूर्ण लेख छापी दिने !

हालैको पूर्णाङ्क २९ राम्रो लाग्यो। 'हाय हाय....खडेरी' शीर्षकअन्तर्गत नैतिकताको अनिकाल सर्वहारा राजनेतामा पनि ....आफ्नो स्वार्थलाई धुरी बनाउने कुरो ज्यादै सान्दर्भिक लाग्यो ! यसको लागि धन्यवाद !

जसरी **मूल्याङ्कनले** विगतकालदेखि आफ्नो भूमिका सफलतापूर्वक निर्वाह गर्दै आइरहेको छ, त्यसरी नै निकट भविष्यमानै हुन गइरहेको मध्यावधि निर्वाचनलाई ध्यानमा राखी वामपन्थीहरुलाई एकै थलोमा राखी वाम एकता गराउने विगतको क्रमलाई निरन्तरता दिइयोस्।

**नवराज ढकाल र लेखनाथ न्यौपाने चितवन, पिठूवा-३**

### तालिबानबारे एमाले सरकारलाई थाहा छ ?

असार अंकको आँखीझ्यालमा प्रकाशित "तालिबान छापामारहरु किन र कहाँबाट संचालित छन् ?" भन्ने रोचक लेख उल्लेखनीय लाग्यो। सो लेखमार्फत तालिबान छापामारसम्बन्धी धेरैजसो जानकारी दिनमा प्रस्तुतकर्ता सफल देखिनु भएको छ। पाकिस्तानले आफ्नो स्वार्थपूर्तीको लागि तालिबान छापामारहरुलाई नेपाल जस्तो शान्तिक्षेत्र र सानो देशलाई प्रयोगमा ल्याइरहेको कुरा हामी शन्तिप्रिय नेपालीलाई अप्रिय लागिरहेको छ। यस किसिमको क्रियाकलाप भइरहेको कुरा एमाले सरकारलाई जानकारीमा छैन कि वा जानकारी भएर पनि कुनै किसिमको कदम नचालाएको हो ? हामी नेपाली जनताहरु प्रश्न उठाउन चाहन्छौं।

यस्तै दीपक बैद्यजीद्वारा प्रस्तुत लेख "अमेरिका र जापान-ब्यापार युद्ध किन हुँदैछ" मार्फत विश्वभरि खुलाबाजार अर्थतन्त्र र आर्थिक उदारबादको चर्को वकालत गर्ने अमेरिकाको आन्तरिक नीति उजागर भएको छ। अमेरिकाको यस किसिमको ब्यवहारले ऊ एकमात्र पूँजीवादी तानाशाह बन्ने चेष्टा गरिरहेझैं भान हुन्छ।

श्याम श्रेष्ठद्वारा लिइएको भारतीय समाजवादी एकता केन्द्र (SUCI) का महासचिव क. नीहार मुखर्जीको विशेष अन्तर्वार्तामार्फत SUCI सँग सम्बन्धित र अन्य जानकारीहरु पढ्न पाएकोमा धन्यवाद ! फेरि फेरि यस्तै विश्व कम्युनिष्ट आन्दोलनका सफल ब्यक्तित्वहरुसँगको विशेष अन्तर्वार्ता पढ्न् पाउने आशा राख्दै अझ ज्ञानबर्द्धक र उपयोगी लेखहरु बढाउनेतर्फ **मूल्याङ्कनले** ध्यान देओस !

**-गोविन्दकृष्ण श्रेष्ठ, रत्ननगर-२, टाँडी, चितवन**
**हाल : त्रि.वि. कीर्तिपुर काठमाडौं**

### मेरो प्रतिभामाथि शंका लाग्छ भने.........

असारको मूल्याङ्कनको 'पाठकको कुरो' मा रत्न सांगपांगले 'महिमाले लेखको महत्व बुझिनन्' भन्नु भएको रहेछ। उहाँलाई मेरो प्रतिभामाथि शंका लाग्छ भने मलाई मेरो विद्यालयमा आएर भेट्न सक्नु हुन्छ वा मेरोबारेमा मेरा शिक्षकवर्गसँग सोध्न सक्नु हुन्छ। र मेरो नामबाट अरु कसैले उक्त कुरा लेखेको हो भन्ने कुरा उहाँले नसोच्नु भए पनि हुन्छ।

**महिमा अधिकारी, कक्षा : ८,**
**लिट्ल एन्जल्स स्कूल**

### साउदी अरबमा अरुण तेस्रो !

भन्ने गर्दछन्, काम छिट्टो गर समयले मानिसलाई पर्खदैन, तर आज मलाई समयले होइन, **मूल्याङ्कन** पत्रिकाले नपर्खी रजत वर्ष मनाएछ ! यत्तिको समय गएछ, तर मैले भने दुईवटा मात्र **मूल्याङ्कन** पढ्न पाएँ ! **मूल्याङ्कनले** रजत वर्ष मनाएकोमा सम्पूर्ण परिवारमा बधाइ छ।

२६ अंकमा उषा श्रेष्ठद्वारा लेखिएको महिला मजदूरहरुको समस्या र समाधानसम्बन्धी लेख राम्रो लाग्यो। यस्तै लेख लेखेर गाउँ गाउँ पुर्‍याउन अनुरोध छ। अरुण तेस्रोबारेमा अक्सर गरेर हाम्रो यहाँ यस विषयमा तर्क वितर्क हुँदा झगडा नै हुन्थ्यो। नेपालले किन यसलाई रोक्यो ? अहिले आएर हामी सबैलाई यस प्रश्नको उत्तर मिल्यो, साह्रै खुशी लाग्यो। हामी यसको बारेमा वी.वी.सीबाट त सुन्थ्यौ तर शंका लाग्थ्यो, किनकी वी.वी.सी पनि देशहरुको झोला बोक्ने हो। यसको लागि इन्जिनियर विकास पाण्डे र **मूल्याङ्कन** पत्रिकालाई बधाइ छ। साथै यसमा विश्व घटनाचक्रका सबै लेखहरु अति नै राम्रो लाग्यो। नेपालमा प्रगतिशील फिल्महरु बन्न शुरु भएछन्, यसलाई हालको सरकारले संरक्षण गर्नुपर्छ। यस्तो फिल्ममाथि सेन्सर गरेको कुरा सुन्दाचाहिं ज्यादै दुःख लाग्यो। नेपालका हलहरुमा नांगा हिन्दी फिल्म देखाउँदा हुने, तर प्रगतिशील चाहिं सेन्सर गर्नुपर्ने ! यसको विरोधमा सबैले आवाज उठाउनुपर्छ।

**-किरणप्रभात लिम्बु; आठराई, तेह्रथुम**
**हाल- दमाम, साउदी अरब**

### पर्दा/रंगमञ्च स्तम्भ खोइ ?

अंक २९मा नियमित स्तम्भ "पर्दा/रंगमञ्च" नराखिएकोले नुन बेगरको तरकारी जस्तो अनुभव गरें। के यो स्तम्भ नराख्नु सम्पूर्ण कलाकार तथा संगीतप्रेमीहरुलाई उपेक्षा गरेको भएन र ? यस स्तम्भलाई नराख्दा जनताका कलाकारहरुले कसरी जनतामाझ अन्य पूँजीवादी कलाकारहरुसँग प्रतिस्पर्धा गरी आफ्नो स्थान कायम गर्न सक्छन् र ?

यसरी स्तम्भ घटाउनुको बदला, सम्भव भए ब्यक्ति-ब्यक्तित्व स्तम्भ थप गरी बिभिन्न विश्व कम्युनिष्ट आन्दोलनका नेता-कार्यकर्ताहरु तथा नेपाली कम्युनिष्ट आन्दोलनका सेनानीहरुको ब्यक्तित्व पढ्ने मौका दिए सुनमा सुगन्ध हुने थियो कि ?

**नरेन्द्र राई, पथरी-७, सुजना टोल, मोरङ**

पूर्णाङ्क २९ मा प्रकाशित सम्पादकीय विशेष रुचिकासाथ पढियो। साथै प्रधान सम्पादक श्याम श्रेष्ठद्वारा प्रस्तुत "राजाद्वारा मध्यावधि चुनावको घोषणा किन ?" लेख पढ्न पाउँदा ज्यादै प्रफुल्लित भएँ। साथै आजकल पर्दा/रंगमञ्चबारे सामाग्रीहरु त्यति देखिँदैनन् किन होला ?

**-मञ्जुला श्रेष्ठ 'मिलन', ताहूँ-८, पाल्पा**

### कालो बोकाको बली


अंक २९मा दीपक प्रधानज्यूले पाठक प्रतिक्रियाको प्रत्युत्तरमा "के कम्युनिष्टहरु धर्म मान्दछन् ?" भन्ने लेख धेरै राम्रो लाग्यो। हालका प्रधानमन्त्री क. मनमोहन अधिकारीज्यूले आफू प्रधानमंत्री भएपछि बालुवाटार प्रवेश गर्दा कालो बोकाको बलि चढाउनु, क. मोदनाथ प्रश्रितज्यूले मंत्री भएपछि होम गर्नु र क. विद्यादेवी भण्डारीज्यूले सेतो वस्त्र लगाउनु- के अज्ञानता, न्यून चेतना र वैज्ञानिक नियम थाहा नपाएकै परिणाम हुन् त ? होइन भने मार्क्सवाद-लेनिनवादको सिद्धान्तअनुरुप रहेका नेताहरुको क्रियाकलाप यस्तै हुन्छ त ? कस्ता मान्छेलाई मार्क्सवादी वैज्ञानिक दृष्टिकोण भएको भन्ने र कस्ता मान्छेलाई नभएको भन्ने ?

नेपालको परिप्रेक्ष्यमा ने.क.पा. (एमाले) विशाल पार्टीको रुपमा अगाडि आएको छ। यही पार्टीका अगुवा नेताहरुले अवैज्ञानिक र न्यून चेतनास्तरको काम गर्न कहाँसम्मको मार्क्सवाद-लेनिनवादसंगत कुरा हो ?

**-यमनाथ शर्मा "कँडेल", बागलुङ जिल्ला, काँडेबास गा.वि.स., (गल्कोट) हालः कारागार शाखा बागलुङबाट**


# सन्तानको रहर पुगिसकेपछि गर्ने स्थायी उपाय

## (बन्ध्याकरण)



### ल्यापरोस्कोपी / मिनिल्याप

- सन्तानको रहर पुगेपछि एकपटक गरे पुग्ने
- घरिघरि संझिरहनु नपर्ने
- एकपटक गरेपछि सँधैको लागि ढुक्क हुने



### भ्यासेक्टोमी

- ५–१० मिनेटमा नै सजिलैसँग गर्न सकिने
- सदाको लागि ढुक्क हुने
- लामो समयसम्म आराम गर्न नपर्ने
- बन्ध्याकरण गरेर २० पटकसम्मको सहवासमा कण्डम प्रयोग गर्नुपर्छ

**ध्यान राखौं :**

- बन्ध्याकरणको कारणबाट ढाड दुख्दैन
- बन्ध्याकरण गरे पनि पहिलाकै जस्तो काम गर्न सकिन्छ
- बन्ध्याकरण गरेको एकहप्तापछि स्वास्थ्य संस्थामा जँचाउन जानुपर्छ

## निम्न साधन र सेवा लिन सम्पर्क राखौं

| साधन | स्थान |
|---|---|
| कण्डम | स्वास्थ्य कार्यकर्ता, स्वास्थ्य संस्था, औषधि पसल |
| पिल्स | घुम्ती शिविर, गाउँघर क्लिनिक |
| डिपोप्रोभेरा | स्वास्थ्य संस्था, गाउँघर क्लिनिक |
| नरप्लान्ट | अस्पताल |
| कपर टी | अस्पताल |
| बन्ध्याकरण | अस्पताल / घुम्ती शिविर |

राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र / UNFPA

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

# बोर्डिङ्ग पास - समयको उपहार


एक बृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन् । छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन् । बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको पुष्पक विमान को परिकल्पनामा मग्न छिन् ।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुःख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन् । अहिले उनको हातमा रहेको उडान बोर्डिङ्ग पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ ।

बोर्डिङ्ग पास - अमुल्य समयको उपहार ।

देशको कुना काप्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने